*अन्तिम मसौदा*

# प्रथम आवधिक योजना

## २०७८/७९ - २०८२/८३



**बेलकोटगढी नगरपालिका**

नगरपालिकाको कार्यालय

बाघखोर नुवाकोट

बागमती प्रदेश, नेपाल

मङसिर, २०७८

**बेलकोटगढी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**बाघखोर नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

# धन्यवाद ज्ञापन

नेपालको संविधानले व्यक्त गरेको भावना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले योजना तर्जुमा गर्ने सम्बन्धमा गरेको व्यवस्था, राष्ट्रिय योजना आयोगले जारी गरेको आवधिक योजना तर्जुमा दिग्दर्शन २०७५ र पन्ध्रौं योजनाको मूलभूत पक्ष अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट बेलकोटगढी नगरपालिकाको आवधिक योजना तयार गरिएको छ । यस नगरपालिकाले प्रथम आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ ।

बेलकोटगढी नगरपालिकाले योजनाबद्ध विकासद्वारा आर्थिक सामाजिक समृद्धिका निमित्त "कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धिः बेलकोटगढीको समृद्धि" भन्ने दीर्घकालिन सोच सहित आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मका लागि प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

आवधिक योजना तर्जुमामा उपप्रमुख श्री कविता ढुंगानाज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधिहरू, नगर सभाका सदस्य, बुद्धिजीवी एवं विभिन्न संघ-संस्थाहरू प्रति वहांहरूको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसैगरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दीपक प्रसाद खतिवडा लगायत सबै कर्मचारीप्रति धन्यवाद प्रकट गर्दछु ।

यस महत्वपूर्ण कार्यमा योगदान पुऱ्याउनु भएकोमा पूर्णिमा परियोजना (Mott MacDonald/DFID) कार्यक्रमका सिनियर गभर्नेन्स मेनेजर श्री सन्तोष विष्ट, श्रीमती सीमा रजौरिया, श्री सरोज श्रेष्ठ, योजना सल्लाहकार श्री कमल खनाल तथा परामर्शदाता सेमिड नेपाल (CEMID, Nepal) का श्री गंगादत्त अवस्थी लगायत विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूको सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

**राजेन्द्र रमण खनाल**

**प्रमुख**

**मङसिर, २०७८**

**बेलकोटगढी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**बाघखोर नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

# आभार व्यक्त

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधीनमा रही यस नगरपालिकाले आफ्नो प्रथम पाँच वर्षे आवधिक विकास योजना तर्जुमा गरि कार्यान्वयनको प्रतिवद्धता सहित प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। यस आवधिक विकास योजना तर्जुमाका बिभिन्न चरणमा संलग्न सवै वडा अध्यक्षहरू कार्यपालिकाका सवै सदस्यहरू, विषयगत समितिहरू, विषयगत शाखा प्रमुख लगायत सम्पुर्ण कर्मचारीहरू र पुर्णिमा परियोजनाका तर्फवाट यस नगरपालिकाकायोजना तथा सुशासन सल्लाहकार र ईन्जिनियर सवै लाई उहाँहरूको सहयोग र सहकार्यका लागी धन्यवाद दिन चाहन्छु। प्रत्यक्ष अप्रत्यक्ष सहयोग र सहकार्य गर्ने सम्वद्ध सम्पुण पक्षहरूप्रति मेरो व्यक्तिगत तथा बेलकोटगढी नगरपालिकाको तर्फवाट आभार व्यक्त गर्न चाहन्छु।

"कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धि : बेलकोटगढीको समृद्धि" भन्ने दीर्घकालिन सोच सहित निर्माण भएको यस आवधिक योजनाको सफल कार्यान्वयनले समग्र नगरपालिकाको मुहार फेर्ने कुरामा हामी सवै आशावादी छौं। यसको सफल कार्यान्वयनमा यहाँहरूको भुमिका अझै महत्वपुर्ण र सकारात्मक रहने विश्वास लिएको छु। यसका लागी सवैको सहयोग , सहकार्य र सदभाव हाम्रा लागी अपरिहार्य छ। अन्तमा, यो आवधिक विकास योजना दस्तावेज निर्माणमा सहयोग गर्ने पूर्णिमा परियोजना (Mott Mac Donald) को सम्पूर्ण टीम र परामर्शदाता सिमेड नेपालको प्राविधिक टीम लाई विशेष धन्यवाद दिन चाहन्छु ।

**कविता ढुंगाना**
**उपप्रमुख**
**मङसिर, २०७८**

**बेलकोटगढी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**बाघखोर नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

# आभार व्यक्त

बेलकोटगढी नगरपालिकाको योजनाबद्ध विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ। बेलकोटगढी नगरपालिकाको योजनाबद्ध विकासद्वारा समस्त नगरबासीको जीवनस्तर सुधारको लागि "कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धि : बेलकोटगढीको समृद्धि" भन्ने दीर्घकालीन सोच सहित आर्थिक वर्ष २०७८ /७९ देखि २०८२/८३ सम्मका लागि बेलकोटगढी नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ ।

यस आवधिक योजना निर्माणका लागि नेतृत्वदायी भूमिका खेल्नुहुने बेलकोटगढी नगरपालिकाको अध्यक्ष्य, उपाध्यक्ष्य, वडा अध्यक्ष्यहरू लगायत सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारी मित्रहरू धन्यवादका पात्र छन्। यस योजना निर्माणका सन्दर्भमा नगरपालिकालाई निरन्तर सहयोग र सहजिकरण गर्ने पूर्णिमा परियोजनाको समग्र टीम र परामर्शदाता विज्ञ समूहका सदस्यहरूप्रति आभार प्रकट गर्न चाहन्छु।

अन्तमा यस नगरपालिकाले तर्जुमा गरेको आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सदभाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु।

**दीपक प्रसाद खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**
**मङसिर, २०७८**

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नम्बर |
|---|---|---|
| १ | **परिच्छेद - १ : परिचय** | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | योजना तर्जुमाको उद्देश्य | १ |
| १.३ | आवधिक योजना तर्जुमा विधि तथा प्रक्रिया | १ |
| १.४ | आवधिक योजना तर्जुमाका आधारहरू | २ |
| १.५ | संघीय र प्रदेश योजनासँग तादात्म्यता | ३ |
| १.६ | हालसम्मको विकास समिक्षा | ३ |
| १.७ | सीमाहरू | ५ |
| २. | **परिच्छेद - २ : नगरपालिकाको वस्तुगत विवरण** | ६ |
| २.१ | भौगोलिक अवस्थिति | ६ |
| २.२ | जनसंख्या, जातजाति र धर्म | ६ |
| २.३ | आर्थिक स्थिति | ७ |
| २.४ | सामाजिक स्थिति | ८ |
| २.५ | भौतिक पूर्वाधार | ८ |
| २.६ | वन वातावरण | ९ |
| २.७ | सुशासन र संस्थागत विकास | १० |
| | **खण्ड - एक : आवधिक योजना तर्जुमा** | |
| ३. | **परिच्छेद - ३ : दीर्घकालीन सोच/दूरदृष्टि उद्देश्य र लक्ष्य** | १२ |
| ३.१ | पृष्ठभूमि | १२ |
| ३.२ | सबल, कमजोर पक्ष तथा अवसर र चुनौती विश्लेषण | १२ |
| ३.३ | दीर्घकालीन सोच | १४ |
| ३.४ | समष्टिगत लक्ष्य | १४ |
| ३.५ | समष्टिगत उद्देश्य | १४ |
| ३.६ | रणनीति | १४ |
| ३.७ | परिमाणात्मक लक्ष्य | १५ |
| ३.८ | विकासमा क्षेत्रगत भूमिका | १५ |
| ४ | **परिच्छेद - ४ : समष्टिगत आर्थिक नीति** | १८ |
| ४.१ | कुल गार्हस्थ उत्पादन र क्षेत्रगत योगदान | १८ |
| ४.२ | कुल गार्हस्थ उत्पादनको मूल्य अभिवृद्धि र लगानी | १९ |
| ४.३ | सार्वजनिक क्षेत्रको लगानी र खर्च व्यहोरिने स्रोतहरू | २१ |
| ५. | **परिच्छेद - ५ : आर्थिक विकास** | २९ |
| ५.१ | कृषि तथा पशुपन्छी विकास | ३० |

| | | |
|---|---|---|
| ५.२ | पर्यटन | ३४ |
| ५..३ | उद्योग, व्यापार तथा व्यवसाय | ३७ |
| ५. ४ | बैंक, वित्तीय तथा सहकारी विकास | ४० |
| ५.५ | श्रम तथा रोजगार | ४३ |
| ६. | **परिच्छेद - ६ : सामाजिक विकास** | ४७ |
| ६.१ | शिक्षा | ४७ |
| ६.२ | आधारभूत स्वास्थ्य र पोषण | ५१ |
| ६.३ | खानेपानी तथा सरसफाइ | ५५ |
| ६.४ | लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग | ५८ |
| ६.५ | युवा तथा खेलकुद | ६३ |
| ७. | **परिच्छेद - ७ : पूर्वाधार विकास** | ६७ |
| ७.१ | यातायात पूर्वाधार क्षेत्र | ६७ |
| ७.२ | भवन, आवास तथा बस्ती विकास क्षेत्र | ७० |
| ७.३ | सिँचाइ तथा नदी नियन्त्रण | ७३ |
| ७.४ | विद्युत् तथा वैकल्पिक ऊर्जा | ७६ |
| ७.५ | सूचना तथा सञ्चार प्रविधि | ७८ |
| ८. | **परिच्छेद - ८ : वन वातावरण तथा विपद् व्यवस्थापन** | ८१ |
| ८.१ | वन, वातावरण, जैविक विविधता तथा फोहरमैला व्यवस्थापन | ८१ |
| ८.२ | जलवायु परिवर्तन र विपद् व्यवस्थापन | ८५ |
| ९. | **परिच्छेद- ९ : सुशासन तथा संस्थागत विकास** | ८८ |
| ९.१ | सुशासन तथा संस्थागत विकास | ८८ |
| ९.२ | योजना तथा तथ्याङ्क | ९३ |
| ९.३ | आन्तरिक राजश्व परिचालन | ९७ |
| ९.४ | अनुगमन तथा मूल्याङ्कन | १०२ |
| १० | **परिच्छेद - १० : नतिजा खाका** | १०८ |
| १०.१ | पृष्ठभूमि | १०८ |
| १०.२ | एकीकृत नतिजा खाका | १०९ |
| १०.३ | विषयगत नतिजा खाका | ११४ |
| | **खण्ड - दुई : पुनरुत्थान ढाँचा** | |
| ११ | **परिच्छेद: ११ : आर्थिक पुनरुत्थान योजना** | १३८ |
| ११.१ | आर्थिक पुनरुत्थान योजना | १३८ |
| ११.२ | विषयगत पुनरुत्थान योजना | १४४ |
| | **खण्ड - तीन : मध्यमकालीन खर्च संरचना** | |
| १२ | **परिच्छेद १२ : मध्यमकालीन खर्च संरचना** | १६१ |

| | | |
|---|---|---|
| **तालिकाहरू** | | |
| १.१ | विभिन्न क्षेत्रको वस्तुस्थिति | ४ |
| ३.१ | आवधिक योजनाको परिमाणात्मक लक्ष्य | १६ |
| ४.१.१ | कुल गार्हस्थ उत्पादन | १९ |
| ४.१.२ | कुल गार्हस्थ उत्पादन वृद्धि | २० |
| ४.१.३ | कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान | २० |
| ४.२.१ | मूल्य अभिवृद्धि | २१ |
| ४.२.२ | सीमान्त पुँजी उत्पादन | २१ |
| ४.२.३ | विभिन्न क्षेत्रको लगानी | २२ |
| ४.३.१ | सार्वजनिक खर्चको क्षेत्रगत प्रक्षेपण | २४ |
| ४.३.२ | नगरपालिकाको संचित कोष अन्तर्गत आयको प्रक्षेपण | ३१ |
| १०.२.१ | एकीकृत नतिजा खाका | १२६ |
| १०.३.१ | आर्थिक विकासको नतिजा खाका | १३१ |
| १०.३.२ | शिक्षा क्षेत्रको नतिजा खाका | १३८ |
| १०.३.३ | स्वास्थ्य क्षेत्रको नतिजा खाका | १४० |
| १०.३.४ | सरसफाइ क्षेत्रको नतिजा खाका | १४१ |
| १०.३.५ | लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग क्षेत्रको नतिजा खाका | १४२ |
| १०.३.६ | युवा तथा खेलकुद नतिजा खाका | १४५ |
| १०.३.७ | यातायात क्षेत्रको नतिजा खाका | १४७ |
| १०.३.८ | आवास तथा बस्ती विकास क्षेत्रको नतिजा खाका | १४८ |
| १०.३.९ | सिँचाइ तथा नदी नियन्त्रण क्षेत्रको नतिजा खाका | १४९ |
| १०.३.१० | विद्युत तथा ऊर्जा क्षेत्रको नतिजा खाका | १५० |
| १०.३.११ | सञ्चार क्षेत्रको नतिजा खाका | १५१ |
| १०.३.१२ | वन, वातावरण जैविक विविधता क्षेत्रको नतिजा खाका | १५२ |
| १०.३.१३ | सुशासन तथा संस्थागत क्षेत्रको नतिजा खाका | १५३ |
| १२.१ | मध्यमकालीन सार्वजनिक खर्चको क्षेत्रगत प्रक्षेपण | १६३ |
| १२.२ | मध्यमकालीन संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरण | १६५ |
| १२.३ | मध्यमकालीन प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण | १६५ |
| १२.४ | मध्यमकालीन आन्तरिक राजस्वको प्रक्षेपण | १६६ |
| १२.५ | मध्यमकालीन सार्वजनिक खर्च | १६७ |
| १२.६ | मध्यमकालीन खर्च योजनाः आर्थिक विकास योजना | १६८ |
| १२.७ | मध्यमकालीन खर्च योजनाः शिक्षा | १७४ |
| १२.८ | मध्यमकालीन खर्च योजनाः स्वास्थ्य | १७५ |

| | | |
|---|---|---|
| १२.९ | मध्यमकालीन खर्च योजनाः लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग | १७६ |
| १२.१० | मध्यमकालीन खर्च योजनाः युवा तथा खेलकुद | १७७ |
| १२.११ | मध्यमकालीन खर्च योजनाः यातायात | १७७ |
| १२.१२ | मध्यमकालीन खर्च योजनाः आवास बस्ती विकास | १७८ |
| १२.१३ | मध्यमकालीन खर्च योजनाः सिँचाइ तथा नदी नियन्त्रण | १७९ |
| १२.१४ | मध्यमकालीन खर्च योजनाः बिद्युत् तथा बैकल्पिक ऊर्जा | १७९ |
| १२.१५ | मध्यमकालीन खर्च योजनाः सञ्चार क्षेत्र | १८० |
| १२.१६ | मध्यमकालीन खर्च योजनाः वन, वातावरण जैविक विविधता क्षेत्र | १८० |
| १२.१७ | मध्यमकालीन खर्च योजनाः सुशासन तथा सेवा प्रवाह | १८१ |
| **चित्रहरू** | | |
| ४.३.१ | बजेटको विभाजन | २२ |
| ४.३.२ | विकास बजेटको क्षेत्रगत बाँडफाँड | २३ |
| ४.३.३ | आवधिक योजना अवधिमा वित्तीय स्रोत परिचालन | २५ |
| ४.३.४ | आवधिक योजनाको लागि आन्तरिक स्रोत परिचालन | २८ |
| **अनुसूचीहरू** | | |
| १ | सार्वजनिक खर्चको क्षेत्रगत प्रक्षेपण | १८२ |
| २ | संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरण | १८४ |
| ३ | प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण | १८५ |
| ४ | आन्तरिक राजस्वको प्रक्षेपण | १८६ |
| ५ | परियोजना बैंक | १८७ |
| ६ | बेलकोटगढी नगरपालिकाको प्राथमिकताका योजनाहरू (नक्सामा) | १८९ |
| ७ | एकीकृत नगर विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरूको विवरण | १९१ |
| ८ | बेलकोटगढी नगरपालिकाको नक्सा | १९४ |
| ९ | आवधिक योजना तर्जुमासँग सम्बन्धित दृश्यहरू | १९५ |
| १० | आवधिक विकास योजना तर्जुमा कार्यक्रमका चरण/कार्ययोजना | २०१ |

# परिच्छेद- १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय शासनमा सहभागिता, जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारितासँगै विकास प्रक्रियालाई द्रुततर तुल्याई जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ । सहकारिता, समन्वय र सहअस्तित्वका आधारमा संचालन हुने स्थानीय शासन प्रक्रियामा जनसहभागिता र साझेदारीको मर्मलाई उच्च महत्व दिइएको छ । स्थानीय सरकार सञ्चालनको लागि संविधान प्रदत्त अधिकारको प्रयोग र कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तर्जुमा भई कार्यान्वयनमा रहेको छ। यसै ऐनमा सम्बन्धित नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा विकासका लागि आवधिक विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने समेत व्यवस्था गरिएको छ। नेपालको संविधान अन्तर्गत स्थानीय शासन सम्बन्धी व्यक्त गरेको भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने व्यवस्था, राष्ट्रिय योजना आयोगले जारी गरेको आवधिक योजना तर्जुमा दिग्दर्शन २०७५, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्ष अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट बेलकोटगढी नगरपालिकाको पहिलो आवधिक योजना (२०७८/७९-२०८२/८३) तर्जुमा गरिएको छ ।

## १.२ आवधिक योजना तर्जुमाका उद्देश्य

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न नगरपालिकामा उपलब्ध स्रोत, साधन र प्रयास एवं प्रादेशिक तथा संघीय सरकार बाट प्राप्त आर्थिक, वस्तुगत तथा प्राविधिक सहयोगलाई एकीकृत तथा व्यवस्थित रूपमा परिचालन गर्दै “कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धिः बेलकोटगढीको समृद्धि” भन्ने नगरपालिकाको सोचलाई व्यबहारमा उतार्दै संघीय राज्य व्यवस्था अन्तर्गत स्थानीयस्तरको आर्थिक तथा सामाजिक विकास संस्थागत रूपले तीव्र गतिमा अघि बढाउनु यस आवधिक योजनाको मुख्य उद्देश्य रहेको छ ।

## १.३ आवधिक योजना तर्जुमा विधि तथा प्रक्रिया

यस आवधिक योजना तर्जुमा गर्दा निम्न प्रक्रिया अपनाइएको छ ।

क) आवधिक योजना तर्जुमा गर्ने क्रममा नगरपालिकाका पदाधिकारीहरूसँग पूर्व तयारी बैठक सञ्चालन गरेको ।

ख) आवधिक नगरविकास योजनाको अवधारणात्मक अभिमुखीकरण र सर्वेक्षकहरूलाई सफ्टवेयरमा आधारित "एप्स" बाट तथ्यांक संकलन सम्बन्धी तालिम दिइनुका साथै समग्र आवधिक योजना तर्जुमा कार्यको कार्य तालिका तयार गरेको ।

ग) सूचना संकलन गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको घरधुरी सर्वेक्षण कार्यविधि अवलम्बन गरेको । जसअनुसार Ko BO Collect नामक software बाट घरधुरी सर्वेक्षण गर्ने क्रममा नगरपालिकाका सम्बद्ध सम्पर्क व्यक्ति र पूर्णिमा परियोजनाका नगरपालिकामा संलग्न सल्लाहकारलाई सर्वेक्षण विधि वारे काठमाण्डौमा तालिम प्रदान गरेको । सर्वेक्षणका लागि नगरपालिकाले छनौट गरेका १३ वटा वडाका लागि २४ जना सर्वेक्षकलाई बेलकोटगढीमा तालिम प्रदान गरी तथ्यांक संकलन गर्ने कार्य गरेको ।

घ) बागमती प्रदेश नीति तथा योजना आयोगले सहजीकरण गरी २०७७।१२।१० गते नुवाकोटको विदुरमा जिल्ला र प्रदेशस्तरीय कार्यालयसँग सूचना आदान प्रदान सम्बन्धी छुट्टाछुट्टै बैठक आयोजन गरेको । उक्त बैठकमा नगरपालिकाकाका जिम्मेवार निर्वाचित पदाधिकारी र पूर्णिमा कार्यक्रमका योजना सल्लाहकार र बरिष्ट क्षमता विकास विशेषज्ञ समेतको उपस्थिति रहेको ।

ङ) सोच कार्यशालाः आवधिक योजना तर्जुमाको क्रममा मिति ०७८ श्रावण २८ देखि २९ सम्म सोच कार्यशालाको आयोजना गरेको । कार्यशालाका प्रमुख क्रियाकलापहरूबाट प्राप्त उपलब्धि यस प्रकार रहेका छन्-

- आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन विषय क्षेत्र गरी पांच विषयक्षेत्रगत समितिको संलग्नतामा तत्तत् क्षेत्रगत मस्यौदा तयार भएको ।
- नगरपालिकाको समस्या विश्लेषण एवं सबल र कमजोर पक्ष तथा अवसर र चुनौतीहरूको विषयगत समूहमा रही विश्लेषण गरिएको ।
- नगरपालिका विकासको अवधारणा सहितको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र नगर विकासका विषयगत कार्यक्रमको प्राथमिकता समेत निर्धारण गरिएको ।
- विषयगत क्षेत्रका अपेक्षित परिणाम, उपलब्धि र तिनका मापनका सूचकांकहरूको निर्धारण गरिनुका साथै समूह कार्यबाट प्रमुख कार्यक्रम र विषय क्षेत्रगत अनुमानित बजेट प्रक्षेपण गरिएको ।
- आवधिक योजना तर्जुमा सम्बन्धी कार्ययोजना अध्यावधिक गरिएको ।

## १.४ योजना तर्जुमाका आधारहरू

बेलकोटगढी नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा निम्न आधारहरू अपनाइएका छन् :

- नेपालको संविधान,

- पन्ध्रौं पञ्चवर्षीय योजना,
- दिगो विकासका लक्ष्यहरू तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरू,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- नेपाल सरकारका क्षेत्रगत नीतिहरू, विषयगत रणनीतिहरू,
- बिपद व्यवस्थापन सम्बन्धी नेपाल सरकारका नीतिहरू,
- नेपाल सरकार संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयका निर्देशनहरू,
- बागमती प्रदेशको आवधिक योजना,
- बागमती प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू,
- स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजीवी, निजी क्षेत्र, गै.स.स. तथा नागरिक समाजबाट प्राप्त सुझावहरू,
- महिला अधिकार महासन्धिको नेपाल सरकारलाई दिइएको निष्कर्ष सुझाव २०७५,
- राजस्व सुधार कार्ययोजना तथा व्यवसाय विकास योजना।

## १.५ संघीय र प्रादेशिक योजनासँगको तादात्म्यता

पन्ध्रौं पञ्चवर्षीय योजना र प्रादेशिक योजनाको लक्ष्य, उद्देश्य र रणनीतिसँग तादात्म्यता कायम हुने गरी यस आवधिक योजनाका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्धारण गरिएका छन् । सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धतालाई नगरपालिका तहमा आत्मसात् र स्थानीयकरण गर्ने प्रयास गरिएको छ। यस्तै विकासका अन्तरसम्बन्धित विषय जस्तै वातावरण परिर्बतण, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन र बालमैत्री शासन जस्ता विषयहरूलाई सम्बोधन गरिएको छ ।

## १.६ हालसम्मको विकासको समीक्षा

विकास समीक्षा बास्तबमा आधार वर्ष (आ.व २०७४/७५) सँग तुलना गरेर गर्नुपर्ने हो तर आधार वर्षको तथ्यांक उपलब्ध नभएकोले आ.व २०७७/७८ को स्थिति मात्र उल्लेख गरिएको छ। आधार वर्ष (आ.व २०७४/७५) को तथ्याक उपलब्ध भएमा यस परिच्छेदमा सोही अनुसार सुधार हुनेछ।

यस नगरपालिकाको विकासको अवस्थालाई विश्लेषण गर्दा कुल गार्हस्थ्य उत्पादन आ ब २०७७/७८ मा करिब रु २४५.२२ करोड रहेको अनुमान छ । वार्षिक आर्थिक वृद्धिदर १.२७ प्रतिशत, प्रतिव्यक्ति आय अमेरीकी डलर ५३.४, साक्षरता ७४.८५ प्रतिशत, विद्युतमा पहुँच भएको घरपरिवार ९५ प्रतिशत र बेरोजगारी १८ प्रतिशत रहेको छ ।

भौतिक पूर्वाधारका दृष्टिले नगरपालिका केन्द्रसम्म बाह्रै महिना यातायात सेवा चल्ने गरी सडक यातायातको पहुँच पुग्नका साथै सबै वडाहरू कच्ची सडकबाट जोडिएका छन् । यस नगरपालिकामा ट्र्याक खोलेका सडकमा पहुँच भएका घरधुरी ८७.२६ प्रतिशत रहेको छ र कुनै प्रकारको सडकसँग पहुँच नभएको घरधुरी २.४१ प्रतिशत रहेको छ ।

कोभिड-१९ को दोस्रो लहरसँगै बन्दाबन्दीको अवस्था झेल्न पर्दा उद्योग, कलकारखाना, यातायात, होटेल, रेस्टुँरा र अन्य सेवा प्रदायक संस्थाहरू र उत्पादनका इकाईहरू शिथिल हुन पुगेका छन् । उत्पादन र विकास निर्माणका कामहरू तथा राजस्व संकलन यस अवधिमा प्रभावित हुन पुगेका छन् । निर्माण लगायतका सामानहरूको आपूर्ति सीमित मात्रामा भएको छ । दैनिक ज्यालादारी गरेर जीवन निर्बाह गर्ने श्रमिक वर्ग, फुटपाथमा पसल थाप्ने, साना चिया पसल तथा खुद्रा पसल सञ्चालक, र अनौपचारिक क्षेत्रमा काम गर्ने बढी प्रभावित हुन पुगेका छन् ।

यस नगरपालिकाको विभिन्न क्षेत्रको विकासको स्थिति तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं १.१ विभिन्न क्षेत्रको वस्तुस्थिति**

| क्र.सं. | विवरण | एकाइ | आ.व २०७७/७८ |
|---|---|---|---|
| १ | गार्हस्थ्य उत्पादन | रु. करोड | २४५.२२ |
| २ | वार्षिक आय प्रतिव्यक्ति | युएस डलर | ५३९.४ |
| ३ | बेरोजगारी | प्रतिशत | १८ |
| ४ | साक्षरता दर | प्रतिशत | ७४.८ |
| ५ | रु. एक लाखभन्दा कम आम्दानी भएको परिवार | प्रतिशत | ४९ |
| ६ | रु. १० लाखभन्दा बढी आम्दानी भएको परिवार | प्रतिशत | १.२५ |
| ७ | खाद्यान्न उत्पादन | मे. टन | २५८२५ |
| ८ | नगदे बाली उत्पादन | मे. टन | २५७०७ |
| ९ | दूध उत्पादन | हजार लिटर | ८४३८ |
| १० | मासु उत्पादन | मे. टन | ४९९८ |
| ११ | आफ्नै कृषि उत्पादनले आत्मनिर्भर परिवार | प्रतिशत | ३१.२ |
| १२ | ३० मिनेटभन्दा कम समयमा नजिकको स्वास्थ्य केन्द्रमा परिवारको पहुँच | प्रतिशत | १९.९ |
| १३ | सम्पूर्ण खोप लगाएका बालबालिका | प्रतिशत | १०० |
| १४ | परिवार नियोजनको प्रयोग दर | प्रतिशत | ३२.७ |
| १५ | संस्थागत सुत्केरी | प्रतिशत | २८ |
| १६ | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९३१ |
| १७ | कुल रोजगारीमा महिलाको हिस्सा | प्रतिशत | २०.७३ |
| १८ | घरजग्गा मात्र महिलाको स्वामित्व | प्रतिशत | १०.३३ |
| १९ | पाइपद्धारा वितरित पानी उपभोग गर्ने परिवार | प्रतिशत | ६५ |
| २० | बिजुली व्यवस्था भएको घरधुरी | प्रतिशत | ९५ |
| २१ | मोबाइल फोन प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ५० |
| २२ | सर्वयाम सडक | किमि | ५९ |
| २३ | कालोपत्र सडक | किमि | ६० |

| | | | |
|---|---|---|---|
| २४ | ग्राभेल सडक | किमि | १२ |
| २५ | धुले सडक | किमि | ६५० |
| २६ | ट्र्याक खोलेका सडकमा पहुँच भएका घरधुरी | प्रतिशत | ९७ |

### १.७ सीमाहरू

१. आवधिक योजना तर्जुमाका क्रममा कोभिड-१९ ले बन्दाबन्दीको अवस्था सृजना भएकाले छलफल र अन्तरक्रियाका कार्यहरू सीमित मात्र हुन गयो ।

२. बन्दाबन्दी र सीमित संख्यामा मात्र उपस्थित हुन सक्ने सरकारी मापदण्डको परिवेशमा योजना तर्जुमा गोष्ठीहरूको समय सीमा र उपस्थितिमा सीमितता रह्यो ।

३. संक्रमणका कारण घरधुरी सर्वेक्षण समेत प्रभावित हुँदा अपेक्षित तथ्याङ्कको कमी रह्यो ।

४. पुराना गाविस एक आपसमा गाभिएर नगरपालिका बनेकाले पुराना तथ्याङ्हरू प्राप्त हुन सकेनन र जिल्लास्थित कार्यालयहरूका तथ्याङ्कहरू समेत पालिकागत रूपमा तयार हुन नसकेकाले सीमित सूचनाका आधारमा योजना तर्जुमा गर्नुपर्ने अवस्था सृजना भयो ।

५. आवश्यक कतिपय प्रत्यक्ष सूचकहरूको कमी भएको हुनाले परोक्ष (proxy) सूचकहरू प्रयोग गरिएको ।

# परिच्छेद- २

# नगरपालिकाको वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति

बेलकोटगढी नगरपालिका बागमती प्रदेश नुवाकोट जिल्लाको पश्चिम दक्षिण भेगमा पर्दछ । साविक गा.वि.स. हरू दुईपीपल, रातमाटे, कुमरी, बेलकोट, जिलिङ, मदानपुर (१-६ र ९) समेतलाई समावेश गरी बेलकोटगढी नगरपालिका गठन भएको हो । यस नगरपालिकामा १३ वटा वडाहरू छन् । बेलकोटगढीको क्षेत्रफल १५५.६ वर्ग किलोमीटरमा छ ।बेलकोटगढीको उत्तरी भाग काठमाडौं- त्रिशूली सडक सञ्जालसँग जोडिएको छ र यस सञ्जाल अन्तर्गत उत्तर पूर्वमा ककनी र काठमाडौं र उत्तरमा रसुवा जिल्लालाई जोडदछ । नगरपालिकाको दक्षिणी भागलाई गल्छी-त्रिशूली-रसुवागढी सडकले जोड्दछ । काठमाडौं-भीमढुङ्गा-गगनपानी सडकले समेत नगरपालिकाको दक्षिण भागलाई जोड्दछ । यो नगरपालिका मध्य पहाडी भागमा पर्ने भएकोले यसको भू-बनोट भिरालो छ । पत्रेदार चट्टान र पत्रेदार परिबर्तित चट्टानहरूले भू-बनोट बनेको छ । यस नगरपालिकामा माटोको बनावट मुख्यतः चिम्टाइलो, दोमट, बलौटे, तथा रातो देखिन्छ । यस नगरपालिकाको पूर्वमा ककनी गा.पा., पश्चिममा तारकेश्वर गा.पा. र धादिङ जिल्ला उत्तरमा विदुर न.पा., लिखु गा.पा. र तारकेश्वर गा.पा. र दक्षिणमा धादिङ जिल्ला रहेको छ ।




## २.२ जनसंख्या, जातजाति र धर्म

### जनसंख्या

यस नगरपालिकाको जनसंख्या ४७,६८८ रहेको छ, जसमध्ये पुरुष, महिला र तेस्रो लिङ्गी क्रमशः ५१.२२, ४८.७ र ०.०८ प्रतिशत रहेको छ (घरधुरी सर्वेक्षण २०७७ अनुसार)। यस नगरपालिकामा ९०९६ घरपरिवार रहेका छन् । जस अनुसार औषत घरपरिवार संख्या ५.२६ छ । यहाँको जनसंख्या वृद्धिदर

१.२७ प्रतिशत रहेको छ । यहाँ आर्थिक रूपले सक्रिय जनसंख्या ४७.८० प्रतिशत रहेको छ ।

### जातजाति भाषाभाषी

यस नगरपालिकामा ब्राह्मण, तामाङ, क्षत्री, नेवार, गुरुङ मगर, सुनार, विश्वकर्मा, घले आदि जातजातिहरू क्रमशः ४०.५८, २७.७३, ७.२१, ५.०३, ३ं.१५, २.१२, २.५९, ०.६९, ०.०९ प्रतिशत छन् र अन्य विविध जातजाति ९.९६ प्रतिशत रहेका छन् । मातृभाषाका रूपमा नेपाली बोल्ने ७४.८ प्रतिशत र तामाङ भाषा बोल्ने २३.९९ प्रतिशत छन् । यस बाहेक आफ्नो मातृभाषा बोल्ने अन्य भाषिक समूह पनि रहेका छन् ।

### धर्म

यस नगरपालिकामा हिन्दु धर्मावलम्बी, बौद्धमार्गी र क्रिश्चियन क्रमशः ७५.४, २२.२७ र २.०३, प्रतिशत छन् । यस वाहेक किरात, वोन र अन्य धर्मावलम्बी पनि केही संख्यामा बसोबास गर्दछन् ।

## २.३ आर्थिक स्थिति

यस नगरपालिकाको कुल गार्हस्थ्य उत्पादन आव २०७७ ७८ मा करिब रु. २४५.२२ करोड रहेको अनुमान छ । वार्षिक आर्थिक वृद्धिदर १.२७ प्रतिशत र प्रतिव्यक्ति आय अमेरिकी डलर ५३९.४ अनुमान गरिएको छ । कृषि तथा पशुपन्छी पालन नै यहाँको जीविकोपार्जनको मुख्य आधार हो । त्यसको अतिरिक्त साना व्यवसाय तथा वैदेशिक रोजगार आम्दानीको स्रोत हो ।

यस नगरपालिकामा ७५.४२ प्रतिशत परिवार कृषि पेशामा संलग्न रहेका छन् । निजीक्षेत्रले १२.०९ प्रतिशतलाई रोजगारी दिएको छ भने सरकारी वा सार्वजनिक क्षेत्रमा २.३७ प्रतिशतले रोजगारी पाएका छन् । व्यापार तथा उद्योग क्षेत्रले ४.५४ प्रतिशतलाई रोजागारी प्रदान गरेको छ । यहाँका ३.२४ प्रतिशत युवा तथा युवतीहरू रोजगारीको लागि भारत, मलेशिया, दुबई, कतार आदि देशहरूमा जाने गरेका छन, त्यहाँबाट आउने विप्रेषण रकम रु. १२ करोड २४ लाख अनुमान छ ।

यस नगरपालिकामा वार्षिक रु. एक लाखभन्दा कम आम्दानी भएर्को परिवार ४९% छन भने रु. १० लाख भन्दा बढी आम्दानी हुने परिवार १.२५% छन् । आफ्नै कृषि उत्पादनले ९ महिनाभन्दा अवधि खान पुग्ने, ७ देखि ९ महिना सम्म खान पुग्ने, ४ देखि ६ महिना सम्म खान पुग्ने र ३ महिना भन्दा कम खान पुग्ने परिवार क्रमश ३१, २२.८, ३३.६ र १२ प्रतिशत रहेका छन् ।

### आधारभूत सेवा सुविधा

यस नगरपालिकामा ३८ प्रतिशत घरधुरीले सार्वजनिक पाइपको पानी प्रयोग गरेका छन् । निजी धाराको रूपमा खानेपानी प्रयोग गर्ने घरधुरी २६.५१ प्रतिशत रहेको छ भने ढुङ्गेधाराको पानी प्रयोग गर्ने घरधुरी २५.४ प्रतिशत रहेको छ । सबै वडाहरूमा विद्युत् लाइनको व्यवस्था गरिएको छ र करिव ९५ प्रतिशत घरधुरीमा विजुलीको व्यवस्था छ । खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार ८१.७ प्रतिशत रहेको छ । एलपी ग्यास प्रयोगकर्ता १७.२६ प्रतिशत र बायोग्यास प्रयोगकर्ता ०.७८ प्रतिशत छन् ।

यस नगरपालिकामा सूचना तथा सञ्चारको पहुँचको अवस्था राम्रै रहेको देखिन्छ । आम सञ्चारको रूपमा टेलिफोन लाइनको विस्तार गरिएको अवस्था नभए पनि एनसिएल तथा नेपाल टेलिकमबाट सञ्चारको

सुविधा विस्तार गरिएको छ । यहाँ एउटा इलाका हुलाक कार्यालय पनि रहेको छ । नगरपालिकाको कार्यालयमा सञ्चारका सम्पूर्ण सुविधाहरू उपलब्ध छन् भने सबै वडा कार्यालयहरूमा इन्टरनेट सुविधा पुगेको छ । ५० प्रतिशत मानिसहरूको हातमा मोबाईल फोन रहेको छ ।

## २.४ सामाजिक स्थिति

### शैक्षिक अवस्था

यस नगरपालिकामा साक्षर जनसंख्या ७४.८६ प्रतिशत छन् । आधारभूत तह (१ देखि ८ कक्षा) मा २९.८१ प्रतिशत, माध्यमिक तहमा (९ देखि १२ कक्षा सम्म) २४.३३ प्रतिशत र स्नातक तहमा ५.४८ प्रतिशत विद्यार्थीहरू छन् । छात्र २११५ तथा छात्रा १८३९ गरी जम्मा ३९५४ छात्रछात्राहरू विभिन्न तहमा अध्ययनरत रहेका छन् ।

कोभीड-१९ को कारणले ६.४८ प्रतिशत विद्यार्थीले विद्यालय छोडेको विवरण घरधुरी सर्वेक्षणबाट प्राप्त भएको छ । विद्यालय बन्द रहेको अवधिमा ७८.९२ प्रतिशत परिवारले बालबालिकाहरूको अनलाइन शिक्षा चालु गरेका छन् । प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक गरी जम्मा ५५ विद्यालयहरू रहेका छन् । विद्यालयहरूमा शौचालयको व्यवस्था गरिएको भएता पनि विद्यार्थीमैत्री शौचालयको भने कतिपय स्थानमा अभावनैछ ।

### स्वास्थ्य सेवा

यस नगरपालिकामा ११ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । वडा नं १, ३, ४,५,६,७,८,९,१०,११, र १२ मा स्वास्थ्य संस्था छन् । यस नगरपालिका पूर्ण खोपयुक्त नगरपालिकाका रूपमा घोषणा भैसकेको छ । एच.ए., अनमी तथा अहेवबाट संचालित ४ वटै स्वास्थ्य संस्थाहरूमा सुत्केरी सुविधा उपलब्ध छ । वडा नं. ८ मा रहेको स्वास्थ्य संस्थाबाट एम्बुलेन्सको सुविधा संचालन भएपनि अन्य स्वास्थ्य संस्थामा एम्वुलेन्सको सुविधा छैन । आधारभुत स्वास्थ्य सेवा बाहेकका अन्य सेवा उपलब्थ नभएकोले यहाँका मानिसहरू उपचारका लागि त्रिशुली अस्पताल वा अन्य स्थानमा जानुको विकल्प छैन । यस नगरपालिकामा १० मिनेटभन्दा कम समयमा स्वास्थ्य केन्द्रमा पुग्न सक्ने, ३० मिनेट भन्दा कम समयमा पुग्न सक्ने, ६० मिनेटभन्दा कम समयमा पुग्न सक्ने र र १ घण्टाभन्दा बढी समयमा नजिकको स्वास्थ्य केन्द्रमा पुग्न सक्ने घरधुरी क्रमशः ८.९५, १९.९१, २२.७१, ४८.४३ प्रतिशत रहेका छन् ।

## २.५ भौतिक पूर्वाधार

यस नगरपालिकामा पक्की सडक, ग्राभेल सडक, ट्र्याकमात्र खोलेको सडकमा पहुँच भएका घरधुरी क्रमश ६.९१, ३.४ र ८७.२८ प्रतिशत छन् । कुनै प्रकारको सडकमा हालसम्म पहुँच नभएका घरधुरी २.४१ प्रतिशत छ । नगरपालिकामा कालोपत्रे सडक, ग्राभेल सडक र धुले सडक क्रमश ६० कि.मी.,१२ कि.मी. र ६५० कि.मी. रहेको छ । शहरी सडकहरू बाहेक सवै सडकहरू सुख्खा मौसममा मात्रै सञ्चालनमा रहन्छन् ।

नगरपालिकाको यातायात गुरुयोजना तयार भएको छ । सडकको इन्भेण्ट्री सर्बेक्षण गरेर वडा नं १ देखि वडा नं १३ सम्मको अभिलेख तयार भएको छ । यस नगरपालिका हुदै पासाङल्हामु राजमार्ग र गल्छी-त्रिशूली राजमार्गले केही वडा छिचोल्दै जाने हुनाले नगरपालिकाका धैरै सडकहरूको शुरु बिन्दु यिनै राजमार्गबाट भएको छ ।

## २.६ वन वातावरण

यस नगरपालिकाको २५ प्रतिशत भूभाग वन क्षेत्रले ढाकेको छ। सामुदायिक वन ३४२३.८६ हेक्टर र निजी वन ४.५ हेक्टर रहेको छ । यस नगरपालिकामा ४८ ओटा समुदायिक वन र ४ ओटा निजी वन रहेको छ ।

यस नगरपालिकाले वन विनास रोक्न, भूक्षय रोकथाम गर्न, कार्वन उत्सर्जन न्यूनीकरण गर्न, जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण तथा अनुकुलन गर्नका निमित्त विद्यालय तथा समुदाय तहमा व्यापक चेतना अभिवृद्धि गर्न एक व्यक्ति एक विरुवा भन्ने नीति अवलम्बन गरेको छ । यस नगरपालिकामा बढ्दै गइरहेको शहरीकरणबाट कृषि भूमिमा परेको चाप, वन विनाश, वन अतिक्रमण, यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोगका कारण हरितगृह ग्यासहरूको अत्यधिक उत्सर्जनबाट हालका वर्षहरूमा जलवायु परिवर्तनमा तीब्रता आएको छ । जिल्ला स्थित विभिन्न सामुदायिक वन उपभोक्ता समूहहरूलाई जलवायु परिवर्तन, त्यसको अनुकलन र नकारात्मक असरहरूको न्यूनीकरणको बारेमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

यस नगरपालिकाको उच्च पहाडी क्षेत्रमा विशेष गरेर चिलाउने, उत्तिस, कटुस, बोटधँगेरो, जामुन, मुख्य प्रजातिका वनस्पति रहेका छन् । यस क्षेत्रमा अधिकांश पाटेसल्ला खोटेसल्ला का वनहरू वृक्षरोपणबाट हुर्किएका छन् । तल्लो नदी तटीय क्षेत्रमा उपोष्ण वन पाइन्छ । नदीको किनारा तल्लो तटीय क्षेत्रमा साल, सिसौ, खयर, सिमल, टुनी, खोटेसल्ला, पातले सल्ला, उत्तिस, चिलाउने आदि प्रजातिहरू पर्दछन् । यस वाहेक मुसली, खोटेसल्ला, चुत्रो, पाखनवेद, र रिठ्ठा आदि समेत पाइन्छन् । यस क्षेत्रबाट वार्षिक ५०० किलो ग्राम खोटो निकासी गर्न सकिने अनुमान छ ।

### विपद् जोखिम

बेलकोटगढी नगरपालिकाले बाढी, पहिरो, महामारी, खडेरी, सडक दुर्घटना आदि जस्ता विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम न्यूनीकरण स्थानीय नीति २०७७ तयार गर्दै विपद् जोखिम प्रतिकार्य योजना तयार गरिएको छ । नगरपालिकाले भूक्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिने नीतिगत व्यवस्था अवलम्बन गरेको छ । नगरपालिकाले प्रत्येक वडामा खुल्ला क्षेत्र एवम् आपतकालीन केन्द्र स्थापना गरी कार्यान्वयनमा जोड दिइने, नगरमा विपद् व्यवस्थापन कोष खडा गरिने, र खेतीयोग्य जमीन कटान हुनबाट रोक्न नदी नियन्त्रण सम्बन्धी विशेष योजना सञ्चालन गर्ने जस्ता नीतिगत व्यवस्था गरेको छ । बेलकोटगढी नगरपालिकामा भूकम्प तथा अन्य प्राकृतिक प्रकोप (बाढी, पहिरो, आदि) बाट सम्भाब्य जोखिम भएका घरहरू १५ प्रतिशत छन् । यस नगरपालिकामा निजी आवास पुनर्निर्माण अन्तर्गत ११०३७ लाभग्राही पहिचान भएको थियो।

## २.७ सुशासन र संस्थागत विकास

यस नगरपालिकामा संस्थागत संरचना अन्तर्गत नगर कार्यपालिका, नगरसभा, न्यायिक समिति र वडा समितिहरू आफनो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन् । योजना तर्जुमा सम्बद्ध समितिहरू, अनुगमन समिति, र राजश्व परामर्श समिति कृयाशिल रहेका छन् । हालसम्म ४३ वटा ऐन, कानुन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन तयार गरेको छ । यसैगरी नागरिक सन्तुष्टि सहितको गुणस्तरीय सेवा प्रवाह गर्ने औजारहरू सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, आम्दानी खर्च, बैठक/सभाका निर्णयहरू सार्वजनिक गर्ने अभ्यास गरेको छ । स्थानीय सन्चित कोषबाट सूत्रमा आधारित वित्तिय कारोबार सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा भता बितरणमा विद्युतीय प्रणालीको प्रयोग भएको छ ।

# खण्ड - एक

# आवधिक योजना तर्जुमा

# परिच्छेद - ३

# दीर्घकालीन सोच⁄दूरदृष्टि, उद्देश्य र लक्ष्य

## ३.१ पृष्ठभूमि

नगरपालिकाको दीर्घकालीन सोच निर्धारण गर्दा नगरपालिकामा निर्वाचित प्रतिनिधिहरू, क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरू, विषयगत शाखाका कर्मचारीहरू, गैसस तथा निजी क्षेत्र, नागरिक समाज⁄संस्थाका प्रतिनिधिहरू लगायत सरोकारवालाहरूको सहभागिता र सहमतिका आधारमा समष्टिगत पक्षलाई झल्काउने गरी दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गरिएको छ ।

## ३.२ सबल, कमजोर पक्ष तथा अवसर र चुनौती विश्लेषण

नगरपालिकामा आयोजन गरिएको कार्यशालामा छलफलबाट निम्न सबल पक्ष, कमजोर पक्ष तथा अवसर र चुनौतीका क्षेत्र पहिचान गरिएका छन् ।

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| १ करिब ६८% भूभाग उर्वरा खेतीयोग्य हुनु ।<br>२. करिब ७५.४२ % जनता कृषिमा आश्रित हुनु<br>३. तरकारी, रेन्वो ट्राउट माछा, बाख्रापालन र पशुपालनको सम्भावना बढी रहनु ।<br>४. उर्वरायुक्त कृषि भूमि उपलब्ध हुनु ।<br>५. कृषि व्यवसाय सुहाउँदो हावापानी भएकोले सो अनुसार कृषि उपज र पशुपालनको व्यवसायिकरण गर्न सकिने क्षेत्रहरू रहनु ।<br>६. करिब २५ प्रतिशत भूभाग वनजंगल हुनाले जडिबुटी लगायत गैर काष्ठ वन पैदावारबाट गैरकृषि उत्पादन र व्यवसायिकरणको सम्भावना हुनु ।<br>७. राजधानीसँग उत्तरदक्षिणको राजमार्गले जोडनु ।<br>८ आम नागरिकको सुरक्षित भवन निर्माणमा चेतना वृद्धि हुन ।<br>९. राष्ट्रिय प्रसारण लाइन बिद्युत सेवामा पहुँच विस्तार हुनु ।<br>१०. ईसेवातर्फ मार्फत नागरिकको सेवा र समय बचत हुनुका साथै सूचनासँग पहुँच वृद्धि हुनु । | १. कृषि भूमिको खण्डीकरण र जथाभावी बस्ती विकास हुँदै जानु।<br>२. कृषि कार्यका लागि, ऋण, प्रविधि, बीउबीजन, प्राविधक जनशक्ति र परामर्श सेवाको उपलब्धतामा कमी हुनु ।<br>३. सिँचाइ योग्य कृषि भूमिमा सिँचाइ सुविधाको कमी हुनु।<br>४. स्तरीय डिजाइन र मापदणड विना अधिकांस सडक निर्माण हुनु ।<br>५. भारी यन्त्र, मेसिन, उपकरणहरूको प्रयोग अत्यधिक हुनु।<br>६. सडक यातायातलाई सर्बयाम बनाउन नसक्नु ।<br>७. अनिन्त्रित खोला, नाला नदी बढी हुँदा सडक कटान हुनु ।<br>८. मापदण्डको पालन बिना अव्यवस्थित बस्ती निर्माण हुनु, पुरानो मौलिक संरचना क्रमशः विस्थापित हुँदै जानु।<br>९. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा नागरिक सहज पहुँचको कमी हुनु।<br>१०. प्राविधिक शैक्षिक संस्थाको कमी हुनु ।<br>११ भौगोलिक विकटता हुनाले इन्टरनेट विस्तार गर्न नसक्नु। |

| | |
|---|---|
| | १२. सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याउन नसकिनु<br>१३. बाझो पर्ती जमीनमा वृक्षरोपण गरी वन जंगलको विस्तार र हरित सहर बनाउन ढिलो हुँदै जानु<br>१४. अन्तरसरकार, अन्तरनिकाय, निजी क्षेत्र, गैसस र अन्तरस्थानीय तहको समन्वय प्रभावकारी नहुनु । |

| **अवसर** | **चुनौती** |
|---|---|
| १. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार हुनु ।<br>२ संविधानले नै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।<br>३ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमा तथा विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार हुनु ।<br>४. करिब ४५० देखि २१०० मि.सम्मको भौगोलिक अवस्था हुनु ।<br>५. उत्पादित फसल काठमाडौं, नारायणगढ, पोखरा तथा तिब्बत पठाउन सकिने बजारको सम्भावना बढी हुनु ।<br>६. पासाङ ल्हामु राजमार्ग र गल्छी त्रिशूली मैलुङ सडकको क्षेत्र तथा ग्रामीण स-साना मोटरेबल बाटो सबै वडामा हुनु ।<br>७. वर्तमान र भविष्यमा सिँचाइको उपलब्धताको बढी सम्भावना रहनु ।<br>८. राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा प्रत्येक नागरिकको घरमा पुग्नु ।<br>१०. घरहरूको निर्माण भवनसंहिता बमोजिम हुने क्रम जारी रहनु।<br>११ नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु । | १. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।<br>२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।<br>४. गुणस्तरीय बीउबिजन/मलखाद्य समयमा नै उपलब्ध गराउनु ।<br>५. युवा जनशक्ति कृषिप्रति आकर्षण बढाउनु ।<br>६. व्यवसायी कृषकको संख्या वृद्धि गर्नु ।<br>७. वैदेशिक रोजगारीबाट सीप युक्त युवाको सीप परिचालनमा सहुलियतको उपयोग गरी पालिकाको उद्यम विकासमा आकर्षित गर्नु।<br>८ श्रृजित पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।<br>९ डिजाइन, ड्रइग विना पनि सडक निर्माणको कार्यलाई रोक्नु ।<br>१०. भिरालो जग्गामा भवन निर्माण कार्यलाई रोक्नु ।<br>११. अव्यवस्थित बस्ती रोक्नु ।<br>१२. भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।<br>१३. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।<br>१४. प्राकृतिक स्रोत ढुंगा, गिट्टी, बालुवाको मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु । |

### ३.३ दीर्घकालीन सोच

“कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धिः बेलकोटगढीको

उपरोक्त सोचको शाब्दिक ब्याख्या निम्नानुसार सान्दर्भिक हुने गरी निर्देशित गरेको छ ।

कृषि क्षेत्रको पूर्वाधारमा अभिवृद्धिः कृषिको आधुनिकरण, ब्यवसायीकरण र बजारीकरण ।

शिक्षा क्षेत्रको पूर्वाधारमा अभिवृद्धिः सर्वसुलभ, गुणस्तरिय, समतामूलक र सीपमूलक शिक्षाको आधार र्निमाण।

स्वास्थ्य क्षेत्रको पूर्वाधारमा अभिवृद्धिः सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सुविधाको आधार र्निमाण ।

पर्यटन क्षेत्रको पूर्वाधारमा अभिवृद्धिः गुणस्तरिय पर्यटन सेवाको विकास र विस्तार ।

समृद्धः उच्च र समातमूलक आय वृद्धि, मर्यादित जीवन, अवसरको अधिकतमको उपयोग गरी कृषि, शिक्षा,स्वास्थ्य र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि, लगानीका अवसरहरू विस्तार गरी रोजगारीमा अभिवृद्धि तथा भौतिक पूर्वाधारमा सर्वकालिक सबैको सहज पहुँच ।

### ३.४ समष्टिगत लक्ष्य

बेलकोटगढी नगरवासीको जीवनस्तरमा सुधार भएको हुने ।

### ३.५ समष्टिगत उद्देश्यहरू

१. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

२. पर्यटन तथा उद्योगको माध्यमबाट रोजगारी सृजना गरी आयस्तरमा वृद्धि गर्नु,

३. स्वास्थ्य, शिक्षा र स्वच्छ खानेपानीमा सम्पूर्ण नगरवासीको पहुँच अभिवृद्धि गर्नु,

४ वन क्षेत्रको विस्तारका साथै गुणात्मक स्तर कायम गरी वातावरणीय सन्तुलन कायम राख्नु ।

५. अव्यवस्थित बसोबास तथा प्रकृतिको मानवीय अतिक्रमण कम गर्दै विपदबारे मानव जीवनमा क्षति न्यूनीकरण गर्नु ।

६. सबैखाले हिंसा र विभेदको न्यूनीकरण गर्दै सामाजिक न्यायमा आधारित समाज निर्मान गर्नु।

### ३.६ रणनीति

१. कृषि, गैर कृषि एवं सेवा क्षेत्रको विकास र विस्तारबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

२. शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका सबै विकास प्रक्रियामा लैगिंक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चत गर्ने ।

३. गुणस्तरीय स्थानीय पूर्वाधारको विकास गरी आर्थिक सामाजिक विकासको आधार तयार गर्ने ।

४. वन वातावरण, भू तथा जलाधार, जैविक विविधता संरक्षण तथा विपद् जोखिम न्यूनीकरण गर्ने ।

५. संस्थागत समन्वय एवं सुदृढीकरण गरी विद्युतीय कार्यप्रणालीको अवलम्बन गर्दे सुशासनको प्रत्याभूति गर्ने ।

## ३.७ परिमाणात्मक लक्ष्य

**तालिका नं ३.१ आवधिक योजनाको परिमाणात्मक लक्ष्य**

| क.सं | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०८२/८३ |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादन | रु. करोडमा | २४५ | ३१० |
| २ | आर्थिक वृद्धि | प्रतिशत | १.२३ | ४.९३ |
| ३ | वार्षिक प्रतिव्यक्ति आय | यु.एस. डलर | ५३९.४ | ६५७.८ |
| ४ | बेरोजगारी | प्रतिशत | १८ | ५ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | रु. करोडमा | १०८.७ | १३५.३ |
| ७ | कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको योगदान | रु. करोडमा | १२३.९२ | १५८.१५ |
| ८ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन लगायत सेवा क्षेत्रको योगदान | रु. करोडमा | १२.६५ | १७.४३ |
| ९ | साक्षरता | प्रतिशत | ७४.८५ | १०० |
| १० | ३० मिनेटभन्दा कम समयमा नजिकको स्वास्थ्य केन्द्रेमा परिवारको पहुँच | प्रतिशत | १९.९ | ३५ |
| ११ | लैङ्गिक विकास सूचकांक | सूचकांक | ०.९३१ | ०.९६० |
| १२ | सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त जनसंख्या | प्रतिशत | २५ | ५० |
| १३ | सडकसम्म पुग्न लागने अधिकतम समय | मिनेट | ९० | ३० |
| १४ | सर्वयाम सडकमा पहुँच भएको परिवार | प्रतिशत | ३२ | ५० |

## ३.८ विकासमा क्षेत्रगत भूमिका

### ३.८.१ सार्वजनिक क्षेत्र

**कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धि : बेलकोटगढीको समृद्धि,** नगरपालिकाको सोच सहितको विकासका लक्ष्यहरू प्राप्त गर्न सार्वजनिक क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्नेछ । कृषिमा आधारित उद्योगको विकास र विस्तार मार्फत उच्च र दिगो आर्थिक वृद्धि गर्न निजी, सहकारी र सामुदायिक क्षेत्रलाई लगानी र सहभागिताका लागि उत्प्रेरित गर्न यस क्षेत्रको अहम् भूमिका हुनेछ । यस क्षेत्रले आवश्यक नीति, योजना, रणनीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्नेछ ।

**(क) नगरपालिका**

संविधानले संघ, प्रदेश र स्थानीयतह बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । आफ्नो सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न यस नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँग समन्वय, सहयोग र सहकार्य गर्नेछ । संघ र प्रदेश सरकारको सोच, लक्ष्य, उद्देश्य र रणनीतिसँग सामन्जस्य र परिपूरक हुने गरी स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माण गर्ने लक्ष्यका साथ यो योजना तयार गरिएको छ । सो अनुसार प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रूपमा रही नागरिकलाई सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन मुख्यभूमिका खेलिनेछ। जसकोलागि निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ ।

**(ख) प्रदेश**

नगरपालिकाको आवधिक योजना कार्यान्वयनमा प्रदेशको भूमिका समन्वय, सहकार्य सहजीकरण गर्ने हुनेछ । नगरपालिकलाई तोकिएको बिभिन्न अनुदान उपलब्ध गराउने साथै योजना कार्यान्वयनका लागि आवश्यक नीति तथा कानून निर्माण गर्ने हुनेछ । यसैगरी नगरपालिकालाई जिल्ला सदरमुकामसम्म जोड्ने सर्वयाम सडक, उच्च शिक्षा, विशिष्टीकृत सेवा प्रवाह, क्षमता विकासआदि क्षेत्रका साथै विभिन्न अनुदान, राजस्व बाँडफाँडबाट स्रोत,साधन उपलब्ध गराई प्राविधिक सहयोग पुऱ्याउनमा समेत प्रदेशको भूमिका महत्वपूर्ण हुनेछ ।

**(ग) संघ**

तय गरेको योजना कार्यान्वयन गर्न आवश्यक सहजीकरण, समन्वय र सहकार्य गर्नेछ । नगरपालिकाको योजना कार्यान्वयन गर्न बैंकिंग क्षेत्र, निजी क्षेत्र साथै विकास साझेदारसँग आवश्यक समन्वय र निर्देशन गर्नेछ ।

### ३.८.२ निजी क्षेत्र

नगरपालिकाको आर्थिक र सामाजिक विकासमा सहकार्य र सहयोग गर्न निजी क्षेत्रको अहम् भूमिका हुनेछ । निजी क्षेत्रले आफ्नो प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार अथवा स्वतन्त्र ढंगले कृषि, उद्योग, निर्माण र सेवा क्षेत्रमा लगानी बढाउने अपेक्षा गरिएको छ । साथै गुणस्तरीय वस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण तथा उत्पादनशील र मर्यादित रोजगारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

### ३.८.३ सहकारी क्षेत्र

सहकारी क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, शीप र पुँजीलाई व्यापक रूपमा परिचालन गरी नगरपालिकामा रोजगारी तथा आय वृद्धि र गरिवी निवारण गर्न सहयोगीको भूमिका निर्वाह गर्नेछ । साथै यस क्षेत्रले मानवीय आवश्यकताका जस्तै कृषि सामग्री को सहज बिक्री एवं बस्तु तथा सेवा उत्पादन, प्रशोधन र बजारीकरण गर्दै नागरिकहरूको सामाजिक-आर्थिक र सांस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग पुर्याउने

छ । सहकारी क्षेत्र नगरपालिकाको विकासको महत्वपूर्ण सहयात्रीको रूपमा रहनेछ ।

### ३.८.४ गैरसरकारी संस्था र सामुदायिक क्षेत्र

गैरसरकारी संस्था र सामुदायिक क्षेत्रले नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको भूमिका खेल्ने छन् । यस क्षेत्रले नगरपालिकाको विकास लक्ष्य तथा प्राथमिकताको क्षेत्रमा कार्यक्रम सञ्चालन तथा आफ्नोतर्फबाट योगदान गरी जनचेतना अभिवृद्धिका साथै स्थानीय विकास निर्माण, गरिवी निवारण तथा क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने छ । सामुदायिक संस्था, उपभोक्ता समिति वा लाभग्राही समुदाय सहितको सामुदायिक क्षेत्र स्थानीय शासन प्रक्रिया र विकास सहयात्री/साझेदारको रूपमा सक्रिय भूमिका निर्वाह गर्नेछन् । आवधिक विकास योजनाको कार्यान्वयन र विषयक्षेत्रगत लक्ष्य प्राप्तिमा गैरसरकारी क्षेत्रको महत्वपूर्ण भूमिका हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद - ४
# समष्टिगत आर्थिक नीति

## ४.१ कुल गार्हस्थ उत्पादन र क्षेत्रगत योगदान

आर्थिक वर्ष २०७७/७८ मा यस नगरपालिकाको कुल गार्हस्थ उत्पादन रु. २ अर्ब ४५ करोड २२ लाख रहेको र योजना अवधिमा वृद्धि भई अन्तमा रु. ३ अर्ब १० करोड ८६ लाख पुग्ने अनुमान गरिएको छ। आधार वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि तथा पशुपन्छी पालनक्षेत्रको योगदान ४४.३१%, उद्योग ब्यापार तथा ब्यवसायक्षेत्रको ५०.५३% र सेवा क्षेत्रको योगदान ५.२% रहेकोमा योजना अवधिको अन्तमा कृषि क्षेत्रको ४३.५३%, उद्योग क्षेत्रको ५०.८७% र सेवा क्षेत्रको योगदान ५.६% रहने अनुमान छ। यो योजना अवधिमा कुल गार्हस्थ उत्पादन बार्षिक औसत ३.५९% ले वृद्धि हुने अनुमान गरिएको छ भने कृषि क्षेत्रको ७.३%, उद्योग क्षेत्रको ११.७% र सेवा क्षेत्रको ८.८% वृद्धि हुने अनुमान छ। विस्तृत रुपमा यी सूचकहरू तालिका ४.१.१, ४.१.२ र ४.१.३ मा प्रस्तुत् गरिएको छ।

**तालिका ४.१.१ : कुल गार्हस्थ उत्पादन रु. करोडमा (वर्तमान मूल्यमा)**

| **क्षेत्र** | **योगदान %** | **आधार वर्ष २०७७/७८** | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|---|
| कृषि | ४४.३१ | १०८.७ | ११४.४ | ११९.० | १२३.९ | १२९.३ | १३५.३ |
| उद्योग | ५०.५३ | १२३.९२ | १३०.११ | १३६.६२ | १४३.४५ | १५०.६२ | १५८.१५ |
| सेवा | ५.२ | १२.६५ | १३.५१ | १४.२५ | १५.१८ | १६.३८ | १७.४३ |
| **कुल** | | **२४५.२२** | **२५८.०५** | **२६९.८६** | **२८२.५५** | **२९६.२५** | **३१०.८६** |

*नोटः बेलकोटगढी नगरपालिकाको उपरोक्त कूल गार्हस्थ उत्पादनको आकलन केन्द्रीय तथ्याङ्क विभागले प्रयोगमा ल्याएको सन १९९३ को राष्ट्रिय लेखा प्रणाली अर्थात प्राथमिक (कृषि तथा पशुपालन), द्वितीय (उद्योग तथा ब्यापार ब्यवसाय) र तृतीय (सेवा ) क्षेत्रहरूको वार्षिक उत्पादनको मूल्य अनुसार कूल गार्हस्थ उत्पादन निकाल्ने अवधारणामा आधारित छ । उल्लिखित तीन वटै क्षेत्रगतको मुख्य उपक्षेत्रहरूको स्थानीय तहको सीमाक्षेत्रभित्र भएको वार्षिक उत्पादन मूल्यलाई यहाँ गणना गरिएको छ । यस क्रममा स्थानीय तहमा सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, पालिकामा रहेको तथ्याङ्क तथा कार्यशालामा भएको छलफलबाट प्राप्त तथ्याङ्कलाई समेत आधार मानिएको छ । यद्यपि तीन वटै क्षेत्र अन्तर्गत छुट्न गएका कतिपय उपक्षेत्रहरू आगामी वर्षहरूमा क्रमशः समेट्दै जानुपर्ने देखिन्छ ।*

माथिको तालिकाले योजना अवधिमा हुने अपेक्षा गरिएको कुल गार्हस्थ उत्पादन र कृषि, उद्योग र सेवा क्षेत्रको गार्हस्थ उत्पादन देखाएको छ। जस अनुसार आ.व. २०७७/७८ बाट योजना अवधिको अन्तमा कृषि क्षेत्रको गार्हस्थ उत्पादन रु. १ अर्ब ८ करोड ७० लाखबाट रु. १ अर्ब ३५ करोड ३ लाख, उद्योग क्षेत्रको रु. १ अर्ब २३ करोड ९२ लाख बाट रु. १ अर्ब, ५८ करोड १५ लाख र सेवा क्षेत्रको रु. १२ करोड ६५ लाख बाट १७ करोड ४३ लाख पुग्ने अनुमान गरिएको छ।

**तालिका ४.१.२: कुल गार्हस्थ उत्पादनमा वृद्धि प्रतिशत**

| गार्हस्थ उत्पादन | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | औसत |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन | १.२३ | १.२३ | ४.५८ | ४.७० | ४.८५ | ४.१ |
| कृषि | १.२३ | ३.९९ | ४.१४ | ४.३० | ४.६७ | ३.७ |
| उद्योग | १.२३ | १.२३ | ५.०० | ५.०० | ५.०० | ४.२ |
| सेवा | १.२३ | १.२३ | ५.५० | ६.४९ | ७.९५ | ५.५ |

तालिका ४.१.२ मा कुल गार्हस्थ उत्पादन र बिभिन्न क्षेत्रको गार्हस्थ उत्पादनको वृद्धिदर दिईएको छ। जस अनुसार योजना अवधिमा कुल गार्हस्थ उत्पादनको बार्षिक वृद्धि १.२३% देखि ४.९३३% सम्म, कृषि क्षेत्रको वृद्धि १.२३% देखि ४.६७% सम्म, उद्योग क्षेत्रको वृद्धि १.२३% देखि ५% सम्म र सेवा क्षेत्रको वृद्धि १.२३% देखि ६.३४% सम्म रहने आंकलन गरिएको छ। योजना कार्यान्वयनको तयारी गर्नु परेकाले योजनाको शुरुका वर्षहरूमा गार्हस्थ उत्पादनको वृद्धि केहि कम र योजना पूर्ण रुपमा कार्यान्वयनमा जाने भएकाले केहि उच्च हुने अपेक्षा गरिएको छ।

तालिका ४.१.३ मा कुल गार्हस्थ उत्पादनमा विभिन्न क्षेत्रको योगदानको प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार योजना अवधिमा कृषि क्षेत्रको योगदान हालको ४४.३% बाट ४३.५%, उद्योग क्षेत्रको ५५.५% बाट बढेर ५०.९% र सेवा क्षेत्रको योगदान ५.२% बाट बढेर ५.६% पुग्ने अनुमान गरिएको छ।

**तालिका ४.१.३: कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान प्रतिशत**

| | आधार वर्ष २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| कृषि | ४४.३ | ४४.३ | ४४.१ | ४३.९ | ४३.६ | ४३.५ |
| उद्योग | ५०.५ | ५०.५ | ५०.६ | ५०.७ | ५०.८ | ५०.९ |
| सेवा | ५.२ | ५.२ | ५.३ | ५.४ | ५.५ | ५.६ |
| | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ४.२ कुल गार्हस्थ उत्पादनको मूल्य अभिवृद्धि र लगानी

यस नगरपालिकाको प्रथम आवधिक योजना अवधिमा हुने कुल गार्हस्थ उत्पादनको मूल्य अभिवृद्धि र त्यसको लागि गर्नुपर्ने लगानीलाई तालिका ४.२.१, ४.२.२ र ४.२.३ मा प्रस्तुत गरिएको छ। जस अनुसार योजना अवधिमा कृषि क्षेत्रको मूल्य अभिवृद्धि आ.ब. २०७७/७८ को मूल्यमा रु. ८९ करोड ३९ लाख हुने अनुमान गरिएको छ। जसमा कृषि क्षेत्रको मूल्य अभिवृद्धि रु. ३६ करोड, ४ लाख र गैर कृषि क्षेत्रको रु. ५३ करोड ३५ लाख रहेको छ। सिमान्त पुँजी उत्पादन अनुपातको आधारमा यो योजना अवधिमा हुने मूल्य अभिवृद्धिका लागि कुल रु. ४ अर्ब, १५

करोड ५८ लाख लगानी आवश्यक पर्ने अनुमान छ। नेपालको पन्ध्रौं योजना र बागमती प्रदेशको पहिलो आवधिक योजनामा लिइएको सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा गणना गर्दा कृषि क्षेत्रका लागि रु. १ अर्ब १८ करोड ९३ लाख र गैर कृषि क्षेत्रका लागि रु. २ अर्ब ९६ करोड ६५ लाख लगानी आवश्यक पर्नेछ। उक्त आवश्यक लगानीमध्ये सार्वजनिक क्षेत्रबाट ६६%, निजी क्षेत्रबाट ६४.८%, सहकारी क्षेत्रबाट ६.५% र सामुदायिक क्षेत्रबाट २.७% लगानी हुने अपेक्षा गरिएको छ।

### तालिका ४.२.१: मूल्य अभिवृद्धि (रु. करोडमा)

| मूल्य अभिवृद्धिका क्षेत्रहरू | योगदान (%) | आधार वर्ष ०७८/७९ | ०७८/७९ | ०७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | औषत वृद्धि दर |
|---|---|---|---|---|---|---|---|---|
| क. कृषि | ४४.३१ | १०८.६५ | ११४.४३ | ११८.९९ | १२३.९२ | १२९.२५ | १३५.२९ | ३.०८ |
| | | | | | | | | |
| **ख. गैर कृषि** | **५५.६९** | **१३६.६** | **१४३.६** | **१५०.९** | **१५८.६** | **१६७.०** | **१७५.६** | ३.६४ |
| उद्योग | ५०.५३ | १२३.९२ | १३०.११ | १३६.६२ | १४३.४५ | १५०.६२ | १५८.१५ | ३.५५ |
| सेवा | ५.१६ | १२.६५ | १३.५१ | १४.२५ | १५.१८ | १६.३८ | १७.४३ | ४.५० |
| कूल जम्मा (क+ख) | १००.०० | **२४५.२२** | **२५८.०५** | **२६९.८६** | **२८२.५५** | **२९६.२५** | **३१०.८६** | **३.४०** |

### तालिका ४.२.२: सीमान्त पुँजी उत्पादन (रु. लाखमा)

| मूल्य अभिवृद्धिका क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | योजनामा प्रक्षेपित लगानी (सार्वजनिक+ निजी+सहकारी +) सामुदयिक समेतगरी) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा |
| कृषि | ५.२ | ३,९७३ | ४,२०६ | ४,४४७ | ४,७०२ | ४,९६७ | २२,२९६ |
| गैर कृषि * | ३.३ | ११,९२० | १२,६१९ | १३,३४१ | १४,१०७ | १४,९०२ | ६६,८८८ |
| **जम्मा** | ४.९ | १५,८९३ | १६,८२५ | १७,७८८ | १८,८०९ | १९,८७० | ८९,१८४ |

* बागमती प्रदेशको सीमान्त पूँजी उत्पादन अनुपातको आधारमा भारित औसत विधिबाट गणना गरिएको

**प्रक्षेपित लगानी**

नगरपालिकालाई अफ्नो कार्यजिम्मेवारी अनुसारको कायर्सम्पादन गर्न स्रोतको आवश्यकता पदर्छ। संविधानप्रदत्त अधिकारको सूचीको कायान्र्वयनमा खासगरी सार्वजनिक सेवा प्रवाह, आर्थिक सामाजिक विकास र अन्य क्षेत्रको परिचालन गरी नगरपालिकाले लिएको विकासका लक्ष्य हांसिल गर्न लगानी तथा खर्चको आवश्यकता पर्दछ । यस्तो खर्च व्यहोर्ने स्रोतहरूमा सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र पर्दछन् ।

योजना अवधिमा कुल ८ अर्व ९१ करोड ८४ लाख लगानी आवश्यक पर्ने अनुमान रहेको छ। उक्त स्रोतमा सर्वाधिक ८३.३३% लगानी सार्वजनिक क्षेत्रको रहेको छ भने निजी क्षेत्रबाट ८.३३ प्रतिशत, सहकारी क्षेत्राट ४.१७ र सामुदायिक क्षेत्रबाट ४.१७ प्रतिशत लगानी हुने प्रक्षेपण गरिएको छ।

### तालिका ४.२.३: विभिन्न क्षेत्रको लगानी रु. लाखमा

| मूल्य अभिवृद्धिका क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी | योजनामा प्रक्षेपित लगानी (सार्वजनिक + निजी+सहकारी +) सामुदयिक समेतगरी ) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा |
| | | | | | | | |
| लगानी प्राप्त हुने क्षेत्र | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधि को जम्मा | लगानी प्रतिशत |
| (क) सार्वजनिक | १३,२४४ | १४,०२१ | १४,८२३ | १५,६७४ | १६,५५८ | ७४,३२० | ८३.३३ |
| (ख) निजी | १,३२४ | १,४०२ | १,४८२ | १,५६७ | १,६५६ | ७,४३२ | ८.३३ |
| (ग) सहकारी | ६६२ | ७०१ | ७४१ | ७८४ | ८२८ | ३,७१६ | ४.१७ |
| (घ) सामुदायिक | ६६२ | ७०१ | ७४१ | ७८४ | ८२८ | ३,७१६ | ४.१७ |
| जम्मा | १५,८९३ | १६,८२५ | १७,७८८ | १८,८०९ | १९,८७० | ८९,१८४ | १०० |

## ४.३ सार्वजनिक क्षेत्रको लगानी र खर्च व्यहोरिने स्रोतहरू

### ४.३.१ सार्वजनिक क्षेत्रको वित्तीय लगानी

यस नगरपालिकाको आवधिक योजना अवधिमा सार्वजनिक खर्च अन्तर्गत कूल रु. ७ अर्ब ४३ करोड २० लाख खर्च हुने प्रक्षेपण गरिएको छ । सो मध्ये नगरपालिकाको संचित कोषबाट कूल रु. ६ अर्ब ४५ करोड ५ लाख खर्च हुने प्रक्षेपण गरिएको छ । आर्थिक वर्ष २०७७/७८ मा नगरपालिकाको संचित कोषवाट जम्मा रु. ६७ करोड २० लाख मात्र यथार्थ बजेट खर्च भएकोमा नगर परिषदले आर्थिक वर्ष २०७८/७९ का लागि जम्मा रु. १ अर्ब १५ करोड ९४ लाख बजेट खर्च गर्ने गरी करिव ७२ प्रतिशतले वार्षिक बजेट वृद्धि गरी पारित गरेको छ । यस आधारमा आवधिक योजनामा पछिल्ला वर्षहरूका बजेट खर्चमा केही प्रतिशत बढाएर क्षेत्रगत/उपक्षेत्रगत विनियोजन प्रक्षेपण गरिएको छ ।

नगरपालिकाको संचित कोषबाट हुने कूल खर्चमध्ये चालु खर्चतर्फ रु. ३ अर्ब ८७ करोड ३ लाख (६० प्रतिशत) र पूँजीगत खर्च तर्फ रू. २ अर्ब ५८ करोड २ लाख (४० प्रतिशत) खर्च हुने अनुमान गरिएको छ (चित्र ४.३.१)। नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को खर्चको SUTRA मा अभिलेखीकरण गर्दा संघ तथा प्रदेशबाट प्राप्त स-शर्त अनुदानको रकम चालुतर्फ राखिएकोले सो को आधारमा प्रक्षेपण गर्दा आवधिक योजनाको प्रक्षेपित बजेटमा चालु बजेटको हिस्सा बढी देखिन आएको छ । यसलाई सच्याई चालु र पुँजीगत खर्चको रूपमा अभिलेखीकरण गर्नु आवश्यक देखिन्छ । त्यस्तो अवस्थामा आवधिक योजनाको पुँजीगत बजेटको हिस्सा बढ्ने र चालु बजेटको हिस्सा घट्न सक्छ ।
यसैगरी संघीय तथा प्रदेशीय प्रत्यायोजित कार्यक्रमहरू अन्तर्गत नगरपालिकाबाट रु. ९८ करोड १५ लाख थप खर्च हुन सक्ने प्रक्षेपण गरिएको छ ।

चित्र ४.३.१ बजेटको विभाजन




### ४.३.२ विकास बजेटको क्षेत्रगत बाँडफाँड

बेलकोटगढी नगरपालिकाको संचित कोषवाट आवधिक योजना अन्तर्गत प्रक्षेपित कूल अनुमानित खर्च रु. ६ अर्ब ४५ करोड ५ मध्ये विकास खर्च रु. ४ अर्ब ९१ करोड ३३ लाख (७६ प्रतिशत) हुने प्रक्षेपण गरिएको छ । सो मध्ये आर्थिक विकासक्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा खर्च रु. ३१ करोड ९६ लाख (कूल विकास खर्चको ७ प्रतिशत) रकमवाट यस सम्वन्धी उपक्षेत्रहरुः कृषि तथा पशुपालन, पर्यटन, सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति सेवा, श्रम तथा रोजगारी (प्रधानमन्त्री रोजगार कार्यक्रम समेत), गरिबी निवारण र वित्तीय तथा सहकारी क्षेत्रसम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ।

आवधिक योजनाको प्रक्षेपित कूल विकास खर्चमध्ये रु. २ अर्ब २९ करोड १ लाख (कूल विकास खर्चको ४६ प्रतिशत) सामाजिक क्षेत्र अन्तर्गत खर्च हुने अनुमान गरिएकोछ। सामाजिकक्षेत्र अन्तर्गतका उपक्षेत्रहरुः आधारभूत तथा माध्यमिक शिक्षा, युवा तथा खेलकुद विकास, स्वास्थ्य, जनसंख्या तथा पोषण, कोरोना राहत/ उपचार, लैंगिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षा र खानेपानी तथा सरसफाइ क्षेत्र र सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ ।

पूर्वाधार क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. २ अर्ब १४ करोड ८१ लाख (कूल विकास खर्चको ४४ प्रतिशत) यस सम्वन्धी उपक्षेत्रहरुः यातायात पूर्वाधार (सडक तथा पुल), सार्वजनिक पुर्ननिर्माण, सम्पदा संरक्षण, जलस्रोत तथा उर्जा, सिंचाइ, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र अन्य सार्वजनिक निर्माणसम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ।

वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. ६ करोड ८७ लाख (कूल विकास खर्चको करिव १ प्रतिशत) वाट यसका उपक्षेत्रहरू सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिने छन् ।यस क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन र विपद व्यवस्थापन लगायतका कार्यहरू पर्दछन् ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. ८ करोड ६८ लाख (कूल विकास खर्चको करिव २ प्रतिशत) बाट यस सम्वन्धी उपक्षेत्रहरू सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ। यस क्षेत्र अन्तर्गत संस्थागत क्षमता विकास, कानून निर्माण, योजना तथा तथ्याङ्क, सुशासन लगायतका कार्यहरू पर्दछन् । स्थानीय संचित कोषमा जम्मा हुने गरी बेलकोटगढी नगरपालिकाकाले संघ र प्रदेशवाट प्राप्त गर्ने क्षेत्रगत शर्सत अनुदानका रकमहरूमा लघु उद्यम विकास कार्यक्रम, ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम,राष्ट्रिय फलफूल विकास कार्यक्रम, प्रधानमन्त्री रोजगारी कार्यक्रम,संस्कृति प्रवद्र्धन कार्यक्रम, शिक्षा सम्वद्ध कार्यक्रमहरू, महिला तथा समावेशी लक्षित कार्यक्रमहरू, युवा तथा खेलकुद कार्यक्रमहरू, स्वास्थ्य सम्वद्ध कार्यक्रमहरू आदि पर्दछन् ।

बेलकोटगढी नगरपालिकाकाको आवधिक योजनामा संचित कोष अन्तर्गत कार्यसञ्चालन खर्च वापत जम्मा रु. १ अर्ब ५३ करोड ७२ लाख (करिव २४ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । संघीय तथा प्रदेशीय प्रत्यायोजित कार्यक्रमहरूका लागि हुने अनुमानित जम्मा खर्च रु. ९८ करोड १५ लाख मध्ये सामाजिक सुरक्षामा रु. ७७ करोड ३० लाख, स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत रु. १२ करोड ५० लाख र अन्य क्षेत्रगत प्रत्यायोजित कार्यक्रमहरूमा रु. ८ करोड ३५ लाख खर्च हुने प्रक्षेपण गरिएको छ विकास खर्चको क्षेत्रगत विवरण चित्र ४.३.२ र तालिका ४.३.१ मा दिइएको छ । उपक्षेत्रगत विवरण अनुसूची १ मा दिइएको छ ।

**चित्र ४.३.२ विकास बजेटको क्षेत्रगत बाँडफाँड (प्रतिशत)**



तालिका नं ४.३.१ सार्वजनिक खर्चको क्षेत्रगत प्रक्षेपण (आ.व. २०७७/७८ को मूल्य अनुसार

(रु. लाखमा)

| क्र.सं. | विवरण | ०७७/७८ यथार्थ खर्च (आधार वर्ष) | ०७८/७९ प्रक्षेपण | ०७९/८० प्रक्षेपण | ०८०/८१ प्रक्षेपण | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | आवधिक योजनाको जम्मा (२०७८/७९ देखि ०८२/८३) |
|---|---|---|---|---|---|---|---|---|
| (क) स्थानीय संचित कोष अन्तर्गत नगरपालिकाको बजेट खर्च प्रक्षेपण | | | | | | | | |
| १ | **कूल बजेट खर्च** | ६,७२० | **११,५९४** | **१२,२१६** | **१२,८६८** | **१३,५५४** | **१४,२७३** | **६४,५०५** |
| १.१ | चालु बजेट | ३,९९९ | ६,९५६ | ७,३३० | ७,७२१ | ८,१३२ | ८,५६४ | ३८,७०३ |
| १.२ | पूँजीगत बजेट | २,७२१ | ४,६३८ | ४,८८६ | ५,१४७ | ५,४२२ | ५,७०९ | २५,८०२ |
| २ | **विकास बजेट खर्चको क्षेत्रगत बाँडफाँड** | **४,०१३** | **८,८१२** | **९,२९५** | **९,८०१** | **१०,३३४** | **१०,८९१** | **४९,१३३** |
| २.१ | आर्थिक विकास | २७६ | ५७० | ६०२ | ६३७ | ६७३ | ७१४ | ३,१९६ |
| २.२ | सामाजिक विकास | १,७९७ | ४,११२ | ४,३२१ | ४,५६२ | ४,८१८ | ५,०८८ | २२,९०१ |
| २.३ | पूर्वाधार विकास | १,८२० | ३,८८६ | ४,०८१ | ४,२८७ | ४,५०३ | ४,७२४ | २१,४८१ |
| २.४ | वातावरण तथा विपद व्यवस्थापन | ४९ | ९३ | १२९ | १४२ | १५५ | १६८ | ६८७ |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७१ | १५१ | १६२ | १७३ | १८५ | १९७ | ८६८ |
| | कार्य सञ्चालन खर्च | २,७०७ | २,७८२ | २,९२१ | ३,०६७ | ३,२२० | ३,३८२ | १५,३७२ |
| २.६ | कूल खर्च | ६,७२० | ११,५९४ | १२,२१६ | १२,८६८ | १३,५५४ | १४,२७३ | ६४,५०५ |

| ख. संघ र प्रदेशवाट स्थानीय संचित कोष मार्फत सशर्त अनुदानको रुपमा वा सोझै उपलव्ध हुने प्रत्यायोजित कार्यक्रम अन्तर्गतका खर्चहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७ | (ख) को जम्मा प्रक्षेपित खर्च | १,३२५ | १,६५० | १,८०५ | १,९५५ | २,१२० | २,२८५ | ९,८१५ |
| २.८ | कूल प्रक्षेपित सार्वजिनक खर्च (क) र (ख) को जम्मा | ८,०४५ | १३,२४४ | १४,०२१ | १४,८२३ | १५,६७४ | १६,५५८ | ७४,३२० |

स्रोतः संघ र प्रदेशको आ.व २०७८/७९ को अन्तर सरकारी वित्तीय हस्तानतरण पुस्तिका, आर्थिक वर्ष २०७७/७८ को एकिकृत आर्थिक विवरण र आर्थिक २०७८/७८ को क्षेत्रगत बजेट अनुमानको विवरण, आर्थिक २०७७/७८ को SuTRA को बर्गीकृत बजेट तथा खर्चको आंकडालाई आधार लिई प्रक्षेपण गरिएको ।

### ४.३.३ सार्वजनिक खर्च ब्यहोर्ने स्रोतहरू

नगरपालिकाकाको आवधिक योजनाको लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सार्वजनिक क्षेत्र अन्तर्गत मौजुदा तथा सम्भाव्य स्रोतहरूको आकलन एवं पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ । संविधान एवं प्रचलित कानूनको दायरामा रहेर यस नगरपालिकाले आवधिक योजना अवधिमा निम्न बमोजिमका वित्तीय स्रोतहरू (चित्र ४.३.३ र तालिका ४. ३.२) परिचालन गर्नेछः

**चित्र ४.३.३ आवधिक योजना अविधमा वितीय स्रोत परिचालन**



### (क) अन्तर सरकारी वित्तीय हस्तान्तरण

नगरपालिकाकालाई संघ र प्रदेशवाट विभिन्न अनुदानका रकमहरूमा समानीकरण (निशर्त), सशर्त, समपूरक र विशेष अनुदानहरू नियमित रूपमा उपलब्ध हुने अनुमान गरिएको छ । समानीकरण र सशर्तको अनुदानको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्दिष्ट आधारमा सिफारिस गरे बमोजिम संघ र प्रदेशबाट नगरपालिकालाई प्राप्त हुनेछ । संघबाट उपलब्ध हुने समपूरक र विशेष अनुदानहरू नगरपालिकाद्वारा पेश गरिने प्रस्तावहरूलाई राष्ट्रिय योजना आयोगद्वारा मूल्यांकन गरी सिफारिस गरे बमोजिम र प्रदेशको हकमा सम्वद्ध प्रदेशद्वारा निर्धारित प्रक्रिया बमोजिम नगरपालिकाकालाई उपलब्ध गराइनेछ । नगरपालिकाकाको आवधिक योजना अन्तर्गत रु. ३ अर्ब ५६ करोड ७२ लाख (कूल प्राप्ति अनुमानको ५५ प्रतिशत) अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएको छ । अन्तर सरकारी हस्तान्तरणको स्रोतगत विवरण अनुसूची २ र ३ मा दिइएको छ ।

### (ख) आन्तरिक राजस्व

आवधिक योजनामा नगरपालिकाकाको आन्तरिक राजस्व परिचालनलाई क्रमिक रूपमा बढाउँदै लगिनेछ । बाह्य स्रोतहरूमाथिको अत्यधिक निर्भरतालाई क्रमिक रूपमा घटाउँदै लैजान आन्तरिक राजस्व संकलनको विद्यमान स्थितिमा व्यापक सुधार गरिनुपर्दछ । यसका लागि नगरपालिकाकाको आन्तरिक राजस्व परिचालनको सम्भावना एवं क्षमतामा अभिवृद्धि हुनु अपरिहार्य देखिन्छ । नगरपालिकाकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०७८र७९ मा तयार गरिएको राजस्व सुधार कार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । नगरपालिकाकाको प्रथम आवधिक योजना अन्तर्गत आन्तरिक राजस्व परिचालनवाट रु. ४५ करोड ८८ लाख (कूल प्राप्ति अनुमानको ७ प्रतिशत) प्राप्त गर्ने प्रक्षेपण रहेको छ । २०७७/७८ को यथार्थ राजस्व संकलनको अनुपात कम भएतापनि नगर परिषदले अनुमोदन गरेको आर्थिक वर्ष २०७८/७९ को राजस्व अनुमानमा उल्लेख्य बृद्धि गरिएकोले आवधिक योजनाको बाँकी अवधिका लागि सोहिलाई आधार मानी प्रक्षेपण गरिएको छ । राजस्वको प्रक्षेपण अनुसूची ४ मा दिइएको छ ।

### (ग) प्रत्यायोजित कार्यक्रमहरूबाट प्राप्ति

नगरपालिकाकाको आवधिक योजना अवधिमा संघ र प्रदेशवाट प्रत्यायोजित कार्यक्रमहरूका लागि करिव रु. ९८ करोड १५ लाख प्राप्त हुने अनुमान गरिएको छ । संघ र प्रदेशवाट प्रत्यायोजित कार्यक्रमहरूका लागि उपलब्ध हुने रकमहरू नगरपालिकाकाको सञ्चित कोष मार्फत सशर्त अनुदानको रूपमा वा जिल्ला र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा सिधै भुक्तानी गरिनेछ ।

### (घ) वैदेशिक सहायता

नगरपालिकाकालाई वैदेशिक सहायता अन्तर्गत अनुदानतर्फ अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा प्राप्त हुन सक्ने र यस्तो रकम सम्भवतः संघको अनुदान रकमहरू अन्तर्गत समायोजन हुन सक्ने अनुमान गरिएको छ । वैदेशिक ऋणको हकमा स्थानीय तहसँग सहायक ऋण सम्झौता गरेर मात्र नगरपालिकाकालाई वैदेशिक ऋण उपलब्ध हुन सक्ने प्रावधान प्रावधान भएको र यसवाट पालिकालाई वित्तीय भार बढ्ने भएबाट आवधिक योजनामा वैदेशिक ऋण प्राप्त गर्ने अनुमान गरिएको छैन ।यसर्थ आवधिक योजनामा वैदेशिक सहायतालाई अलग्गै स्रोतको रूपमा उल्लेख गरिएको छैन ।

### (ङ) बैंक मौज्दातको उपयोग

नगरपालिकाकाले सञ्चित कोष अन्तर्गत हुने बजेट खर्चको न्यून पूर्तीका लार्गि अघिल्लो आर्थिक वर्षको बाँकी बैंक मौज्दातबाट आवश्यता अनुसार बेहोर्ने अनुमान गरिएको छ । आवधिक योजनाको अवधिमा न्यून वित्त परिचालनका लागि आवश्यता हेरी अघिल्लो आर्थिक वर्षवाट जिम्मेवारी सरी आउने बैंक मौज्दातलाई प्रयोग गरिनेछ ।

### (च) आन्तरिक ऋण

संविधानतः स्थानीय तहलाई आन्तरिक ऋण लिने अधिकार रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले उठाउन सक्ने आन्तरिक ऋणको सीमा समेत निर्धारण गरेको छ । नगरपालिकाकाको न्यून वित्त परिचालनका लागि नगर विकास कोष अन्तर्गत आवश्यता हेरी परियोजनागत आधारमा आन्तरिक ऋण प्राप्त गरिनेछ ।

माथि उल्लेख गरिए बमोजिम बेलकोटगढी नगरपालिकाकाको आवधिक योजना अन्तर्गत सार्वजनिक खर्चको स्रोतहरू जुटाउन विभिन्न स्रोतहरूवाट कूल रु. ६अर्ब ४५ करोड ०५ लाख प्राप्त गर्ने प्रक्षेपण गरिएको छ । सो बमोजिम रु. ३ अर्ब ५६ करोड ७२ लाख (कूल प्राप्ति अनुमानको ५५ प्रतिशत) अन्तर सरकारी हस्तान्तरणवाट प्राप्त हुने अनुमान गरिएकोछ। अन्तर सरकारी हस्तान्तरण अन्तर्गत संघीय स्तरवाट रु. ३ अर्ब २ करोड ११ लाख (कूल प्राप्ति अनुमानको ४७ प्रतिशत) र प्रदेश स्तरवाट रु. ५४ करोड ६१ लख (८ प्रतिशत) प्राप्त हुने अनुमान गरिएकोछ। यसका साथै पालिकाको आन्तरिक स्रोत अन्तर्गत राजस्व परिचालनवाट रु. ४५ करोड ८८ लाख (कूल प्राप्ति अनुमानको करिव ७ प्रतिशत) र न्यून वित्त परिचालनका लागि नगर विकास कोषवाट लिइने ऋण र अघिल्लो आर्थिक वर्षको बैंक मौज्दातवाट आवश्यकता हेरी रु. २ अर्ब ४२ करोड ४५ लाख (कूल प्राप्ति अनुमानको करिव ३८ प्रतिशत) परिचालन गर्ने अनुमान गरिएकोछ(चित्र ४.३.४) ।

**तालिका नं ४. ३.२ नगरपालिकाको संचित कोष अन्तर्गत आयको प्रक्षेपण**

(आ.व २०७७/७८ को मूल्यमा रु. लाखमा)

| विवरण | ०७७/७८ यथार्थ | ०७८/७९ अनुमान | ०७९/८० प्रक्षेपण | ०८०/८१ प्रक्षेपण | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | आवधिक योजनाको जम्मा आय |
|---|---|---|---|---|---|---|---|
| नगरपालिकाको कुल प्राप्ति | ९,०३० | ११,५९४ | १२,२१६ | १२,८६८ | १३,५५४ | १४,२७३ | ६४,५०५ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ६,३६८ | ६,४१२ | ६,७५१ | ७,११२ | ७,४९६ | ७,९०१ | ३५,६७२ |
| संघीय अनुदान | ४,५२५ | ४,४९८ | ४,७३७ | ४,९९२ | ५,२६२ | ५,५४८ | २५,०३७ |
| संघीय राजस्व बाँडफाँड | ८९२ | ९३७ | ९८३ | १,०३२ | १,०८४ | १,१३८ | ५,१७४ |
| प्रदेश अनुदान | ६५१ | ६६२ | ७०० | ७४१ | ७८५ | ८३२ | ३,७२० |
| प्रदेश राजस्व | | | | | | | |

| विवरण | ०७७/७८ यथार्थ | ०७८/७९ अनुमान | ०७९/८० प्रक्षेपण | ०८०/८१ प्रक्षेपण | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | आवधिक योजनाको जम्मा आय |
|---|---|---|---|---|---|---|---|
| बाँडफाँड | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | ३८३ | १,७४१ |
| आन्तरिक स्रोत | २,६६२ | ५,१८२ | ५,४६५ | ५,७५६ | ६,०५८ | ६,३७२ | २८,८३३ |
| आन्तरिक राजस्व | २०६ | ७९५ | ८७१ | ९२० | ९७४ | १,०२८ | ४,५८८ |
| न्यून वित्त परिचालन | २,४५६ | ४,३८७ | ४,५९४ | ४,८३६ | ५,०८४ | ५,३४४ | २४,२४५ |

**स्रोतः** नेपाल सरकारको आ.व.२०७८/७९ को अन्तर सरकारी वित्तीय हस्तान्तरण, बागमती प्रदेशको आ.व. २०७८/७९ अन्तर सरकारी वित्तीय हस्तान्तरण, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको जानकारी पुस्तिका, पालिकाको वित्तीय विवरण र **SuTRA Data.**

## चित्र ४.३.४ आवधिक योजनाको लागि आन्तरिक स्रोत परिचालन



# परिच्छेद - ५
# आर्थिक विकास

### समष्टिगत आर्थिक स्थिति

यस नगरपालिकाको कुल गार्हस्थ उत्पादन आर्थिक वर्ष २०७७/७८ मा रु. २ अर्ब ४५ करोड २२ लाख रहेको छ। यस नगरपालिकामा बेरोजगारी १८ प्रतिशत रहेको छ । प्रतिब्यक्ति कुल गार्हस्थ उत्पादन रु. ५१,४२१ रहेको छ । प्रतिब्यक्ति आय रु. अमेरीकी डलर ५३९.४ रहेकोछ भने पाल्मा अनुपात (Palma Ratio) ०.४ रहेको छ । पाल्मा अनुपात ०.४ भएकाले आयको असमानता निकै कम देखिएको छ ।

योजनाले परिकल्पना गरेका आर्थिक, सामाजिक लक्ष्य प्राप्ति हुने हो र पूर्वाधारमा लगानी भई सुशासन कायम गर्न सक्ने हो भने यो योजना अवधिमा कुल गार्हस्थ उत्पादन बार्षिक औसत ३.५९% ले वृद्धि हुने अनुमान गरिएको छ भने कृषि क्षेत्रको ७.३%, उद्योग क्षेत्रको ११.७% र सेवा क्षेत्रको ८.८% वृद्धि हुने अनुमान छ।

**आवधिक योजनाको परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०८२/८३ |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादन | रु. करोडमा | २४५ | ३१० |
| २ | आर्थिक वृद्धि | प्रतिशत | १.२३ | ४.९३ |
| ३ | वार्षिक प्रतिव्यक्ति आय | यु.एस. डलर | ५३९.४ | ६५७.८ |
| ४ | बेरोजगारी | प्रतिशत | १८ | ५ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | रु. करोडमा | १०८.७ | १३५.३ |
| ७ | कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको योगदान | रु. करोडमा | १२३.९२ | १५८.१५ |
| ८ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन लगायत सेवा क्षेत्रको योगदान | रु. करोडमा | १२.६५ | १७.४३ |
| ९ | साक्षरता | प्रतिशत | ७४.८५ | १०० |

## ५.१ कृषि तथा पशुपन्छी विकास

### ५.१.१ पृष्ठभूमि

दिगो विकास लक्ष्य हासिल गर्ने क्रममा नेपालको पन्ध्रौं योजनाले भोकमरीको अन्त्य गरी मुलुक भर खाद्य सुरक्षणको प्रत्याभूति गर्न संघ, प्रदेश र स्थानीय तह समेत मिलेर व्यावसायिक कृषि विकासको लगानी परिचालन हुने कुरा उल्लेख गरेको छ । खाद्य सुरक्षा, कृषिजन्य उद्योगका लागि कच्चा पदार्थ तथा अधिकांश निकासीजन्य वस्तुहरू समेत कृषि क्षेत्रबाटै हुने भएकाले कृषि व्यवसाय नेपाली जनजीविकाको माध्यम मात्र नभई समग्र आर्थिक विकासको आधारशिला पनि हो ।

संविधानमा कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको अधिकार स्थानीय तहमा रहने व्यवस्था रहेको छ। दीगो विकास लक्ष्य, पन्ध्रौं योजना र प्रदेशको आवधिक योजनामा पनि कृषिलाई प्राथमिकता दिइएको छ। साथै स्थानीय सरकार सञ्चालन ऐनमा कृषि तथा पशुपालन सम्बन्धी स्थानीय नीति, कानून, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमनको अधिकारको व्यवस्था गरिएको छ।

### ५.१.२ विद्यमान अवस्था

यस नगरपालिकाको कुल गार्हस्थ उत्पादन रु. २४५.२२ अर्व रहेको छ भने कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ४४.३ प्रतिशत रहेको छ । यस नगरपालिकामा कृषि योग्य जमिन कुल क्षेत्रफलको ७०.६४% छ । यस नगरपालिकामा माटोको बनावट मुख्यतः चिम्टाइलो, दोमट, बलौटे, तथा रातो देखिन्छ । चिम्टाइलो पाङ्गो माटो भएको कारण धान, गहुँ, तरकारी खेतीका लागि उपयुक्त छन् । समथर भागमा पाँगो माटो पाइने भएकोले यो क्षेत्र खेतीयोग्य रहेको छ । त्रिशूलीको उब्जाउ फाँटहरू तरकारी बालीको व्यावसायिक खेतीका लागि प्रख्यात छ ।

यस नगरपालिकामा धान, मकै, गहुँ, कोदो, आलु तरकारीको उत्पादन क्रमशः १६१६५ मे टन, ७५४० मे टन, १९९५ मे टन, ६३५ मे टन, २५७०७ मे टन र १९२७६ मे टन रहेको छ। गाई र भैंसी को संख्या ६५८६ र ९४३७ रहेको छ । दूध उत्पादन ६४३९ हजार लिटर र मासु उत्पादन ४९९८ मे टन रहेको छ। त्यसै गरी ३५,८९७ बाख्रा, २०८ सुँगुर र ५१३,३८० कुखुराको संख्या रहेको छ। यस नगरपालिका कृषकहरूले पशुजन्य उत्पादनबाट वार्षिक करिब रु. ३१ करोड ६५ लाख ३४ हजार आम्दानी हुने गरेको छ ।

कृषिमा राम्रो सम्भावना भएता पनि कृषिबाट खाद्य सुरक्षालाई पुर्ण ग्यारेन्टी दिन सक्ने अवस्था भने सृजना भएको छैन । कृषि तथा पशुपालन यहाँको मुख्य पेसा भएपनि खाद्य सुरक्षाको हकमा तीन महिनासम्म आफ्नै उत्पादनले खानपुग्ने घरपरिवार १२=३ प्रतिशत, ४ देखि ६ महिनासम्म धान्ने परिवार ३३.७ प्रतिशत, ७ देखि ९ महिनासम्म पुग्ने परिवार २२=९ प्रतिशत र ९ महिनाभन्दा बढी पुग्ने परिवार ३१=२ प्रतिशत रहेको छ ।

### ५.१.३ प्रमुख समस्या

व्यावसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, कृषिमा आधुनिक प्रविधि र सामग्री भित्रिन नसक्नु, सिँचाइ सुविधाको कमी, बजारसँगको पहुँच न्यून हुनु, कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको ऋण व्यावसायिक कृषि तथा पशुपालनमा

लगानी हुन नसक्नु, मूल्य सूचना वारे जानकारी नहुनु, कृषि कर्जा, बीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु, भूउपयोग योजना लागू गरी कृषि भूमिको खण्डीकरण रोक्न नसकिनु आदि जस्ता पक्षहरू कृषि मूल्य श्रृंखलाका क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

### ५.१.४ अवसर र चुनौती

**अवसर**

बेलकोटफाँट, कुमरीफाँट, मदानपुर, जिलिङ बेसीफाट, महादेवफाँट, तथा कोल्पुटारफाँट जस्ता उब्जाउ फाँटमा भूउपयोग योजना लागू गरी व्यवस्थित बस्ति विकासका साथै व्यावसायिक कृषि पकेटको नीतिगत अवधारणाबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने, नगरपालिकाको १३ वटै वडामा ससाना पाइप सिँचाइ ग्राभिटि प्रणालीका नहर, कुलो, र लिफ्ट प्रणालीको झण्डै १०० सिँचाइ प्रणालीहरूबाट सिँचाइ सुविधा उपलब्ध हुन सक्ने, बैकल्पिक सिँचाइको प्रयोग गर्न सकिने र कृषिजन्य उद्योगका रूपमा डेरी, पोल्ट्री, माछापालन, कृषि मिल, तरकारी प्याकेजिङ, मौरी पालन, अलैंची, चिया तथा कुटान पिसानि सँग सम्बन्धित उधोगहरू सञ्चालन गर्न सकिने देखिन्छ ।

उल्लिखत अवस्थासहित बेलकोटगढी नगरपालिका देशको राजधानी काठमाडौंबाट नजिकको दुरीमा रहकाले व्यावसायिक कृषि तथा पशुपालनबाट रोजगारी र आयमा वृद्धि र पर्यटन क्षेत्रको विकासमा राम्रो अवसर रहेको छ ।

**चुनौती**

तीव्र शहरीकरणसँगै महादेव बेसीफाँटको उर्वर कृषि भूमिमा परेको शहरीकरणको चापलाई वैज्ञानिक भूउपयोग नीतिको माध्यमबाट कृषि सहितको ब्यवस्थित शहरीकरणको दिशा तर्फ निर्देश गर्नु, व्यावसायिक कृषि तथा पशुपालनको क्षेत्रमा युवा ब्यवसायीलाई आकर्षित गर्नु, कृषिमा रहेको न्यून लगानी वृद्धि गर्नु, भरपर्दो तथा पर्याप्त सिँचाइ सुविधाको व्यवस्था गर्नु, र स्थानीय तुलनात्मक लाभका क्षेत्र वा वस्तुको पहिचान गरी स्थानीय रोजगार सृजना गर्नु यस नगरपालिकाका मुख्य चुनौतीका रूपमा रहेका छन् ।

### ५.१.५ लक्ष्य

व्यवसायिक कृषि तथा पशुपालनका माध्यमबाट आयस्तरमा वृद्धि भएको हुने।

### ५.१.६ उद्देश्य

१. व्यावसायिक खेतीको माध्यमबाट कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

२. उन्नत पशुपालनको माध्यमबाट आयस्तरमा वृद्धि गर्नु ।

### ५.१.७ रणनीति र कार्यनीति

उल्लिखित बमोजिमका उद्देश्यहरू हासिल गर्न देहाय बमाजिमका मुख्य रणनीति तथा कार्यनीति अगाडि सारिएको छः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १.** व्यावसायिक खेतीको माध्यमबाट कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु । | |
| १.१ पकेट क्षेत्र निर्धारण गरी खाद्यान्न (धान, मकै, गहुँ,), तरकारी, गुणस्तरीय | १.१.१ बेलकोटफाँट, कुमरीफाँट, मदानपुर, जिलिङ बेसीफाट, महादेवफाँट, कोल्पुटारफाँटलाई विशेष कृषि पकेट क्षेत्रमा विकास गर्न कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन, सहित जैविक उत्पादन विक्री केन्द्रको स्थापना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| बीउ उत्पादनका लागि मल, प्रविधि, र बजार व्यवस्थापन गर्ने । | १.१.२ भिरालो भागहरूमा रहेका कृषि पकेट क्षेत्रमा टनेल फार्मिङ, उन्नत विउ उत्पादन कार्यक्रम, र थोपा सिँचाइ प्रवर्धन सहित बीमा सेवाको पहुँचमा अभिवृद्धि गरिनेछ ।<br>१.१.३ कृषि बजार व्यवस्थापन लगायत उत्पादन मूल्य श्रृंखलाका हरेक चरणमा आर्थिक प्राविधिक सहयोग गरिनेछ ।<br>१.१.४ फलफूल (सुन्तला जात) विरुवाको उत्पादनमा जोड दिइनेछ ।<br>१.१.५ सहकारीको क्षमता अभिवृद्धि गरी कृषिमा लगानीमैत्री बाताबरण तयारीमा जोड दिइनेछ ।<br>१.१.६ आलु, गहुँ र मकैको बिज वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.७ कफी तथा अलैची नर्सरी स्थापना गरी गुणस्तरीय बिउहरू उत्पादन गरि कृषकलाई उपलब्थ गरिनेछ।<br>१.१.८ कृषि फर्म, कृषि समूह, कृषि सहकारी कार्यक्रम संचालन गर्न जोड दिइनेछ। |
| १.२ सिँचाइका परम्परागत तथा आधुनिक विधिको प्रयोगबाट सिँचाइको उपयुक्त प्रवन्ध गर्ने । | १.२.१ बेसी तथा नदी किनाराका समतल फाँट तथा खेतीयोग्य जमीनमा नहरबाट वा पानी लिप्ट गरी बाह्रै महिना सिँचाइ गर्न सकिने योजनाको कार्यान्वयन गरिनेछ ।<br>१.२.२ पुराना, पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोषको स्थापना गरिने छ ।<br>१.२.३ वैकल्पिक सिँचाइ जस्तै थोपा सिँचाइ, स्प्रिङकलर, प्लाष्टिक पोखरी आदिको प्रयोगबाट थप सिँचाइ सुविधा उपलब्ध गराइने व्यवस्था मिलाइने छ। |
| **उद्देश्य २. उन्नत पशुपालनको माध्यमबाट आयस्तरमा वृद्धि गर्नु** | |
| २.१ उन्नत नश्लका पशुपक्षी विस्तार गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने । | २.१.१ पशुपालनका लागि निर्धारित पकेटहरूमा कृषकको माग, स्थानीय हावापानी तथा भूगोलको अवस्था अनुसार उन्नत नश्लका पशुपक्षी पालनका लागि कृषकलाई आर्थिक तथा प्राविधिक सहयोग पुर्याइनेछ ।<br>२.१.२ कृत्रिम गर्भाधारण, एग्रोफेस्ट्री, सुपरनेपियर घास उत्पादन, र स्थानीय पशु आहारा उत्पादन जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।<br>२.१.३ दुग्ध संकलन तथा डेरी स्थापनाका लागि आर्थिक तथा प्राविधिक सहयोग सहित सहकारी, वित्तीय र बीमा सेवाको पहुँच अभिवृद्धि गरिनेछ ।<br>२.१.४ कुखुरा पालनलाई हरेक पकेट क्षेत्रमा विस्तार गरिनेछ ।<br>२.१.५ व्यावसायिक ट्राउट माछापालन विस्तार गरिने छ। |
| ३.१ वैज्ञानिक भूउपयोग योजना लागू गर्ने । | ३.१.१ दीर्घकालीन भूउपयोग योजनाको आधार पत्र तयार गरिने छ ।<br>३.१.२ भूमिलाई ऐनद्वारा निर्धारित मापदण्ड र स्थानीय भूगोल, आवश्यकता र अवस्थाको आधारमा वर्गीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.१.३ भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>३.१.४ भूउपयोग क्षेत्र नक्सा र योजना अद्यावधिक गरिनेछ । |

### ५.१.७ प्रमुख कार्यक्रम

- विशेष कृषि पकेट क्षेत्र निर्धारण ।
- भिरालो भागहरूमा रहेका कृषि पकेट क्षेत्रमा टनेल फार्मिङ।
- व्यावसायिक पशुपालन (गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा)।
- व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)।
- व्यावसायिक कुखुरा पालन।
- व्यावसायिक ट्राउट र अन्य जातको माछापालन।
- कृषि उत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण ।
- स्थानीय अवस्था अनुसार भूउपयोग योजनाबाट कृषि पकेट क्षेत्र निर्धारण ।
- उत्पादनको ब्रान्डिङ ।

### ५.१.८ अपेक्षित उपलब्धि

खाद्यान्न उत्पादन ३)२९५ मे. टन तथा नगदेवालीको (आलु र तरकारी) उत्पादन ५)२२८ मे. टन पुगेको हुने, दूधको वार्षिक उत्पादन १३.६ लाख लिटर पुगेको हुने, व्यावसायिक कृषक संख्या १५० पुगेको हुने, व्यावसायिक कृषि तालिम कार्यकर्ताको संख्या २० पुगेको हुने, सहकारीहरूले वचत परिचालनमा ३०% ले वृद्धि गरेका हुने, शत प्रतिशत कृषक परिवारको बैंक तथा वित्तीय संस्थामा खाता सञ्चालन भई आधारभूत वित्तीय सेवामा पहुँच पुगेको हुने ।

कृषि तथा पशुपन्छी क्षेत्रको नतिजा खाका तालिका नं १०.३.१ मा दिइएको छ।

## ५.२ पर्यटन

### ५.२.१ पृष्ठभूमि

नेपाल पर्यटनको ठूलो सम्भावना बोकेको मुलुक हो । पर्यटनको माध्यमबाट रोजगारीको अवसरमा वृद्धि गरी गरीबी निबारण गर्न र जनताको जीवनस्तरमा सुधार ल्याउन महत्वपूर्ण योगदान हुने देखिन्छ । नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटनको २.७ प्रतिशत रहेको छ ।

यस नगरपालिकाको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ०.२ प्रतिशत रहेको छ । काठमाडौंबाट नजिक रहेको बेलकोटगढी नगरपालिकामा खासगरी गढी तथा गुम्बा जस्ता प्रसिद्ध ऐतिहासिक स्थलहरू रहेका छन् । बेलकोटगढी, बागेश्वरीस्थान लगायत महत्वपूर्ण ऐतिहासिक तथा पुरातात्विक मन्दिरहरू रहेका छन् । बेलकोटगढी नगरपालिकामा धार्मिक तथा साँस्कृतिक पर्यटनको सम्भावना रहेको छ । धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाको संरक्षण तथा सम्वर्द्धनबाट यस नगरपालिकाको पहिचानमा अभिवृद्धि गर्न सकिन्छ ।

बेलकोटगढी नगरपालिकामा विविध जाति, धर्म, सस्कृतिका मानिसहरू बसोबास गर्ने भएकाले यहाँको विविधताले गर्दा यहाँ सांस्कृतिक पर्यटकीय क्षेत्रको सम्भावना पनि उच्च रहेको छ । यस नगरपालिकामा बग्ने नदीनालाहरू आफैमा पर्यटकीय सम्भावना रहेको महत्वपूर्ण पर्यटकीय स्थलका रूपमा रहेको छ । नगरपालिकाभित्र विभिन्न स्थानहरूबाट हिमसृङ्खलाहरूको दृष्यावलोकन गर्न सकिन्छ साथै नगरपालिकाभित्र विभिन्न भौगोलिक, ऐतिहासिक र धार्मिक पक्षको जानकारी तथा रमणीय स्थलहरूको अवलोकनबाट पर्यटकहरूले भरपुर मनोरञ्जन लिने गरेको पाइन्छ ।

पृथ्वीनारायण शाहले काठमाण्डौं उपत्यका माथि आक्रमण गरी विजय गर्न निर्माण गरेका गढीहरू मध्ये एउटा गढी बेलकोट गढी हो र यो ऐतिहासिक गढी लगायत ऐतिहासिक, भौगोलिक तथा धार्मिक महत्वका स्थानहरू रहेका छन् ।

### ५.२.२ विद्यमान अवस्था

यस नगरपालिकामा रहेका पर्यटकीय महत्वका स्थानहरूमा चिम्टेश्वर महादेव, दवाली, झिलकेश्वर महादेव, मकवानपुर पालुङ डाँडा, सिसौ घारी, भण्डार, कोटघर, गणेश मन्दिर, चमेरे गुफा, महामाया, सेउरेनी, बासुकी, मन्दिर, बेलकोट गढी, सेरा भन्ज्याङ, खनिया खर्क, फता पौवा, डाडा गाउँ, माझगाउँ, मालिका थान, मालिका खर्क हुन। बाल पार्क बनाउन उपयुक्त स्थानहरू तिगौन, डिकिचौर हुन।

### ५ २.३ प्रमुख समस्या

पर्यटन विकास गुरूयोजना अनुसार पर्यटकीय स्थल र उपजहरूको वृहत रूपमा पहिचान हुन नसक्नु, यातायात सुविधाको कमी हुनु, पर्यटकीय उद्यान तथा पैदल यात्रा मार्गहरूको विकास हुन नसक्नु, आतिथ्य सेवा सम्बन्धी तालिमको अभाव, सञ्चार सुविधा तथा पर्यटक सुरक्षाको प्रवन्धमा कमी हुनु, पर्यटकीय होटल, होमस्टे आदिको अवस्था कमजोर हुनु, प्रचार प्रसारको कमी हुनु, तालिम प्राप्त पर्यटकीय जनशक्तिको कमी हुनु, मौलिक संस्कृतिको क्षय हुँदै जानु, स्थानीय खानपिन भेषभूषा लोप हुँदै जानु, आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.२.४ अवसर र चुनौती

**क) अवसर**

बेलकोटगढी, सेरा भन्ज्याङ, खनियाखर्क, फता पौवा, डाडा गाउँ, दलितटोल, माझगाउँ, मालिका थान, मालिका खर्क, डडुवा, कुमरीदेवी, रातमाटे, महादेव फाँट, धन सार, बाझ डाँडा, लप्सी टोल, सिउरेनी, काम धेनु, बाराहीथान, जस्ता ऐतिहासिक, धार्मिक र भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण सहित ती ठाउँहरूको प्रचार प्रसार गर्न सकेमा यस नगरपालिकामा पर्यटन विकास विस्तार हुने सम्भावना रहेको छ ।

जैविक विविधता, रमणीय जलाधार क्षेत्रहरू र त्रिशूली नदी प्रणाली विद्यमान रहेकोले पयर्टनको सम्भावना उच्च रहेको छ ।यस पालिकामा व्यावसायिक ट्राउट माछापालनको ठूलो सम्भावना रहेको छ र यसको थालनी समेत भैसकेको छ । ट्राउट माछापालनले यहाँ पयर्टनको थप विकास हुने अवसर सृजना गरेको छ ।

**ख) चुनौती**

उल्लिखित अवसरसँगै (क) बेलकोटगढी नगरपालिकाका १३ वटै वडाका कच्ची धुले सडकहरूलाई स्तरोन्नती गरी सर्वयाम चल्ने सडक निर्माण गर्नुका साथै पर्यटकीय स्थलहरूसँग जोडनु, (ख) पर्यटनको गुरुयोजना सहित योजनाबद्ध रूपमा पर्यटीय स्थलको पूर्वाधार निर्माण तथा प्रचार प्रसार गर्नु, (ग) वन, वातावरण तथा जैविक विविधता संरक्षण गर्नु तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्नु तथा अनुकूलन गर्नु र (घ) नगरपालिका क्षेत्रमा होम स्टे, र होटेलको उचित व्यवस्था गर्नु तत्कालीन चुनौतीका रूपमा रहेका छन् ।

### ५. २.५ लक्ष्य

गुणस्तरीय पर्यटन विकाससँगै पर्यटक संख्या बढेको हुनेछ ।

### ५. २.६ उद्देश्य

(१) ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्नु ।

(२) पर्यटन पूर्वाधार विकास तथा प्रवर्धन गरी रोजगारीको माध्यमबाट आय स्तरमा वृद्धि गर्नु ।

### ५. २.७ रणनीति र कार्यनीति

माथि उल्लेख भए बमोजिमका उद्देश्यहरू हासिल गर्न देहाय बमाजिमका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य (१) ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्नु ।** | |
| १.१ नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान गरी पर्यटकीय क्षेत्र विस्तार गर्ने । | १.१.१ बेलकोटगढी, सेरा भन्ज्याङ, खनिया खर्क, फता पौवा, डाडा गाउँ, दलितटोल, माझगाउँ, मालिका थान, मालिका खर्क, डडुवा, कुमरीदेवी, रातमाटे, महादेव फाँट, धन सार, बाझ डाँडा, लप्सि टोल, सिउरेनी, काम धेनु, बाराहीथान, जस्ता ऐतिहासिक, धार्मिक र भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न गुरुयोजना योजना तयार गरिनेछ ।<br>१.१.२ नगरपालिका, प्रदेश, र निजीक्षेत्र समेतको लगानी परिचालन गरी पर्यटन विकास गुरुयोजनाले निर्देशित गरेको योजनाको कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य (२) पयर्टनको विकास गरी आय र रोजगारीमा वृद्धि गर्नु ।** | |
| २.१ पर्यटकको आगमन संख्या र बसाई अवधिमा वृद्धि गर्ने । | २.१.१ पर्यटन सूचना केन्द्र स्थापना मार्फत पर्यटकीय सम्भावनाको प्रचार प्रसार गरिनेछ । |
| | २.१.२ नगरपालिका, समुदाय र पर्यटन व्यवसायीहरूसँगको साझेदारीमा होमस्टेको प्रर्वद्धन तथा विस्तार गरिनेछ । |
| | २.१.३ पर्यटकीय व्यवसायका लागि पर्यटक गाइड, कुक, वेटर आदि तालिम कार्यक्रम संचालन गरिनेछ । |
| | २.१.४ काठमाण्डौ-गल्छी-विदुर- रसुवा करीडोरमा पर्ने महादेवबेसी फाँट र हाल नगरपालिका रहेको बाघखोर लगायतका ठाउँमा स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना गरिनेछ । |

### ५.२.८ प्रमुख कार्यक्रम

- पर्यटन विकास गुरूयोजना निर्माण ।
- एतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण ।
- स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना।
- अन्तर जिल्ला पर्यटकीय पैदल मार्गको पहिचान, नक्सांकन तथा निर्माण ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार ।

### ५ २.९ अपेक्षित उपलब्धि

आन्तरिक र बाह्य पर्यटकको संख्या वार्षिक १५०० जना पुगेको हुने, पर्यटन क्षेत्रमा ४० जना व्यक्तिहरूले रोजगार प्राप्त गरेका हुने, पर्यटकको बसोबासको लागि १५ वटा होमस्टेहरू सञ्चालनमा रहेका हुने, दश वटा व्यवस्थित पर्यटकीय स्थलहरू पूर्वाधारयुक्त भई व्यवस्थित रूपमा सञ्चालन हुनेछन् ।

पर्यटन क्षेत्रको नतिजा खाका तालिका नं १०.३.२ मा दिइएको छ।

## ५.३ उद्योग, व्यापार तथा व्यवसाय

### ५.३.१ पृष्ठभूमि

उद्योग क्षेत्र आयात प्रतिस्थापन गर्न महत्वपूर्ण योगदान गर्ने क्षेत्रका रूपमा रहेको छ । नेपालमा यस क्षेत्रको कुल गार्हस्थ उत्पादनमा १४.६ प्रतिशत योगदान रहेको छ । उद्योगको विकासले मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारस्तम्भ पनि हो ।

बेलकोटगढीका उद्योगको विस्तार भने निकै कम भएको छ र खास गरी कृषिमा आधारित घरेलु उद्योगको सुस्त गतिमा विस्तार भएको देखिन्छ । त्रिशूली नदीबाट निर्माण सामग्री खासगरी ढुङ्गा, गिट्टी, वालुवा निकाल्ने काम तीव्रछ । केही समय यता देखि इटा भट्टाले कृषि भूमिलाई विस्थापन गरेको छ ।

### ५.३.२ विद्यमान अवस्था

नगरपालिकाभित्र व्यवसाय गर्नेको सङ्ख्या २४८ रहेको छ । बेलकोटगढीका अधिकांश बस्तीहरू पहाडी भूभागमा छरिएर रहेकाले ब्यवस्थित बजारको रूपमा विकसित हुन सकेको छैन । महादेव वेसी फाँटको समथर भूभागमा काठमाण्डौ-गल्छी-देवीघाट सडक सञ्जालको वरीपरी बजारको विकास भैरहेको छ । यस फाँटमा साना उद्योग / व्यापार व्यवसायको क्रमशः विस्तार भैरहेको छ ।

यस नगरपालिकाको क्षेत्राधिकारमा पर्ने सामुदायिक वनको क्षेत्रफल ३४२३.८६ हेक्टरको आधारमा जम्मा मौज्दात करिब ५२१३८५.४ घ.मि. रहेको अनुमान गरिएको छ । डिभिजन वन कार्यालयको तथ्याङ्क अनुसार यस नगरपालिकामा ४८ ओटा समुदायिक वन रहेका छन् ।

### ५.३.३ प्रमुख समस्या

बेलकोटगढीमा कृषि तथा पशुपालनमा आधारित उद्योग सञ्चालन गर्न सकिने सम्भावना रहेता पनि उद्यमशीलता तथा सीपको कमी, उद्योग तथा औद्योगिक ग्रामको स्थापना हुन नसक्नु, प्राविधिक जनशक्ति को कमि हुनु लगानीको लागि वित्तीय पहुँच कमजोर हुनु, सहकारीको लगानी उद्यम विकासतर्फ परिचालित हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.३.४ अवसर र चुनौती

**अवसर**

नेपाल सरकारको एक पालिका एक औद्योगिक ग्राम स्थापनाको नीति रहनु, लघु, साना तथा घरेलु उद्योग व्यवसायको दर्ता, प्रबर्द्धन र नियमन स्थानीय नगरपालिकाको अधिकारक्षेत्रभित्र रहनु, काठमाडौंबाट नजिकको भौगोलिक दूरीमा रहेको र केन्द्रीय यातायात प्रणालीसँग जोडिएकोले बेलकोगढीमा व्यावसायिक पशुपालन संगै डेरी उद्योगको विस्तार गर्न सकिने सम्भावना हुनु, कृषि उत्पादनमा आधारित घरेलु, साना तथा मझौला उद्योग सञ्चालन गर्न सकिने, पर्यटन व्यवसायको विस्तारसँगै हस्तकला तथा अन्य कोसेलीका लागि साना तथा मझौला उद्योगको अवसर सृजना गर्न सकिने देखिन्छ । जडीबुटी प्रशोधन सँग सम्बन्धित साना तथा मझौला उद्योग स्थापना गर्न सकिने अवस्था समेत देखिन्छ ।यहाँ औद्योगिक ग्रामको स्थापना गरी खाद्यान्न, तरकारी, फलफूल, र पशुपालनमा आधारित घरेलु, साना तथा मझौला उद्योगको विकास गर्न सकिन्छ ।

**चुनौती**

संघीय सरकार र प्रदेश सरकारको घरेलु उद्योग दर्ता सम्बन्धी नीति बाझिनु, घरेलु, साना तथा मझौला उद्योग सञ्चालन गर्न उद्यम विकासका लागि युवालाई यस क्षेत्रमा आकर्षित गर्नु र यस क्षेत्रमा बैंक, वित्तीय संस्था र सहकारीको लगानी परिचालन गर्नु, बिप्रेषणबाट प्राप्त आयलाई उद्योग व्यवसायमा लगानी गर्नु र उत्पादित वस्तुको बजार सुनिश्चित गर्नु उद्योग तथा व्यापार ब्यवसाय क्षेत्रका मुख्य चुनौती हुन ।

### ५.३.५ लक्ष्य

उद्यम व्यवसायको संख्या बढाउँदै थप रोजगारी सृजना भएको हुने ।

### ५.३.६ उद्देश्य

(१) उद्योग, व्यापार व्यवसाय विकासको माध्यमबाट रोजगारी सृजना गरी आयस्तरमा वृद्धि गर्नु ।

(२) स्थानीय तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन गर्न आवश्यक व्यावसायिक वातावरण (इकोलोजी) तयार गर्नु ।

### ५.३.७ रणनीति र कार्यनीति

उपरोक्त बमोजिमका उद्देश्यहरू हासिल गर्नका लागि निम्न अनुसारका रणनीति तथा कार्यनीति अख्तियार गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य (१)** उद्योग, व्यापार व्यवसाय विकासको माध्यमबाट रोजगारी सृजना गरी आयस्तरमा वृद्धि गर्नु । | |
| १.१ प्राविधिक ज्ञान र उद्यमशीलता विकासको माध्यमबाट युवा समूहलाई उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा आकर्षित गर्नका लागि उद्योगमैत्री नीति निर्माण र व्यवस्थापन गर्ने । | १.१.१ उद्योग, व्यापार र व्यवसायमैत्री नीति र ऐन, कानून निर्माण गरी बेलकोटगढीमा एउटा औद्योगिक ग्राम स्थापना गरिनेछ ।<br>१.१.२ वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीप अनुरूप उद्योग व्यवसाय क्षेत्रमा लगानी गर्न कर छुट, तथा सहुलियत ऋण परिचालन गरिनेछ ।<br>१.१.३ स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि सीप विकास तथा तालिम कार्यक्रमहरू संचालन गरिनेछ ।<br>१.१.४ तयार गरिएको उद्यम,व्यवसाय योजनाका सुझावहरूलाई योजनाबद्ध रूपमा लागू गरिने छ |
| **उद्देश्य (२) स्थानीय तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन गर्न आवस्यक व्यावसायिक इकोलोजी तयार गर्नु ।** | |
| २.१ तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने । | २.१.१ बेलकोटगढीलाई कृषि पकेट क्षेत्रमा थप पूर्वाधारको विकास गरी स्थानीय कृषि उपज प्रशोधन सम्बन्धी उद्योगहरूको स्थापना र विकासमा प्रोत्साहन गरिने छ ।<br>२.१.२ स्थानीय उत्पादनको ब्राण्डिङ्ग गरी उत्पादनको बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग सञ्जालीकरण र सहकार्य गरिनेछ ।<br>२.१.३ महादेव वेसी लगायत मुख्य ठाउँमा उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना गरिनेछ ।<br>२.१.४ विषयगत उत्पादन संस्था र उद्योग वाणिज्य संघसँगको |

| रणनीति | कार्यनीति |
|---|---|
| | सहकार्यमा सबै किसिमका उद्योग, व्यापार व्यवसायलाई दर्ता गरी अभिलेखीकरण गरिनेछ । |

### ५.३.८ प्रमुख कार्यक्रम

- बेलकोट औद्योगिक ग्राम स्थापना ।
- तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन ।
- कृषि पकेट क्षेत्रमा स्थानीय कृषि उपज प्रशोधन सम्बन्धी उद्योग स्थापना ।
- स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण।

### ५.३.९ अपेक्षित उपलब्धि

एउटा उद्योग ग्राम स्थापना भएको हुने, कम्तिमा ५ वटा तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन भएका हुने, दूध उत्पादन हरेक वर्ष ५% ले वृद्धि भएको हुने ।

उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको नतिजा खाका तालिका नं १०.३.३ मा दिइएको छ।

## ५.४ बैंक, वित्तीय तथा सहकारी विकास

### ५.४.१ पृष्ठभूमि

स्थानीय स्तरमा सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि, र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमा योगदान दिन सक्तछ । नेपाल सरकारले निजी क्षेत्र, सरकार, र सहकारी सहितको तीन खम्वे नीतिलाई आत्मसात गरेको छ । खासगरी वित्तीय पहुँचमा अभिवृद्धि, महिला सशक्तिकरण, नेतृत्व विकास तथा क्षमता विकास, उद्यमशीलता प्रवर्द्धन, सामाजिक एकीकरण र गरीवी न्यूनीकरणमा सहकारीको महत्वपूर्ण भूमिका देखिएको छ ।यस नगरपालिकामा हाल एउटा बैक तथा ५० वटा सहकारी संस्थाहरूले उल्लिखित क्षेत्रमा रूपान्तरणकारी भूमिका खेल्न सक्तछन् ।

### ५.४.२ विद्यमान अवस्था

यस नगरपालिकाभित्रका जम्मा घरपरिवार सङ्ख्यामध्ये २ हजार ९ सय ६० घरपरिवारको बैंकमा खाता रहेको छ भने २ हजार ८ सय २२ घरपरिवारको बैंकसम्म पहुँच नपुगेको देखिन्छ । बैंक खाता भएका घर परिवार ५४.०३ प्रतिशत रहेको छ । जनताको बैंक तथा वित्तीय संस्थासम्म पहुँचमा वृद्धि भएको छ ।

### ५.४.३ प्रमुख समस्या

सहकारी साक्षरतामा कमी हुनु, उद्यमशीलतामा कमी हुनु, ऋण तथा बचत सहकारीको बाहुल्यता हुनु, सहकारी संस्थाहरूले स्थानीय कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न नसक्नु, सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास नहुनु, अपेक्षित रूपमा ससाना वचत परिचालन गर्न नसक्नु, उत्पादनशील क्षेत्रमा लगानी नहुनु, करीव २० वटा सहकारीले लेखा परीक्षण समेत नगराउनु र पुँजी निर्माणको क्षेत्रमा न्यून लगानी हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.४.४ अवसर र चुनौती

**अवसर**

यस नगरपालिकामा रहेका ५० वटा सहकारी संस्थाले व्यावसायिक कृषि, उन्नत पशुपन्छी पालन र साना तथा घरेलु उद्योगमा लगानी गर्न सक्ने, बैंक तथा वित्तीय संस्थाको नगरपालिकामा उपस्थिति रहनु, नेपाल सरकारको उद्योग व्यवसायमा लगानी वृद्धि गर्न प्रोत्साहनको नीति रहनु, कोभीड-१९ को कारण वैदेशिक रोजगारीबाट घर फर्केका केही युवाहरूले गाउँमा नै व्यावसायिक कृषि तथा पशुपालनको थालनी गर्नु आदि अवसर देखिन्छ ।

**चुनौती**

नगरपालिकामा विद्यमान बैंक तथा कृषि सहकारीहरूको लगानीलाई व्यावसायिक कृषि तथा पशुपन्छी पालन र दुग्ध डेरी उद्योगमा लगानी गर्न आकर्षित गर्नु, युवाहरूलाई स्वरोजगार तथा स्टार्ट अप व्यवसायमा आकर्षित गर्नु, सहकारी संस्थाहरूलाई व्यवस्थापन तथा उद्यमशीलता बारे तालिम दिइ सक्षम वनाउनु, वाणिज्य बैक र वित्तीय संस्थाको लगानीलाई उत्पादन शील व्यवसायमा लगानी गर्न सक्नु, वास्तविक लगानीको तथ्यांक राख्न सक्नु आदि चुनौतीका रूपमा रहेका छन् ।

### ५.४.५ लक्ष्य

वितीय लगानी वृद्धिबाट उद्यमशीलता सृजना भएको हुने।

### ५.४.६ उद्देश्य

(१) वडाको गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्नु ।

(२) सहकारी क्षेत्रको लगानी उत्पादनशील व्यावसायिक कृषि तथा पशुपालन लगायतका क्षेत्रमा उपयोग गर्नु ।

(३) सहकारी एवं वित्तीय संस्थाहरूको क्षमता अभिवृद्धि गर्नु।

### ५.४.७ रणनीति तथा कार्यनीति

माथि उल्लेख भए बमोजिमका उद्देश्यहरू हासिल गर्न देहाय बमोजमका रणनीति तथा कार्यनीति अख्तियार गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य (१) वडाको गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्नु ।** | |
| १.१ वडाको गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने । | १.१.१ १३ वटै वडामा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी स-साना बचत परिचालन मार्फत पुँजी निर्माण गर्न प्रोत्साहन गरिनेछ ।<br>१.१.२. ५० वटै सहकारी, बैंक तथा वित्तीय संस्थाहरूलाई उद्यम व्यवसायका क्षेत्रमा लगानी प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।<br>१.१.३ बैंकबाट प्रदान हुने सहुलियत दरको ऋण तथा अनुदानको उपयोगका सम्बन्धमा सूचना प्रवाह गरी जानकारी गराईनेछ ।<br>१.१.४ उद्यमशीलताको विकास गरी वित्तीय संस्थाबाट लगानी गर्न प्रोतसाहित गरिने छ। |
| **उद्देश्य (२) सहकारी क्षेत्रको लगानी उत्पादनशील व्यावसायिक कृषि तथा पशुपालन लगायतका क्षेत्रमा उपयोग गर्नु ।** | |
| २.१ सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने । | २.१.१ सहकारीको उद्देश्य अनुरुप कृषि तथा गैर कृषिजन्य उत्पादनूलक उद्योग व्यवसायका लागि सहुलियतपूर्ण ऋण प्रवाह गराउन प्रोत्साहित गरिनेछ ।<br>२.१.२ सहकारी मार्फत कृषि पकेटक्षेत्र र पशुपालन क्षेत्रका कृषि, र पशुपालनका मुख्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी बजारीकरण गरिनेछ ।<br>२.१.३ सहकारी संस्थाहरूलाई स्थानीय स्रोत र साधनमा आधारित आर्थिक क्रियाकलापमा लगानी गर्न प्रोत्साहितगरिनेछ । |
| **उद्देश्य (३) सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।** | |
| ३. सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने । | ३.१.१. सहकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ ।<br>३.१.२. सहकारी सदस्यहरूमा सीप, प्रविधि तथा उद्यमशीलताको विकास गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.१.३. सहकारी सदस्यहरूलाई सहकारीको आधारभूत सिद्धान्त, मूल्य, |

| रणनीति | कार्यनीति |
|---|---|
| | आचार संहिता र कार्यविधिबारे अभिमूखीकरण गरिनेछ ।<br>३.१.४. लेखा परीक्षण नभएका २० वटा सहकारी संस्थाहरूलाई व्यवस्थित लेखा राख्न र लेखा परीक्षण गराउन र सहकारी व्यवस्थापन सम्बन्धी तालिम दिइनेछ । |

### ५.४.८ कार्यक्रम प्रमुख

- सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन, सञ्चालन।
- व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी।
- डेरी उद्योगमा सहकारीको लगानी ।
- माछापालनमा सहकारी ।
- व्यावसायिक कुखुरापालनमा सहकारीको लगानी ।
- मुख्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आबद्ध गरी बजारीकरण।
- सहकारी संस्थाहरूको क्षमता विकास ।

### ५.४.९ अपेक्षित उपलब्धि

सहकारीहरूले कृषि र पशुपन्छीपालन क्षेत्रमै अधिकांश हिस्सा लगानी गरेको अवस्था हुने, कृषि सहकारीहरूले १००% लगानी कृषि र पशुपालन क्षेत्रमै गरेका हुने, सहकारीहरूको संख्या ७० पुगेको हुने, शत प्रतिशत परिवारको बैंक तथा वित्तिय संस्थामा खाता सञ्चालन भई वित्तीय सेवामा आधारभूत पहुँच पुगेको हुने, शत प्रतिशत सहकारी संस्थाहरूले लेखा परीक्षण गरेका हुने र कानून अनुसार सबै सहकारीको अनुगमन भएको हुने ।

बैंक, वित्तीय तथा सहकारी विकास क्षेत्रको नतिजा खाका तालिका नं १०.३.४ मा दिइएको छ।

## ५.५ श्रम तथा रोजगार

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरी व्यावसायिक श्रम शक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित पूँजी, सीप, प्रविधि र अनुभवलाई उपयोग गरी मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकार पनि संविधानमा सुनिश्चित गरिएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफ्नो योजनामा समेटेको छ । विप्रेषणले नेपालको राष्ट्रिय अर्थतन्त्रमा प्रत्येक वर्ष ४.१ प्रतिशत योगदान गरेको छ ।

यस नगरपालिकाबाट वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढदोछ । यस नगरपालिकाबाट अधिकांश युवा तथा युवतीहरू रोजगारीको लागि खासगरी भारत, मलेसिया, दुबई, कतार आदि देशहरूमा जाने गरेको पाइन्छ । बन्दावन्दीको अवधिमा गाउँ फर्केका युवाहरूले वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभव समेत उपयोग गरी नयाँ व्यवसाय समेत थालेका छन् ।

### ५.५.२ विद्यमान अवस्था

यस नगरपालिकामा विभिन्न पेशा समूहमा आबद्ध भएको कुल जनसङ्ख्या मध्ये कृषि पेशामा ४३.०९ प्रतिशत जनसंख्या आबद्ध रहेको देखिन्छ । गृहिणीका रूपमा २४.१२ प्रतिशत छन् । निजी क्षेत्रको जागीरमा आबद्ध जनसंख्या १२.०९ प्रतिशत र सरकारी क्षेत्रको जागीरमा संलग्न २.३७ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा ३.७ प्रतिशत आबद्ध छन् । कोभिड-१९ भन्दा अघिको बेरोजगारी ४७३ जना बेरोजगार थिए भने यसपछिको अवस्थामा २६ जना थप बेरोजगार भएका छन् । बेलकोटगढी नगरपालिकाबाट ११२२ जना विदेशका विभीन्न ठाउँमा कामदारका रूपमा वस्दै आएका छन् । प्रति व्यक्तिले मासिक रु.१८,३०० रेमिटयान्स पठाउने अनुमानका आधारमा यस नगरपालिकामा वार्षिक रु. १२ करोड २४ लाख रेमिटयान्स भित्रिने अनुमान गर्न सकिन्छ ।

यस नगरपालिकाभित्र २५९ जना बुटिक, ८९ जना सूचना प्रविधि, ८३ जना निर्माण, ५७ जना कृषि, ५१ जना जनस्वास्थ्य, ३५ जना पशुस्वास्थ्य, ३२ जना मेकानिकल, १५ जना पर्यटन ३७ जना कला क्षेत्र र ५ जना वन विज्ञान सँग सम्बन्धित सीपयुक्त जनशक्तिले आर्थिक तथा सामाजिक विकासमा विशेष योगदान गरिरहेको विद्यमान अवस्था रहेको छ ।

कोभिड-१९ को दोस्रो लहरसँगै फेरि अर्को पटक बन्दाबन्दीको अवस्था झेल्न पर्दा उद्योग, कलकारखाना, यातायात, होटेल, रेस्टुँरा र अन्य सेवा प्रदायक संस्थाहरू र उत्पादनका इकाईहरू शिथिल हुन पुगेका छन् ।

### ५.५.३ प्रमुख समस्या

युवा जनशक्तिको बढ्दो आकार र चाहना अनुसार स्वदेशमा रोजगारीको अवसर सृजना गर्न नसक्नु, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम नरोकिनु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको अभाव र विप्रेषण आयको उपयोग (लगानी) उत्पादनमूलक क्षेत्रमा हुन नसक्दा उपभोगमा खर्च बढ्दो हुनु मुख्य समस्याका रूपमा देखिएका छन् ।

### ५.५.४ अवसर र चुनौती

**अवसर**

नेपाल सरकारले प्रत्येक स्थानीय तहमा १०० दिन रोजगारीको सृजना गर्ने गरी कार्यक्रम लागू गर्नु, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्वरोजगारी सृजनाको अवसर बढनु, औद्योगिक ग्राम स्थापना बाट रोजगारीका अवसरमा वृद्धि हुनु, भौतिक पूर्वाधार निर्माणमा बढदो लागानीले गर्दा रोजगारीका अवसर सृजना हुनु, बैक तथा विततीय सेवाको विस्तार हुनु, आर्थिक रूपले सक्रीय तथा जानसाख्यिक लाभ लिन सकिने जनसंख्या (४७.८ %) को बाहुल्यता रहनु, विदेशमा आर्जित विप्रेषण, प्रविधि र सिकेको सीप आफनो थातथलोमा प्रयोग गर्न थालनी भएको, सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ ।

**चुनौती**

अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकीकरणका सवालहरू हुनु, टोल/बस्तीमा रही युवाहरूलाईकाममा आकर्षण बढाउनु, नगरपालिकाका बस्तिस्तरमा रोजगारी सृजना गर्नका लागि स्थानीय सम्भावनाहरूको पहिचान र परिचालन गर्नु र वैदेशिक रोजगारको दिगो विकल्प दिनु मुख्य चुनौती रूपमा रहेका छन् ।

### ५.५.५ लक्ष्य

स्वरोजगारको अवसर वृद्धि भएको हुने ।

### ५.५.६ उद्देश्य

(१) नगरपालिका क्षेत्रमा भएको ज्ञान र सीपको अभिलेख तयार गरी युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गर्नु।

(२) वैदेशिक रोजगारीबाट घर फर्केका युवाको लागि व्यावसायिक कृषि तथा पशुपालन वा घरेलु तथा साना व्यवसाय सञ्चालन गर्न आवस्यक सहजीकरण गर्नु।

### ५.५.७ रणनीति र कार्यनीति

उल्लिखित बमोजिमका उद्देश्यहरू हासिल गर्न देहाय बमोजमका रणनीति तथा कार्यनीति अक्तियार गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य (१) नगरपालिका क्षेत्रमा भएको ज्ञान र सीपको अभिलेख तयार गरी युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गर्नु।** | |
| १.१ नगरपालिकामा रहेका श्रम र श्रमको माग | ११.१. नगरपालिका क्षेत्रभित्रको रोजगारीको तथ्यांक लिई अभिलेखीकरण र अद्यावधिक गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| सम्बन्धी अभिलेख तयार गर्ने । | १.१.२ १३ वटै वडामा स्वरोजगार तथा रोजगार सृजना हुने खालका व्यावसायिक कृषि तथा पशुपालन कार्यक्रमहरू संचालन गरिनेछ ।<br>१.१.३ भौतिक पूर्वाधारका योजनामा श्रममा आधारित नीति लिई स्थानीयस्तरमा रोजगारी सृजना गरिनेछ। |
| १.२ व्यावसायिक कृषि तथा पशपालन फर्म सञ्चालन गर्न युवा वर्गलाई विशेष प्राथमिकता दिने । | १.२.१ तुलनात्मक लाभ भएका व्यावसायिक कृषि तथा पशुपालन फर्म सञ्चालन गर्न युवा उद्यमीलाई आवस्यक अनुदान, सहुलियत ऋण तथा तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य (२) वैदेशिक रोजगारीबाट घर फर्केका युवाको लागि व्यावसायिक कृषि तथा पशुपालन वा घरेलु तथा साना व्यवसाय सञ्चालन गर्न आवस्यक सहजीकरण गर्नु।** | |
| २.१ वैदेशिक रोजगारीबाट फर्केका युवाहरूका लागि व्यवसाय सञ्चालन गर्न आवस्यक सहजीकरण गरिनेछ । | २.१.१ वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>२.१.२ नगरपालिकाभित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गरिनेछ ।<br>२.१.३ वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ । |

### ५.५.८ प्रमुख कार्यक्रम

(क) श्रम र श्रमको माग सम्बन्धी अभिलेखन ।
(ख) रोजगार सूचना केन्द्र स्थापना ।
(ग) वित्तीय साक्षरता कार्यक्रम संचालन ।
(घ) आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन ।
(ङ) व्यावसायिक सीप विकास तालिम सञ्चालन ।
(च) वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा ।

### ५.५.९ अपेक्षित उपलब्धि

श्रम र श्रमको माग सम्बन्धी अभिलेख तयार भएको हुने, विभीन्न सीपमूलक तालिम प्राप्त गरी स्वरोजगारीमा लाग्नेहरूको संख्या ९०० पुगेको हुने, वैदेशिक रोजगारीबाट फर्केका युवा/व्यक्तिहरूले कम्तिमा १० वटा व्यावसायिक कृषि तथा पशुपालन फर्म सञ्चालनमा लगानी गरेका हुने, कम्तीमा ९० जना श्रमिकले तालिम प्राप्त गरेर मात्र वैदेशिक रोजगारीमा गएका हुने।

श्रम तथा रोजगार क्षेत्रको नतिजा खाका तालिका नं १०.३.५ मा दिइएको छ।

### ५.५.१० प्राथमिकताका आयोजनाहरू (योजना बैंकमा समावेश गरी संचालन गरिने)

आर्थिक क्षेत्र अन्तर्गत प्राथमिकताका आयोजनाहरू निम्नानुसार छन् :

| क्र.सं | क्षेत्र | प्राथमिकताका आयोजनाहरू |
|---|---|---|
| १ | कृषि तथा पशुपालन | व्यावसायिक पशुपालन (गाई, भैंसी) ।<br>व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी) ।<br>व्यावसायिक कुखुरा पालन।<br>व्यावसायिक ट्राउट माछापालन।<br>भूउपयोग योजना तयार । |
| २ | उद्योग, व्यापार तथा व्यवसाय | बेलकोट औद्योगिक ग्राम स्थापना ।<br>स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण। |
| ३ | पर्यटन | पर्यटन विकास गुरूयोजना निर्माण ।<br>बाराहीथान , ऐतिहासिक, धार्मिक र भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण ।<br>महादेववेसी फाँट र बाघखोर लगायतका ठाउँमा स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना। |
| ४ | पूर्वाधार | कृषियोग्य भूमिमा सिँचाइ कुलो निर्माण, सडकहरू मर्मत सम्हार, खानेपानी, पार्टी पौवा, मठमन्दिर निर्माण लहायतका श्रममूलक आयोजना। |
| ५ | वन तथा जलाधार | वृक्षरोपण, जंगल संरक्षण, बाँध निर्माण तथा पहिरो, नदी नियन्त्रण आयोजना। |

# परिच्छेद - ६
# सामाजिक विकास

## ६.१ शिक्षा क्षेत्र

### ६.१.१ पृष्ठभूमि

शिक्षा मानव विकासको मूल आधार हो । संविधानले पनि आधारभुत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ भनें पन्ध्रौं योजना, दिगो विकासको लक्ष्यमा पनि शिक्षालाई महत्वका साथ स्थान दिइएको छ। संविधानले अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्दै यसलाई स्थानीय तहको एकल अधिकारको रूपमा स्थापित गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकसमेत स्थापित गरेको छ । शिक्षालाई समय सापेक्ष आधुनिकरण गरी रोजगारमूलक बनाई निजी क्षेत्रको लगानीलाई समेत नियमन र व्यवस्थापन गरी सेवामूलक तथा गुणस्तरीय शिक्षाको विकास गर्ने सरकारको प्रमुख नीति रहेको छ।

### ६.१.२ विद्यमान अवस्था

यस नगरपालिकामा साक्षरता दर ७४.८५ प्रतिशत रहेको छ (महिला ६७.०४ प्रतिशत पुरुष ८२.८२ प्रतिशत) रहेको छ । त्यसैगरी सिकाइ उपलब्धि दर ६० प्रतिशत रहेको छ । यस नगरपालिकामा शिक्षक विद्यार्थीको अनुपात आधारभूत तहमा १:२४ र माध्यमिक तहमा १:२७ रहेको छ भनें विद्यार्थी कक्षा कोठा अनुपात २०:१ छ । नगरपालिकाको खुद भर्ना दर बाल विकास केन्दको ८६ प्रतिशत, आधारभूतमा ९५.८४ प्रतिशत, र माध्यमिक तहमा ६०.६० प्रतिशत रहेको छ । खुद भर्ना दर ९२.८४ प्रतिशत छ । यसैगरी कक्षा छाड्ने दर आधारभूतमा ३.७ प्रतिशत, माध्यमिकमा ३.८ प्रतिशत रहेको छ । छात्र छात्रा अनुपात ८०:१०० छ भने आधारभूत तहका विद्यालय बाहिर रहेका बालबालिका ७.१६ छन् । अध्यनरत विद्यार्थी ९३१० छन् ।

### ६.१.३ मुख्य समस्या

सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम हुदैं जानु, बाल विकास केन्द्रको कुल भर्ना दर ११० र खुद भर्नादर ८६ प्रतिशत मात्र हुनु, प्राविधिक धारका विद्यालयहरूको चर्को शुल्क हुनु, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क शिक्षा र छात्रबृतिको समतामुलक वितरण प्रणालीको विकास हुन नसक्नु, शैक्षिक पूर्वाधार तथा अतिरिक्त क्रियाकलापको कमी, पूर्व प्राथमिक तहमा बालबालिका शैक्षिक सामग्रीको कमी हुनु, विषयगत तथा महिला शिक्षिकाको तालिमको कमी तथा सम्बन्धित निकायबाट पठनपाठन सम्बन्धि नियमितता भए नभएको प्रभावकारी अनुगमन तथा मूल्यांकन हुन नसक्नु, तथा कोभिड १९ को कारणले लामो समयसम्म विद्यालय बन्द रहनु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ६.१.४ अवसर र चुनौती

**अवसर**

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकारमा रहनु, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनु, एक स्थानीय तह एक प्राविधिक विद्यालयको नीति रहनु, विद्यालय नक्सांकन र

समायोजनको अधिकार स्थानीय तहमा रहनु, योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको उपलब्धता हुनु, शिक्षामा महिला शिक्षक र छात्राहरू को पहुँचमा वृद्धि हुनु, विपन्न, दलित, अपाङ्ग, छात्रा, सीमान्तकृत र जेहेन्दार विद्यार्थीहरूको पहुँचमा वृद्धि र प्रोत्साहन गर्न लागि दिवा खाजा, छात्रवृत्ति लगायत विविध कार्यक्रमहरू संचालनमा रहेका, शिक्षाप्रति अभिभावकहरू संबेदनशील हुँदै जानु र जनप्रतिनिधिहरूको प्राथमिकता रहनु आदि प्रमुख अवसरहरू हुन् ।

### चुनौती

विद्यार्थी संख्या कम भएका विद्यालयको समायोजन व्यवस्था गर्नु, विद्यालयलाई राजनीति मुक्त बनाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक शिक्षिकालाई ब्यवस्थित गर्नु, विद्यार्थी सिकाइ दरमा सुधार गर्नु, तालिम प्राप्त शिक्षक तथा प्रशासनिक जनशक्तिको व्यवस्था गर्नु, बिषयगत (गणित, विज्ञान, अग्रेजी आदि) दक्ष शिक्षकको व्यवस्था गर्नु, निजी र सामुदायिक विद्यालय वीच भएको शैक्षिक गुणस्तरमा समानता ल्याउनु, विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, विद्यालय छाड्ने दर कम गर्नु, बाल, अपाङ्ग तथा महिलामैत्री विद्यालय वनाउनु, विद्यालयमा खेलकुद पूर्वाधारको विकास गर्नु, पूर्व प्राथमिक शिक्षालाई समुदाय एवं विद्यालयस्तरमा संचालन गर्नु, प्राविधिक विद्यालय स्थापना र संचालन गर्नु, समय सापेक्ष विद्यालय पूर्वाधारको व्यवस्था गर्नु, कोभिड १९ लगायतका महामारीको अवस्थामा वैकल्पिक पठनपाठनको व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ६.१.५ लक्ष्य

गुणस्तरीय शिक्षाको विकास र पहुँचमा वृद्धि भएको हुने।

### ६.१.६ उद्देश्य

सबै बालबालिकाहरूको लागि प्रविधिमैत्री गुणस्तरीय शिक्षाको सुनिश्चिता गरी प्राविधिक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्नु ।

### ६.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः सबै बालबालिकाहरूको लागि प्रविधिमैत्री गुणस्तरीय शिक्षाको सुनिश्चिता गरी प्राविधिक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्नु ।** | |
| १.गुणस्तरीय शिक्षाको सुनिश्चितता का लागि विद्यालयको शैक्षिक गुणस्तरमा जोड दिने | • उच्च शिक्षाका लागि अन्यत्र जाने प्रवृत्तिलाई निरुत्साहित गर्न स्नातक तहमा अध्ययनरत विधार्थिको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।<br>• सरकारी स्रोतबाट तलब सुविधा लिने जनप्रतिनिधि, शिक्षक र कर्मचारीका बालबालिकाहरू सरकारी विद्यालयमा पठनपाठन गर्ने वातावरण सृजना गरिनेछ ।<br>• आवश्यक औचित्यका आधारमा विधालय स्थापना र मर्जको नीति लिइनेछ ।<br>• नगरपालिकाभित्रका सवै विद्यालयहरूमा दक्ष जनशक्तिका साथै इन्टरनेटको पहुँच वृद्धि, खेलमैदान, प्रयोगशाला जस्ता आधारभूत |

| | |
|---|---|
| | सुविधा उपलब्ध गराइनेछ ।<br>• प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थी र शिक्षक कक्षा कोठाको अनुपात मिलाई शैक्षिक सामग्रीको व्यवस्था मिलाइनेछ ।<br>• महिला शिक्षकाको अनुपात वृद्धि गर्दै लगिनेछ ।<br>• शैक्षिक सुधारका लागि बहु पाठ्यपुस्तक अंग्रेजी माध्यमबाट शिक्षण गर्नका लगि विद्यालयलाई प्रोतशाहन गरिनेछ । |
| २. शिक्षामा सवै वालबालिकाको समतामूलक पहुँच, सहभागीता तथा सिकाइ उपलब्धि सुनिश्चित गर्ने । | • सवै वालबालिकाको आधारभुत शिक्षामा पहुँच सुनिश्चित गर्न समतामुलक नीति निर्माणगरी लागू गरिनेछ ।<br>• महिला, दलित, भिन्न क्षमता भएका बालबालिका, विपन्न तथा पछाडि परेका समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, खाजा, पोशाक लगायत विशेष प्रोत्साहनजनक कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>• विद्यालय भर्ना अभियान मार्फत विद्यालय उमेर पुगेका सबै वालविलकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गरिनेछ ।<br>• सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक संस्था, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ ।<br>• बालिका शिक्षालाई प्रोत्साहित गर्न महिला मैत्री शौचालय, स्यानेटरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था र निरन्तरता दिइनेछ । |
| ३. प्रविधिक तथा व्यवसायिक शिक्षालाई संस्थागत गर्ने । | • प्राविधिक शिक्षाको क्षेत्रगत सम्भाव्यता अध्ययन गरी विद्यालयहरूलाई प्राविधिक शिक्षालय स्थापना गर्न सहकार्यमा लगानी गर्ने नीति लिइनेछ ।<br>• प्राविधिक शिक्षा र व्यवसायिक तालिमका क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्ने अनुकुल वातावरण सृजना गरिनेछ । |
| ४. अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आवद्ध गर्ने । | • आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूहभन्दा माथिका किशोरकिशोरीहरूलाई उनीहरूको अनुकूल अनौपचारिक सीपमूलक र डिजिटल साक्षरता कक्षा संचालन गरिनेछ ।<br>• विद्यालय शिक्षा पूरा नगरेका किशोरकिशोरीहरूलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ । |

### ६.१.८ प्रमुख कार्यक्रमहरू

**स्थानीय तह आफैले सम्पादन गर्ने**

- शैक्षिक नीति, स्थानीय पाठ्यक्रम तथा योजना तर्जुमा ।
- विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री ।
- गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति ।
- भर्ना अभियान घरदैलो कार्यक्रम ।

- शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तरक्रिया।
- नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
- सूचना प्रविधि तथा कम्प्युटर ल्याव ।
- वाल क्लव गठन तथा संचालन ।
- शिक्षक तालिम (पुनर्ताजगी)

**प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- शैक्षिक नीति तथा योजना तर्जुमा ।
- नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।

**संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- शैक्षिक नीति तथा योजना तर्जुमा ।
- प्राविधिक शिक्षालयको स्थापना ।

### ६.१.९ अपेक्षित उपलब्धि

नगरपालिका पूर्ण साक्षर घोषित भएको हुने, विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने, बाल विकास केन्द्रको खुद भर्ना दर १०० हुने, आधारभूत तहमा विद्यालय छाड्ने दर शून्यमा झरेको हुने, सिकाइ उपलब्धि दर ९० प्रतिशत हुने र बाल विकास केन्द्र खुद भर्ना दर ९८ प्रतिशत हुने । त्यसैगरी कक्षा निरन्त्रता दर आधारभुत तहमा ९७ प्रतिशतले र माध्यमिक तहमा ८५ प्रतिशतले वृद्धि हुने, विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई प्रविधि मैत्री बनाउन एक शिक्षक एक ल्यापटप उपलब्थ हुने र विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला र विज्ञान प्रयोगशाला हुने । त्यसैगरी सवै सामुदायिक विद्यालयहरूमा इमेल, इन्टरनेट सुविधा भएको हुने, सवै विद्यालयहरूमा बाल मैत्री, अपाङ्ग र छात्रा मैत्री र शौचालयको व्यवस्था भएको हुने, सवै विद्यालयहरूमा बाल क्लबहरू गठन हुनुका साथै नगरपालिका स्तरीय खेलकुद मैदान निर्माण हुने ।

## ६.२ आधारभूत स्वास्थ्य र पोषण

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा स्थापित गरिसकेको छ र स्वस्थ जीवन मानव अधिकारको अवान्छनीय अङ्ग हो । स्वस्थ जीवन विकासको एक प्रमुख सूचकको रूपमा लिइन्छ । संघिय गणतान्त्रिक नेपालको नवअवलम्बित भु-राजनैतीक परिप्रेक्ष्यमा आधारभूत स्वास्थ्य सेवाको जिम्मा स्थानीय तह अन्तर्गत पर्दछ । पन्धौं योजनामा 'समृद्ध नेपाल, सुखी नेपाली' को नारामा स्वस्थ नागरिकको सोच राख्दै गुणस्तरीय स्वास्थ्यलाई राष्ट्रिय उद्देश्यको रूपमा राखिएको छ । पन्ध्रौं योजनामा दिगो विकासका लक्ष्यहरूलाई आत्मसात् गर्दै विकासका कार्यहरू अगाडी बढाउने नीति रहेको छ । वर्तमान स्वास्थ्य नीति बमोजिम प्रत्येक वडामा स्वास्थ्य केन्द्र र प्रत्येक पालिकामा पन्ध्र शय्याको अस्पताल स्थापना गर्ने नीति अवलम्बन गरिएको छ । दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य नं ३ "स्वस्थ्य र राम्रो जीवन" रहेको छ भने यस अन्तर्गत ६ वटा मुख्य सूचकहरू रहेका छन् ।

### ६.२.२ वस्तुस्थिति

यस नगरपालिकामा एउटा अस्पताल, ७ वटा स्वास्थ्य संस्था, २ वटा ग्रामीण सामुदायिक स्वास्थ्य एकाइ, २ बटा आधारभुत स्बास्थ्य सेबा केन्द्र र एउटा निजी क्लिनीक गरी १३ वटा स्वास्थ्य संस्था रहेका छन् । चार वटा स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर, गाउँघर क्लिनिक १७ वटा र २६ वटा खोप क्लिनिक रहेका छन् । जम्मा ३८ जना स्वास्थ्य कर्मीहरू स्वास्थ्य संस्थामा कार्यरत छन् । यस नगरपालिकामा जम्मा ७ जना एस.बि.ए तालिम प्राप्त अ.न.मि स्वास्थ्यकर्मीहरू कार्यरत छन् । यस नगरपालिकाको वडा नं ८ मा मात्र एउटा एम्बुलेन्स रहेको छ । त्यस्तै गरी जम्मा १५५ जना महिला सामुदायिक स्वयंसेविकाहरू रहेका छन् र जम्मा १३०० परिवारले स्वास्थ्य बिमा गरेका छन् ।

यस नगरपालिकामा वि.सं. २०७७/७८ मा मातृ मृत्युदर शून्य रहेको छ । तालिम प्राप्त स्वास्थ्य कर्मीहरूबाट सुत्केरी गराउने केवल २८% मात्र भएको पाइन्छ । परिवार नियोजनको प्रयोग दर ३२.७% छ । संस्थागत सुत्केरी २८% रहेको छ । यस नगरपालिकामा ४% किशोरावस्थाका गर्भवती रहेका छ । चार पटक गर्भवती जाँच गराउने महिला ४५% रहेका छ । सुत्केरी पश्चात् ३ पटक जाँच गराउने महिला जम्मा ११% रहेका छ । नवजात शिशु मृत्यु दर ३ प्रतिहजार रहेको र साथै कुपोषणको संख्या ० रहेको छ । करिब ६१.६% बालबालिकाले हेपाटाइटिस बी सहितको पेन्टाभ्यालेन्ट खोपको तीनवटै मात्रा लगाएका छन् । यो नगरपालिका पूर्ण खोपयुक्त (१००%) नगरपालिका घोषणा भैसकेको छ ।

एच.आइ.भी. एड्स लगायतको अरु रोगहरूको संख्या शून्य रहेको छ । २५ जना क्यान्सरका बिरामी, ११४ जना मधुमेहका बिरामी र २४३ जना दीर्घ श्वासप्रश्वासका बिरामी रहेका छन् । जम्मा १९.९% घरपरिवारले मात्र तीस मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने देखिन्छ ।

यस बेलकोटगढी नगरपालिकामा कोभिड १९ बाट सङ्क्रमण हुनेको संख्या ४८४ पुगेको छ । त्यसमध्ये ४८१ जना निको भए भने ३ जनाको मृत्यु भएको छ । यस नगरपालिकामा कोभिड आइसोलेसन शय्या जम्मा २५ रहेका छन् । अहिले क्वारेन्टाइन केन्द्रहरू संचालनमा छैनन् । करीब २० % मानिसहरू काठमाडौंमा बस्ने हुनाले धेरै व्यक्तिहरू काठमाडौं जाने र फर्कने गर्ने हुनाले कोभिड जस्ता अरु पनि सरुवा रोगहरू यस नगरपालिकामा भित्रिन सक्ने सम्भावना छ । यस नगरपालिकामा ५ शय्याको कोभिड अस्पताल बनिसकेको छ र चिकित्सक पद पूर्ति नहुनाले नगरपालिकाद्धारा स्वास्थ्यकर्मीहरू खटाइ कोभिडका बिरामीको उपचार तथा आइसोलेसनका लागि वडा नं २ को कार्यालय भवनमा अक्सिजन सहित ५ शय्याको तथा ९ नं वडामा पनि २५ बेडको कोभिड आइसोलेसन केन्द्र संचालनमा छ । कोभिडका लागि स्थानिय कोष बाट रु ६० लाख रकम प्राप्त भएको थियो र सम्पूर्ण रकम कोभिड रोकथाम, व्यवस्थापन तथा उपचार कार्यक्रममा खर्च भएको जनाइएको छ ।

### ६.२.३ प्रमुख समस्या

नगरपालिका भए तापनि प्राथमिक स्वास्थ्य केन्द्र एउटै नहुनु, सबै वडामा स्वास्थ्य संस्था नहुनु, स्वास्थ्य संस्थामा जनशक्तिको अभाव तथा स्वास्थ्य संस्थामा दिइराखेको सेवा, सुविधाको गुणस्तर कम हुनुलाई स्वास्थ्य सम्बन्धि मुख्य समस्या मानिएको छ । त्यस्तै गरी स्वास्थ्य संस्थाका कार्यरत जनशक्तिहरूलाई आवश्यक तालिम नहुनु पनि समस्याको रूपमा देखिआएको छ । एम्बुलेन्स सेवा सबै स्वास्थ्य संस्थामा नहुनु, स्वास्थ्य सूचकहरूको हकमा गर्भवती जाँच चारै पटक नगर्नु, किशोरावस्थामा गर्भवती हुनु, नसर्ने दीर्घ रोगहरूको संख्या बढी हुनु, स्वास्थ्य संस्थामा सुत्केरी संख्या कम हुनु प्रमुख समस्याहरूका रूपमा रहेका छन् । यस नगरपालिकामा उच्च रत्तचाप, स्वासप्रश्वास सम्बन्धि दीर्घ रोग, मुटु रोग, मानसिक रोग, मृगौला सम्बन्धि रोग, न्युमोनिया, क्यान्सर, पाठेघर खस्ने र क्षयरोग प्रमुख रोगहरू हुन् ।

### ६.२.४ अवसर र चुनौती

**अवसर**

नेपाल सरकारबाट प्रत्येक पालिकामा अस्पताल निर्माण र अन्य उपकरण जडान, ल्याब स्थापनाका लागि बजेट निकासा हुनु, १५ शैय्याको अस्पताल निर्माणाधीन हुनु, यस नगरपालिकाको प्रगतिशील मातृ तथा शिशु मृत्युदर सूचक हुनु, रिफरल एम्बुलेन्स हुनु, एस्. बी. ए तालिम प्राप्त अ.न.मी. तथा ४ वटा बर्थिङ सेन्टरहरू हुनु, नागरिकलाई पालिकाकाको स्वास्थ संस्थाबाट नै खोप उपलब्ध हुनु, नेपाल सरकारबाट मापदण्ड अनुसारको औषधी उपलब्ध हुनु यहाँका अवसरहरू हुन् ।

**चुनौती**

गर्भवती महिलाद्वारा सुत्केरी गराउन स्वास्थ्य संस्थाको उपयोग बढाउनु, गुणस्तरीय स्वास्थ्य सुविधा सहज रूपमा पुर्याउनु, रिफरल स्वास्थ्य सेवाको सहज व्यवस्था गर्नु, अस्पतालको संरचना तथा डाक्टरको दरबन्दी पूरा गर्नु, दीर्घ रोगको पहिचान गर्नु र दुर्व्यसनी परेका किशोरकिशोरीहरूको पुर्नस्थापना आदि बेलकोटगढी नगरपालिकाका स्वास्थ्य सम्बन्धि प्रमुख चुनौतीहरू हुन् ।

### ६.२.५ लक्ष्य

गुणस्तरीय स्वास्थ्य सुविधामा सबै नागरिकको पहुँच भएको हुने ।

### ६.२.६ उद्देश्य

स्वास्थ्यमा सम्पूर्ण नगरवासीको सहज पहुँच अभिवृद्धि गर्नु ।

### ६.२.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) स्वास्थ्य संस्थाको सेवा विस्तार गर्ने । | १) प्रत्येक वडामा प्रसूति सेवा सहितको स्वास्थ्य सेवा केन्द्र र एउटा प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ ।<br>३) सरुवा तथा महामारीका रोगहरूलाई ध्यानमा राखी कम्तीमा १५ शय्याको अस्पतालको स्थापना गरिनुका साथै कोभिड जस्ता सरुवा रोगका लागि छुट्टै बेडको व्यवस्था गरिनेछ ।<br>४) बेलकोटगढीको क्षेत्रफलका आधारमा ५,५ शय्याको २ वटा थप अस्पतालको स्थापनाका लागि पहल गर्ने ।<br>५) प्रत्येक सुत्केरीलाई आफ्नै वडाको स्वास्थ्य संस्थामा जाँच तथा सुत्केरी गराउन प्रोत्साहन गरिनेछ ।<br>६) कोभिड लगायत अन्य संक्रामक सरुवा रोग विरुद्ध सबै स्वास्थ्य केन्द्रमा विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।<br>७) संक्रामक सरुवा रोगका लागि आवश्यक पर्दा क्वारेन्टाइनको लागि प्रयोगमा आउन सक्ने भवनहरूको पहिचान गरिनेछ । |
| ख) स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने । | १) अस्पतालको उपयुक्त संचालन तथा सेवाका लागि चिकित्सकको नियुक्ति गरिनेछ ।<br>२) स्वास्थ्य संस्थाका ल्याबका सामानहरूको मर्मत गरिनेछ ।<br>३) महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक तालिम दिइनेछ ।<br>४) स्वास्थ्य जनशक्तिलाई आवश्यक मासिक रिपोर्टिङको लागि कम्प्युटर तालिम प्रदान गरिनेछ ।<br>५) स्वास्थ्य बिमाको पहुँच विस्तार गरिनेछ ।<br>६) MSS (minimum service standard) प्रभावकारी रूपमा लागू गरिनेछ। |
| ग) रिफरल स्वास्थ्य सेवा विस्तार गर्ने | १) त्रिशूली अस्पताललाई रिफरल अस्पतालको रूपमा विकास गर्न प्रदेश सरकार र अन्य सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।<br>२) स्त्री रोग विज्ञ (डाक्टर) द्वारा महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरको पहिचान र उपचारको लागी स्वास्थ्य शिविर संचालन गरिनेछ ।<br>३) नगरपालिकामा मोटर बाटोसम्म जाने गरी कम्तीमा तीनवटा एम्बुलेन्स सेवा शुरु गरिनेछ ।<br>४) तत्काल उपचार नहुँदा ज्यानको जोखिममा पर्ने प्रकृतिको सुत्केरी, दुर्घटनामा परेका व्यक्ति आदीको उपचारका लागी संघीय सरकारसँग |

| | |
|---|---|
| | समन्वय गरी हेली- एम्बुलेन्स सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ । |
| घ) मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने | १) खाद्य व्यवहारमा सुधार गर्न स्थानिय पौष्टिक खानेकुराको उपयोगमा जोड दिइनेछ ।<br>२) गर्भवती महिलाको गर्भावस्थामा ४ पटक जाँच र सुत्केरी महिलाको ३ पटक जाँचलाई प्रोत्साहन गर्न मासिक रूपमा स्वास्थ्य संस्थाबाट जनचेतना मुलक नाटक प्रदर्शन गरिनेछ ।<br>३) पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्यलाई ध्यानमा राखी मासिक रूपमा अण्डा तथा गेडागुडी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>४) किशोरवस्थाको गर्भधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत जनचेतना विशेष कार्यक्रम आयोजना गराइनेछ । |

### ६.२.८ प्रमुख कार्यक्रमहरू

**नगरपालिका आफैले गर्ने**

१) कम्तिमा १५ बेडको अस्पताल स्थापना ।

२) स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।

३) चिकित्सकको पद पूर्ति ।

४) एम्बुलेन्स सेवा विस्तार ।

५) स्वास्थ्य बिमाको पहुँच विस्तार ।

६) विज्ञहरूद्वारा स्वास्थ्य शिविर संचालन ।

**प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

१) स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।

२) त्रिशुली अस्पताललाई रिफरल अस्पतालको रूपमा विकास गर्न प्रदेश सरकारसँग समन्वय ।

**संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

१) स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।

२) स्वास्थ्य शिविर संचालन ।

### ६.२.९ अपेक्षित उपलब्धि

चिकित्सक सहितको अस्पताल संचालन भएको हुने, सबै वडामा स्वास्थ्य संस्था तथा बर्थिङ्ग सेन्टर उपलब्ध भएको हुने, एउटा प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना भएको हुने, रिफरल अस्पतालसँग सम्बन्ध स्थापित भएको हुने, किशोरवस्थाको गर्भधारण संख्या २.५% भन्दा कममा भएको हुने, गर्भवती महिलाको गर्भावस्थामा ४ पटक जाँच गराउने महिला ६०% भएको हुने, सुत्केरीपश्चात् ३ पटक जाँच गराउने महिला ४५% भएको हुने र ५०% घरपरिवारले तीस मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने भएको हुने ।

## ६.३ खानेपानी तथा सरसफाइ

### ६.३.१ पृष्ठभूमि

खानेपानी र सरसफाइ नागरिकलाई नभइ नहुने कुरा हो । नेपालको संविधानले नागरिकको खानेपानी तथा सरसफाइमा पहुचलाई मौलिक हकको रूपमा लिएको छ। नेपालको संबिधानमा खानेपानी तथा सरसफाइको व्यवस्थापन कार्य तीनवटै सरकारको एकल तथा साझा अधिकारको रूपमा उल्लेख भएको छ।

### ६.३.२ वस्तुगत स्थिति

यस नगरपालिकामा खानेपानीको मूलहरू भए पनि त्यो स्रोतले नपुगेर केही स्थानमा बोरिङ प्रणालीबाट पनि खानेपानीको व्यवस्था गरेको छ। यस नगरपालिकाले खानेपानी तथा सरसफाइ गुरुयोजना बनाएको छैन । यस पालिकामा २ वटा नदि र २१ वटा खोलाहरू छन् । पालिकामा हाल साना ठूला १०५ वटा खानेपानी योजनाहरू संचालित छन् । यिनीहरूमध्ये ४२ वटा पुराना र ६३ वटा नयाँ योजनाहरू छन् । पालिकामा झण्डै १०० वटा स-साना खानेपानी मूलहरू पनि छन् । पालिकामा २४११ वटा घरधुरीमा निजी धाराबाट खानेपानी उपभोग गर्दछन् । ३४७४ घरधुरीहरूमा सार्वजनिक धाराको पानी प्रयोग गर्दछन्, २३१४ घरधुरीले मूलको धाराको खानेपानी प्रयोग गर्दछन्, १४४ घरधुरीले ट्युबवेलको पानीलाई खानेपानीको रूपमा प्रयोग गर्दछन् ।

यस नगरपालिकामा ७५ घरधुरीले फ्लस भएको चर्पीको प्रयोग गर्दछन् भने ७४२९ घरधुरीले सेफ्टिक टैंक भएको चर्पीको प्रयोग गर्दछन्, १३५० घरधुरीले साधारण चर्पीको प्रयोग गर्दछन भने चर्पी नभएको घरधुरी २३२ वटा छन् । यस पालिकामा ढल निकासको कुनै योजना संचालनमा रहेको छैन । भिरालो स्थान भएकोले ढलको धेरै आवश्यकता नदेखिए पनि बजार क्षेत्रमा ढल निर्माण गर्न आवश्यक भइसकेको छ ।

यस पालिकामा फोहरलाई घरमा नै ब्यवस्थापन गर्ने गरेको छ । टोल, बस्तीतिर कुहिने फोहरको मल बनाउने र नकुहिने फोहरलाई नष्ट गर्ने गरिन्छ । तर सम्म ठाउँमा तथा बजार क्षेत्रमा ढल र फोहर ब्यवस्थापनको समस्या देखिन थालेको छ। पालिकामा १३ वटा संस्थाहरू फोहर ब्यवस्थापनमा सहयोग गरिराखेका छन् । हालसम्म घरको फोहरलाई घरमै ब्यवस्थापन गर्ने गरेको भए पनि बजार क्षेत्रको फोहरलाई थान्को लगाउन बेलकोट नगरपालिका डम्पिङ साइटको लागि उचित स्थानको खोज गरिराखेको छ।

### ६.३.३ प्रमुख समस्या

नगरपालिकामा खानेपानी तथा सरसफाइ गुरुयोजना तयार नहुनु, योजनाबाट पानीको बहुउपयोग गर्न नसक्नु, नागरिकहरूलाई स्वच्छ खानेपानी वितरण गर्न नसक्नु, खानेपानीको योजनाहरूको मर्मत संभार पद्धतिको विकास गर्न नसकेकोले बितरण नियमित नहुनु, पालिकामा खानेपानी सम्बन्धी काम गर्ने दक्ष जनशक्तिको अभाव हुनु, सरसफाइ सम्बन्धी जनचेतनाको कमी हुनु, जल प्रशोधन गर्न नसक्नु, पालिकामा प्रयाप्त खानेपानीका स्रोतहरू नहुनु आदि मुख्य समस्याहरू हुन्।

## ६.३.४ अवसर र चुनौती

### अवसर

यस नगरपालिकाको धेरै स्थानमा मूलहरू हुनु, खानेपानी तथा सरसफाइ, केन्द्र सरकार, प्रदेश सरकार र पालिकाको प्राथमिकतामा हुनु, एक घर, एक धारा र एक चर्पीको राष्ट्रिय लक्ष्य निर्धारण हुनु, खानेपानी तथा सरसफाइ प्रति आम उपभोक्ताहरूको चेतनामा अभिवृद्धि हुँदै जानु आदि अवसरहरू हुन् ।

### चुनौती

खानेपानीको गुणस्तरमा वृद्धि गरी स्वच्छ तथा सफा खानेपानीको बितरण गर्नु, खानेपानीलाई शुद्धीकरण गर्नु, निर्माणाधीन खानेपानि योजनाहरूको समयमै निर्माण सम्पन्न गर्नु, सरसफाइ सम्बन्धी जनचेतना जगाउनु, फोहरको उचित व्यवस्थापन गर्नु आदि चुनौती हुन्।

## ६.३.४ लक्ष्य

सबै नगरबासीकालागि स्वच्छ तथा सफा खानेपानीको व्यवस्था हुनुका साथै पूर्ण सरसफाइयुक्त पालिका भएको हुने ।

## ६.३.५ उद्देश्य

सफा-स्वच्छ खानेपानी र सरसफाइको उचित व्यवस्थापन गर्नु ।

## ६.३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरीय सफा र स्वच्छ खानेपानी वितरण गर्ने | १. खानेपानी र सरसफाइलाई उचित तवरले व्यवस्थित गर्न खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरी लागू गरिनेछ ।<br>२. समय समयमा प्रयोग गर्ने खानेपानीको परीक्षण गर्न पालिकामा जनशक्ति सहितको प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>३. प्रदुषित खानेपानीलाई प्रशोधन गर्ने प्रणालीहरूको व्यवस्था गरिनेछ ।<br>४. खानेपानीको बितरणलाई नियमित गर्न खानेपानी तथा सरसफाइ कार्यकर्ता नियुक्त गरी समय समयमा तालिमको व्यवस्था गरिनेछ ।<br>५. खानेपानी उपभोक्ताहरूलाई संचालन तथा मर्मतको लागि जिम्मेबार बनाउनुको साथै खानेपानी मिटर जडान गरी न्यूनतम शुल्कको व्यवस्था गरिनेछ ।<br>६. निर्माणाधीन योजनाहरूलाई समयमै सम्पन्न गरिनेछ । |
| दिगो र सरसफाइको उचित व्यवस्था गर्ने । | १. चर्पी निर्माण नभएको घरधुरीमा चर्पी निर्माण गरिने कार्यलाई प्रोत्साहित गरिनेछ ।<br>२. सरसफाइ सम्बन्धी जनचेतना जगाउन विभिन्न कार्यक्रम संचालन गरिनेछन् । |

| | |
|---|---|
| | ३. फोहर व्यवस्थापन को लागी फोहरलाई मल बनाउन घरको फोहर घरमै व्यवस्थित गर्ने प्रणालीको विकास गर्नुका साथै बजारको फोहरलाई थान्को लगाउन लैण्डफिल साइटको पहिचान पश्चात निर्माण गरी प्रयोगमा ल्याइनेछ ।<br>४. सार्वजनिक स्थान जस्तै बसपार्क, मन्दिर र पर्यटकीयस्थलमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ । |

### ६.३.७ प्रमुख कार्यक्रम

**नगरपालिका आफैले गर्ने**

- गुरुयोजना तयार गर्ने ।
- प्रयोगशाला स्थापना, व्यवस्थापन तथा संचालन ।
- खानेपानी तथा सरसफाइ बितरण व्यवस्था ।
- खानेपानी संरचनाहरूको निर्माण तथा मर्मत ।
- डम्पिङ साइटको पहिचान र योजना तयार ।

**प्रदेश सरकारको सहकार्यमा गर्ने**

- डम्पिङ साइटको खोज र निर्माण ।
- खानेपानी प्रसोधन सम्बन्धि संरचना निर्माण ।
- प्रदेश स्तरिय खा.पा योजना निर्माण ।
- प्रयोगशाला स्थापना तथा तालिम ।

**संघीय सरकारको सहकार्यमा गर्ने**

- खानेपानी प्रशोधन सम्बन्धी संरचना निर्माण ।
- प्रयोगशाला स्थापना र तालिम ।

### ६.३.८ अपेक्षित उपलब्धिहरू

सबै घरधुरीमा गुणस्तरिय सफा-स्वच्छ खानेपानी उपलब्ध भएको हुने, खानेपानीको परीक्षण गर्न प्रयोगशालाको स्थापना भई संचालनमा आएको हुने, खानेपानी नियमित बितरण भएको हुने । चर्पी नभएका घरधुरी संख्या शून्य हुने, डम्पिङ साइटको पहिचान, निर्माणपश्चात संचालन भएको हुने, खानेपानी तथा सरसफाइ गुरुयोजना तयार भई लागू भएको हुने, बेलकोटगढी नगरपालिका पूर्ण सरसफाइयुक्त नगरपालिका भएको हुने ।

## ६.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग

### ६.४.१ पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) वर्तमान अवस्थामा अत्यन्त महत्वपूर्ण सवाल हो । संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद, हिंसा तथा सबै प्रकारको जातिय छुवाछूत एवं विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरिएको छ । नेपालको संविधान २०७२ ले मौलिक हक अन्तर्गत महिलाको हक, बालबालिकाको हक, अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षाको हक, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन वमोजिम सामाजिक सुरक्षाको हक, ज्येष्ठ नागरिकको हकको साथै त्यस्ता वर्गलाई समेत राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूति जस्ता मौलिक हकको व्यवस्था गरेको छ । नेपालको १५औं योजनाले पनि महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य राखेको छ । “कोही पनि छुट्नु हुँदैन” भन्ने मान्यताका साथ दिगो विकास लक्ष्यको लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने भन्ने कुरा उल्लेख गरिएको छ ।

### ६.४.२ वस्तुगत स्थिति

यस बेलकोटगढी नगरपालिकामा जम्मा ४७,६८८ जनसंख्या (स्थलगत सर्वेक्षण २०७७) रहेका छन् । जसमध्ये महिला ४८.७०% (२३२२२), जनजाति ३८.९७%, बालबालिका २२.०१% (जन्मेदेखि १९ वर्ष समुह, प्रोफाइल तालिका), ज्येष्ठ नागरिक ३.२५%, अपाङ्गता भएका व्यक्ति ०.९०%, एकल महिला १.६७% रहेका छन् । यस नगरपालिकाको औसत साक्षरता ७४.८५% रहेकोमा महिला साक्षरता ६७.०४% छ । सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित लक्षीत वर्ग ९०% (लैससास सूचकः स्थलगत सर्वेक्षण ) रहेका छन्। रोजगारीमा महिलाको हिस्सा २०.७३% (स्थलगत सर्वेक्षण) रहेको छ । १०.३३% घरजग्गा महिलाको स्वामित्वमा रहेको देखिन्छ भने संयुक्त स्वामित्वमा ७.३१% रहेको छ । यस नगरपालिकामा निर्वाचित जनप्रतितिधिमा महिला ४१.७९% (२८), दलित तथा अल्पसंख्यक समुदायबाट १९.४० % (१३) जना रहेका छन् ।

### ६.४.३. प्रमुख समस्या

नगरभित्रका भौगोलिक क्षेत्र विकासको अवसरवाट वञ्चित हुनु, नगरपालिका स्तरमा महिला हक अधिकारको सुनिश्चिततामा कमी हुनु, रोजगारीमा महिला सहभागिता अत्यन्तै न्युन हुनु, महिला तथा लक्षित वर्गको समुदायका व्यक्तिको नेतृत्व क्षमतामा कमी हुनु, महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री पूर्वाधारको कमी हुनु, मौलिक हक, अधिकारको संरक्षण, सम्वद्र्धन, कार्यान्वयनमा कमी हुनु, लैङ्गिक मूलप्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कमी हुनु, विद्यमान ऐन, कानुनमा व्यवस्था भएका प्रावधानहरूको वारेमा जनचेतनामा अभिवृद्धिमा कमी हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ६.४.४ अवसर र चुनौती

**अवसर**

स्थानीय तहलाई अधिकार प्राप्त हुनु, जोखिमयुक्त बस्तीहरूलाई स्थानान्तरणको लागि खुला क्षेत्रको उपलब्धता हुनु, पर्याप्त पर्यटन विकासको सम्भावना हुनु, इन्टरनेटप्रति आकर्षण बढी हुनु, फाइवर लाइनको विस्तार हुनु, जैविक विविधताको प्रचुर संभावना हुनु, स्थानीय गौरवका आयोजनाहरू को विस्तारको शुरुवात हुनु, महिला तथा लक्षित वर्ग एवं समुदायका हकहरू सुरक्षित हुनु, स्थानीय समिति संरचनामा नेतृत्वदायी पदमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्वमा सकारात्मक संकेत (३३ प्रतिशतभन्दा माथि) देखिनु, बालमैत्री नगरको स्थापनातर्फ उन्मुख हुनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सृजना हुँदै जानु, संविधानमा अपाङ्गता भएका व्यक्तिको लागि सेवा-सुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु आदिलाई नगरपालिकाको अवसरको रूपमा लिन सकिन्छ ।

**चुनौती**

महिला नेतृत्व विकास गर्नु, घर जग्गा जमिनमा महिलाको अर्थपुर्ण स्वामित्व बढाउनु, महिलाको नागरिकता सम्वन्धि हक अधिकारको स्थापना गर्नु, आर्थिक, सामाजिक तथा राजनीतिक जिवनमा लैङ्गिक समानता कायम गर्नु, बाल विवाह न्यूनीकरण गर्नु, बालमैत्री स्थानीय शासन स्थापना गर्नु, बालबालिका, अपाङ्गता भएका र ज्येष्ठ नागरिकमैत्री पूर्वाधारको विकास गर्नु, अपाङ्गता भएका व्यक्तिको प्रकृति अनुसारको सेवा प्रवाह गर्नु, अपाङ्गता भएका व्यक्तिको रोजगारीमा पंहुचका लागि विशेष परिस्थिति एवं प्राविधिक व्यवस्थापन गर्नु, अपाङ्गतामैत्री सहायक सामग्रीको उपलब्धता हुनु आदिलाई नगरपालिकाको चुनौतीको रूपमा लिन सकिन्छ ।

### ६.४.५. लक्ष्य

विकास प्रक्रिया र अवसरको उपयोगमा समतामूलक समावेशी भएको हुने ।

### ६.४.६. उद्देश्य

लैङ्गिक समानता तथा सामाजिक समावेशिता अभिवृद्धि गर्नु ।

### ६.४.७. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय आवश्यकता अनुसारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानून, नीति, नियमावली एवं कार्यक्रमको निर्माण वा पुनरावलोकन तथा स्थानीय स्तरमा समायोजन गर्ने । | • लैससास सम्बन्धी रणनीति निर्माण गरी सम्वन्धित निकायलाई सोको कार्यान्वयनका लागि समन्वय गरिनेछ ।<br>• लैससास सम्बन्धी अभिलेख व्यवस्थापनलाई जोड दिइनेछ ।<br>• लैससासमुखी विकास प्राप्तिको लागि पुरुष तथा अन्य वर्गको सहभागिता सुनिश्चित गरीनेछ । |
| २. महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिक विकासमा मूल प्रवाहीकरण गर्न सशक्तिकरण तथा | • विकासका सबै तह र निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता बढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गरिनेछ । |

| | |
|---|---|
| समावेशीकरणमा जोड दिने | • वञ्चितीकरण, विभेद र हिंसामा परेका जाति, वर्ग र समुदायका महिलाको सशक्तिकरणका लागि विकासका प्रत्येक चरण र तहमा सहभागिताका लागि व्यवस्था गरिनेछ ।<br>• महिला, एकल महिला, दलित र अल्पसंख्यक जनप्रतिनिधिहरूको नेतृत्व क्षमता विकास गरि उनीहरूको भूमिका सशक्त बनाइनेछ ।<br>• एकल महिला भत्ता उपलब्ध गराउन वडा एवं टोल स्तरमा वितरण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ ।<br>• महिला मैत्री संरचना निर्माण गरिनेछ । |
| ३. महिला, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा एव हिंसां, बेचबिखन, ओसार पसारको अन्त्य गर्ने कुरामा जोड दिने । | • सबै नागरकिहरूमा न्यायीक समितिद्धारा निश्पक्ष सेवा उपलब्ध गर्ने ब्यब्स्था मिलाईनेछ ।<br>• लैङ्गिक हिंसाको अन्त्यको लागि पालिका स्तरीय सामाजिक सुरक्षा कोषको स्थापना तथा संचालन गरिनेछ ।<br>• मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरूको संरक्षण तथा पुनस्थापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरूको स्थापना र सञ्चालन गरिनेछ ।<br>• मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरूलाई आत्मनिर्भर बनाउन ब्यबसाय मुलक तालिम प्रदान तथा रोजगारीका अवसरहरूमा सहभागिताका लागि व्यवस्था गरिनेछ ।<br>• लैङ्गिक हिंसा, मानव बेचबिखन, बालविवाह न्यूनीकरण गर्न स्थानीयस्तरमा ब्यापक रूपमा सचेतनामूलक कार्यक्रमहरू गरिनेछ । |
| ४. वञ्चितीकरणमा परेका वर्ग, समुदाय, जातजातिको सशक्तिकरण तथा विकासमा जोड दिने । | • आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन तथा राज्यले दिने सेवा सुविधाहरूमा दलित, बिपन्न तथा सीमान्तकृत समुदायको सहभागिता तथा पहुँच सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।<br>• योजना तर्जुमाका प्रत्येक चरणमा लक्षित वर्गको सहभागिता अनिवार्य गराइनेछ ।<br>• लक्षित वर्गका सहभागीले छनौट गरेका, अनुमोदन गरेका कार्यक्रमको योजना स्विकृतिका लागि प्राथमीकतामा छानिने<br>छन् ।<br>• दलित तथा वञ्चितीकरणमा परेका समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ५. बालबालिका तथा | • बालबालिकाको संरक्षण तथा बालमैत्री वातावरण सम्बन्धी |

| | |
|---|---|
| किशोरकिशोरीको संरक्षण तथा बालमैत्री वातावरण तयार गर्ने । | निति र कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।<br>• बालविवाह, बालश्रम लगायतका बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन जस्ता अपराध विरुद्ध शून्य सहनशिलता नीति अवलम्बन गरिनेछ ।<br>• बालबिबाह न्यूनिकरणको लागि प्रेरणा स्वरुप सम्वन्धित निकायका प्रमुख एवं कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा सूचकको रूपमा व्यवस्था गरिनेछ ।<br>• बालबालिका तथा किशोरकिशोरी विरुद्धको सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा एव हिंसा, लगायतका विषयमा सम्बन्धी कानूनी प्रावधानका विषय र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्न पहल गरिनेछ ।<br>• बालबालिका तथा किशोरकिशोरिको शारीरिक र मानसिक स्थिति एर्व जीवन निर्वाहको अवस्था अनुरुप शिक्षा प्रासिको वातावरण तयार ।<br>• गर्न आवश्यक सूचना संकलन गर्ने व्यवस्था मिलाइनेछ । |
| ६. ज्येष्ठ नागरिकहरूको सम्मान तथा संरक्षण गर्ने । | • नगरपालिका स्तरमा ज्येष्ठ नागरिकको लैङ्गिक खण्डीकृत तथ्यांकको व्यवस्थापन गराइनेछ ।<br>• ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल, र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन वडा एवं टोलस्तरमा वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।<br>• ज्येष्ठ नागरिक मैत्री भौतिक संरचना निर्माण गरीनेछ ।<br>• ज्येष्ठ नागरिकहरूको लागि दिवा सेवा कार्यक्रम संचालन गरिनेछ। |
| ७. अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा सशक्तिकरण गर्ने । | • आधारभुत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन तथा राज्यले दिने सम्पूर्ण सेवा सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।<br>• विकासका हरेक तहमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढाउँदै लगिनेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन वडा एवं टोलस्तरमा वितरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।<br>• नगरपालिकाका प्रत्येक भौतिक संरचना (सडक, विद्यालय, भवन, सार्वजनिक भवन, कार्यालय, विश्वविद्यालय) प्राविधिक संरचना (कम्प्युटर तथा अनलाइन प्रविधि) अपाङ्गता मैत्री |

| | |
|---|---|
| | बनाउन आवश्यक पहल गरिनेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई सीप विकास तालिम संचालन गरी आत्मनिर्भर बनाइनेछ। |
| ८. लैससास बजेटको व्यवस्था तथा परीक्षण गर्ने । | • नगरपालिका तहको योजनामा लैससास बजेट व्यवस्था गराउँदै प्राप्त उपलब्धिहरूका लैससास परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।<br>• महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धी खण्डीकृत तथ्याङ्क र प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाईनेछ । |

### ६.४.८. प्रमुख कार्यक्रम

**स्थानीय तह आफैले सम्पादन गर्ने**

- लैससास नीति तर्जुमा तथा समायोजन, संशोधन ।
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धी खण्डीकृत तथ्याङ्क ।
- महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमुखीकरण ।
- आयआर्जन तथा रोजगारीमूलक कार्यक्रम तथा सम्बन्धित तालिम ।
- लैंङ्गिक विभेद, हिंसा तथा शोषण, बालविवाह रोकथामका लागि अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम ।
- महिला पुरुषको संयुक्त नाममा घर जग्गा पास गर्दा दिने छुटमा समायोजनको नियम बनाई लागू ।
- ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
- अपाङ्गमैत्रि, बालबालिकामैत्री, महिलामैत्री भौतिक संरचना निर्माण ।

**प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- लैंङ्गिक विभेद, हिँसा तथा शोषण विरुद्ध विद्यमान व्यवस्थाको अभिमुखीकरण ।
- बालविवाह रोक्न बिशेष कार्यक्रम।
- ज्येष्ठ नागरिक सम्बन्धी निति, समायोजन, निर्माण तथा संशोधन ।

**संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

- अपाङ्गता भएकालाई आवश्यक सहयोगी सामग्री, कृत्रिम अङ्ग प्रदान ।
- सामाजिक सुरक्षा, सामाजिक संरक्षण ।
- लक्षित वर्ग विशेष कार्यक्रम ।

### ६.४.९. अपेक्षित उपलब्धि

लैससास नीति तर्जुमा भएको हुने, लैङ्गिक बजेट प्रणाली अवलम्बन भएको हुने, क्षमता विकास तालिम दिइएको हुने, नगरपालिकाबाट गठन हुने समितिहरूमा ४० प्रतिशत समावेशिता भएको हुने, लैससास अन्तरक्षेत्रीय खण्डीकृत तथ्यांक संकलनको अभ्यास शुरुभएको हुने, नगरपालिकाको आयमा महिलाको घरायसी कामको लेखाजोखा भएको हुने, सवै निकायमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत भएको हुने, लैससास बजेट परीक्षण नियमित भएको हुने, महिलाको कृषिमा योगदान वृद्धि भएको हुने ।

## ६.५ युवा तथा खेलकुद

### ६.५.१ पृष्ठभूमि

उत्पादनशील युवा मुलुकको विकासका संवाहक हुन् । यसैगरी खेलकुद शारीरिक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम हो । संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनितिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरूको पूर्ण उपयोग गर्ने वातावरण तयार गरि युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशिलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने व्यवस्था गरेको छ ।

पन्ध्रौं योजनामा खेलकुदको विकास र विस्तार गरि स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने भनी व्यवस्था भएको पाइन्छ । खेलकुदको विकास गरि युवाको सशक्त भविष्य निर्माणमा सयोग पुग्ने भएकाले युवाको मनोवल उच्च राख्न र राष्ट्रिय गौरव र गरिमाको संरक्षण गर्न खेलकुदलाई व्यावसायिक ढंगले विकास गर्दै लगेमा रोजगारको सृजना भई दिगो विकासका लक्ष्य हासिल गर्न सहज हुन सक्छ ।

### ६.५.२. विद्यमान अवस्था

यस नगरपालिकाको कुल जनसंख्यामा ४० वर्ष उमेरसम्मको जनसंख्या करिव ४८.९५ प्रतिशत (२३३४५) रहेको छ भने करिव २.३५ प्रतिशत युवाहरू वैदेशिक रोजगारमा संलग्न देखिन्छन् ।

### ६.५.३. प्रमुख समस्या

देशका युवाहरूको मनोभावना अनुरुप तथा समयानुकूल प्रविधियुक्त रोजगारीको कमी हुनु, युवामा उच्च शिक्षाको पहुँचमा कमी हुनु, युवा शक्तिहरूको क्षमता विकास हुन नसक्नु, युवालाई लक्षित गरी कार्यक्रम तथा योजना निर्माणमा कमी हुनु, जीवनोपयोगी व्यावसायिक शिक्षा, तालिममा सवैको पहुँच नहुनु, युवा पलायन हुनु, खेलकुदको विकासका लागि पूर्वाधारको कमी हुनु, खेलकुदलाई स्थानीय तहले महत्वपूर्ण पर्यटनको रूपमा अंगीकार गर्न नसक्नु, व्यवसायिक खेलकुदको कमी हुनु, खेलकुद प्रशिक्षणको कमी, खेलकुदबाट जीविकोपार्जन हुने अवस्था नरहनु, क्लव तथा खेलकुदसँग सम्वन्धित संस्थाको आयस्रोतमा कमी हुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ६.५.४. अवसर र चुनौती

**अवसर**

संविधानमा युवा विकासका लागि व्यवस्था हुनु, स्थानीय तहमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु, युवा परिचालन नगरपालिकाको प्राथमिकतामा रहनु, युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु, नगरपालिकाका विभिन्न तहमा महिला तथा अपाङ्गता भएका खेलाडीहरूको लागि खेलकुद प्रतियोगिता संचालन गर्न सक्नु आदिलाई यस क्षेत्रको प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

**चुनौती**

युवा तथा लक्षित वर्ग तथा समुदायको क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण गर्नु, स्थानीयस्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण बढाउनु, युवाहरूलाई खेलकुदप्रति प्रोत्साहित गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुद प्रतियोगिताको आयोजना गर्नु, महिला तथा अपाङ्गतामैत्री खेलकुद आयोजना, महिला तथा अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ६.५.५. लक्ष्य

युवा शक्तिको सृजनात्मक उपयोग भएको हुने ।

### ६.५.६. उद्देश्य

१. युवा रोजगारीको अभिवृद्धि गर्नु ।

२. खेलकुदको विकास गरी स्वस्थ, सृजनशील र अनुशासित युवा जनशक्तिको निर्माण गर्नु ।

### ६.५.७. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवाहरूको क्षमता विकास गरी रोजगारीसँग आवद्ध गर्ने । | • विद्यालय अध्ययन सम्पन्न गरेका युवाहरूलाई युवामुखी क्षमता विकास योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।<br>• युवाहरूलाई जीवनोपयोगी तथा प्राविधिक शिक्षा र सिपमूलक तालिम प्रदान गरिनेछ ।<br>• युवाहरूलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहजीकरण गरिनेछ ।<br>• युवाहरूलाई दुव्र्यसनबाट रोकी उत्पादनशील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिनेछ ।<br>• निजी क्षेत्र, गैसस र विकास साझेदारहरूसँग समन्वय गरि युवा रोजगारीलाई प्रवर्द्धन गरिनेछ । |
| २. युवाको तालिम, उद्यमशीलता, विकास र रोजगारीमूलक कार्यमा लगानी अभिवृद्धि गर्ने । | • प्रविधि एवं परम्परागत सीपको आधुनिकीकरण गरी पेशाको व्यवसायीकरण गर्न युवालाई स्वरोजगारमूलक कार्यमा सहुलियत लगानी र व्याजमा अनुदान प्रदान गरिनेछ ।<br>• युवाको शिक्षा, तालिम तथा रोजगार अभिवृद्धि गर्ने खालका कार्यक्रममा लगानि बढाइनेछ । |
| ३. खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने | • गुणस्तरयुक्त खेलकुद पूर्वाधारहरूको विकास गर्न लगानीमा वृद्धि गरिनेछ ।<br>• विद्यालय खेलमैदान र नगर स्तरीय कभर्ड हल र बहुउद्देश्यीय खेलकुदस्थल निमार्ण तथा विस्तार गरिनेछ ।<br>• प्रत्येक वडामा खेलकुद स्थल निर्माण गरिनेछ ।<br>• खेलकुद शिक्षकलाई खेलकुद सम्वन्धी तालिम प्रदान गरिनेछ । |

| | |
|---|---|
| | • परम्परागत खेल पहिचान गर्दै, साहसिक खेलकुदका सम्भाव्य क्षेत्रहरू (साइकिलिङ, हाइकिङ, आदि) स्थानहरू पहिचान गरी आधारभूत पूर्वाधारहरू विकास र प्रवर्द्धन गरिनेछ । |
| ४. व्यावसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने । | • व्यवसायिक खेलकुद क्लवहरूको स्थापना एवं विकास गर्न प्रोत्साहन गरिनेछ ।<br>• फरक क्षमता भएकाहरूको विशिष्टीकृत खेलकुद प्रतियोगिताहरूको प्रायोजना गर्ने र उनीहरूलाई खेलकुदप्रति आकर्षित गरिनेछ ।<br>• खेलकुद क्षेत्रमा निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।<br>• विद्यालय तहदेखि नै प्रतिभावान् खेलाडीको पहिचान गरी खेलकुद क्षेत्रमा प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरिनेछ । |

### ६.५.८ प्रमुख कार्यक्रमहरू

**स्थानीय तह आफैले सम्पादन गर्ने**

- युवा रोजगारी कार्यक्रम ।
- विदेश पलायनवाट युवावर्गलाई रोक्न स्वदेशमा नै विकासका क्रियाकलाप ।
- नगरस्तरीय कभर्डहल, खेलकुदस्थल व्यवस्थीत गर्ने ।
- युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद ।
- खेलकुद प्रतियोगिता ।
- उत्कृष्ट खेलाडी सम्मान ।

**प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- युवाको क्षमता विकास ।
- प्रशिक्षक प्रशिक्षण ।
- युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद क्षमता विकास ।

**संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने**

- युवाको क्षमता विकास ।
- खेलकुद पूर्वाधारको विकास ।

### ६.५.९ अपेक्षित उपलब्धि

युवाहरूको क्षमता तथा दक्षता अभिवृद्धि भएको हुने, विकासका विभिन्न क्षेत्रमा युवाहरूको संलग्नता बढेको हुने, विपदजन्य अवस्थामा युवाहरू परिचालन भएको हुने, व्यावसायिक खेलकुदहरू शुरु भएको हुने, प्रत्येक वर्ष स्थानीय, प्रादेशिक, जिल्लास्तरीय एवं राष्ट्रिय प्रतियोगिताको आयोजना गरेको हुने, विद्यालय तहमा खेलकुद मैदान निर्माण भएको हुने, नगरपालिकास्तरीय खेलकुद मैदान, कभर्डहल निर्माण भएको हुने, वार्षिक रूपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना भएको हुने, युवा खेलकुद सम्बन्धी स्थानीय नीति निर्माण भएको हुने ।

### ६.५.१० सामाजिक क्षेत्र अन्तर्गत प्राथमिकताका आयोजनाहरू

सामाजिक क्षेत्र अन्तर्गत प्राथमिकताका आयोजनाहरू योजना बैंकमा राखी संचालन गर्ने गरी निम्नानुसार रहेका छन् :

| क्र.सं | क्षेत्र | प्राथमिकताका आयोजनाहरू |
|---|---|---|
| १ | शिक्षा | प्राविधिक शिक्षालयको स्थापना<br>विद्यालय पूर्वाधार सुधार<br>सूचना प्रविधि तथा कम्प्युटर ल्याव स्थापना |
| २ | स्वास्थ्य | १५ बेडको अस्पताल स्थापना<br>स्वास्थ्य संस्थाको पूर्वाधार विकास |
| ३ | खानेपानी | खानेपानी प्रशोधन सम्बन्धी संरचना निर्माण |

# परिच्छेद- ७
# पूर्वाधार क्षेत्र

## ७.१ यातायात पूर्वाधार क्षेत्र

### ७.१.१ पृष्ठभूमि

यातायात पूर्वाधार, पूर्वाधारहरूको मेरुदण्ड हो। यातायात प्रणालीको विकास बिना कुनै पनि पूर्वाधारको विकास गर्न कठिन हुन्छ । नेपालको संविधानले स्थानिय स्तरमा निर्माण हुने यातायात प्रणालीहरूको निर्माण, संचालन, मर्मत आदि सबै कुराको अधिकार स्थानीय सरकारको जिम्मेवारीमा रहने व्यवस्था गरेको छ ।

### ७.१.२ विद्यमान स्थिति

पासाङ ल्हामु राजमार्ग र गल्छी त्रिशूली राजमार्ग नगरपालिकाको दुईतिरबाट गएको छ । पालिकाका औषत सडकहरू राजमार्गमा जोडिएका छन् । यस पालिकाको १३ वटै वडामा सडकको ट्र्याक निर्माण भइसकेको छ । पालिकामा राजमार्ग समेत गणना गर्दा ५९ किमि सर्बयाम सडक, ८.८ किमि कालोपत्रे सडक, १२ किमि ग्राभेल सडक र लगभग ६५० किमि कच्ची धुले सडक संचालित छ। १३ वटै वडामा रहेका महत्वपूर्ण सडकहरूलाई समाबेश गरी गुरुयोजना तयार गरिएको छ । गुरुयोजानामा नगरपालिकाको सडक शीर्षकको बजेटलाई सडक निर्माण तथा मर्मतको लागि निर्माणतर्फ ७०% बजेट व्यवस्था हुनु पर्ने र मर्मत गर्न ३०% बजेटको व्यवस्था हुनुपर्ने प्रस्ताव गरीएको छ । गुरुयोजनामा संचालित सडकहरूलाई महत्वको आधारमा A,B,C,D बर्गमा बिभाजित गरी उक्त सडकहरूमा बजेट बिनियोजित गर्दा A,बर्गको सडकमा ४०%, B, बर्गको सडकमा ३०%, C, बर्गको सडकमा २०% र D बर्गको सडकमा १०% बजेट व्यवस्था गर्नुपर्ने प्रस्ताब गरिएको छ | गुरु योजनामा आ ब ०७६/०७७ देखि आव ०८०/०८१ सम्मको निर्माण कार्य योजना तयार गरेको छ । साथै सडकहरूलाई सकभर चाँडो स्तर उन्नी गर्ने अभीप्रायले गुरुयोजनामा प्रत्येक आवमा सडकको बजेटमा १५% रकम बढोत्तरी हुनुपर्ने प्रस्ताव समेत गरिएको छ | यसका साथै पालिकामा प्रदेशको बजेटबाट हाल ९ वटा सडकहरू निर्माणाधीन समेत रहेका छन् ।

नगरपालिकामा पर्यटकीय दृष्टिकोणले निकै महत्वपूर्ण ३ वटा पदमार्गहरू छन् । पदमार्गहरूमध्ये रानीपौवा बजार-ककनी-गा.पा ओखले-हिले-गौरबास-खडगचौर-चिम्टेश्वर-बाघखोर–देबीघाट-दुई पिप कोल्फुटार पर्यटकीय पदमार्ग यस पालिको गौरवशाली योजना मध्ये एक हो ।

### ७.१.३ प्रमुख समस्या

नगरपालिकासम्म पुग्ने सडकको केही सतह धुले हुनु र अन्य सडकहरूको सतह पनी धुले हुनु, सडकको बीचमा पर्ने खोलाहरूमा पुलको कमी हुनु, सडक सर्बयाम नहुनु, सडकको ज्यामिती (ज्योमेट्री) नमिल्नु, सडक निर्माण कार्य मापदण्ड अनुसार नहुनु, सडकको पानी निकासको उचित व्यवस्थापन नहुनु, सडकमा काम गर्ने दक्ष कामदारहरूको कमी हुनु, पदमार्गहरू,\घोडेटोहरू, गोरेटोहरूको स्तर उन्नति नहुनु, यातायात प्रणालीहरूको उचित व्यवस्थापन हुन नसक्नु, सरोकारवाला निकाय बीच समन्वय को कमी आदि प्रमुख समस्या हुन् |

### ७.१.४ अवसर र चुनौती

**अवसर**

सडक गुरुयोजना तयार भइ कार्यान्वयनमा आउनु, नगरपालिकाको १३ वटै वडासम्म सडकको ट्र्याक निर्माण हुनु, सडक निर्माणमा पालिका साकारात्मक हुनु, पालिका हुँदै दुइवटा राजमार्गहरू जानु, नगरपालिकाको चक्रपथको रेखाङ्कन निर्धारण हुनु, सडक निर्माण गर्ने निकाय (सरोकारवाला) बीच समन्वय र सहकार्यमा वृद्धि हुने सम्भावनाहरू देखिनु, केन्द्र तथा प्रदेशसँग समन्वय र सहकार्यमा, नगरपालिकामा पूर्वाधार सम्बन्धी नीति तथा नियमहरू तयार भइ लागू हुनु आदि अवसर हुन्।

**चुनौती**

संचालित ठूलो शंख्यामा रहेका धुले सडकहरूको स्तरोन्नति गरी सर्बयाम बनाउनु, सडक निर्माण सहभागितात्मक र वातावरण मैत्री अवधारणा अनुसार सम्पन्न गर्नु, आवश्यक पदमार्गहरू, घोडेटोहरू, गोरेटोहरूको मापदण्डअनुरुप स्तरोन्नति गर्नु, मापदण्ड अनुरुपको दूरीको फेरोमा सडक पुल तथा झो. पुलहरू निर्माण गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ७.१.५ लक्ष्य

नगरपालिकामा नागरिकहरूको यातायातमा सहज पहुँच विकास र विस्तार भएको हुने ।

### ७.१.६ उद्देश्य

सडकहरू, पुलहरू, झो.पु. हरू तथा पदमार्गहरूको विकास र विस्तार गरी यातायात सुगम र सुलभ बनाउने।

### ७.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नगरपालिकामा रहेका सडकहरूलाई सर्बयाम बनाउने । | १. नगर पालिकामा ट्र्याक खुलेकासबै सडकहरूको स्तरोन्नति गरिनेछ।<br>२. सडकमा मापदणड अनुरुप सडक संरचनाहरू निर्माण गरिनेछ ।<br>३. खोलाहरूमा कल्भर्ट तथा पुलहरू निर्माण गरिनेछ।<br>४. यातायात गुरुयोजाना अध्यावधिक गर्दै पूर्ण रूपमा लागू गरिनेछ ।<br>५. वातावरणमैत्री तथा दिगो यातायातको विकास गरिनेछ।<br>६. २०७२ को भूकम्पबाट प्रभावित सडक तथा पदमार्गहरूको मर्मत तथा स्तरोन्नति गरी आवागमन सुगम र सुचारु गरीनेछ ।<br>७. लागत साझेदारी तथा सहभागितात्मक अवधारणाको आधारमा सडक तथा संरचनाहरू मर्मत गर्न उपभोक्ताहरूलाई जिम्मेवार बनाइनेछ । |
| २. सडक पुल,झो.पु.तथा पदमार्गहरूको निर्माण तथा विस्तार गर्ने । | १. मापदण्ड अनुरुप घोडेटो तथा बस्ती जोड्ने पदमार्गहरूको निर्माण र विस्तार गरिनेछ ।<br>२. सडक तथा बाटोको बिचमा पर्ने खोला, नदी नालाहरूमा पुल, कल्भर्ट, झो.पु. हरूको डिपिआर तयार गरी निर्माण गरिनेछ ।<br>३. पर्यटकीय पदमार्गहरूको निर्माण तथा विस्तार गरिनेछ । |

| | |
|---|---|
| | ४. झो.पु. हरूको मर्मत तथा सम्भार गर्न महिलाहरूलाई तालिम दिई महिला पुल हेरालुको व्यवस्था गरिनेछ ।<br>५. सडक पुलहरू तथा झो.पु. हरूको निर्माण गर्न केन्द्र तथा प्रदेशसँग सहकार्य गर्नुका साथै सरोकरवाला निकायहरू बीच समन्वय गरिनेछ । |

### ७.१.८ प्रमुख कार्यक्रम

**स्थानीय तह आफैले गर्ने**

१) यातायात गुरु योजना अध्यावधिक गरी कार्यान्वयन ।
२) सडक मापदण्ड तथा निति नियम निर्माण ।
३) स-साना पुलहरू तथा कल्भर्टहरू निर्माण ।
४) स-साना झो.पु. हरू, सडक पुलहरू निर्माण ।
६) सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तर उन्नति ।
६) सर्भेक्षंण कार्यहरू गर्ने, डिपिआर तयार गर्ने र निर्माण ।
७) आवश्यकता अनुसार बैकल्पिक पदमार्ग निर्माण ।
८) उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।

**प्रदेश सरकारको सहयोगमा सम्पन्न गर्ने**

१) ठुल्ठुला झो.पु. (LSTB) हरूको अध्ययन तथा निर्माण ।
२) प्रादेशिक सडकहरूको निर्माण ।
३) पर्यटकिय पदमार्गहरूको निर्माण तथा स्तरोन्नति ।
४) सरोकारवाला बिच समन्वय ।
५) सडकपुलहरूको अध्ययन तथा निर्माण ।

**संघीय सरकारको सहयोगमा सम्पन्न गर्ने**

१) नगर पालिका मा जोडिएका लोक मार्गहरूको निर्माण ।
२) ठुल ठुला नदिहरूमा पर्ने पुलहरूको अध्ययन तथा निर्माण ।
३) रणनैतिक सडकहरूमा पर्ने बसपार्कहरू निर्माण ।
४) सरोकारवाला निकायहरू बिच समन्वय।

### ७.१.९ अपेक्षित उपलब्धि

यातायात गुरुयोजना अध्याबधिक भइ कार्यान्वयन भएको हुने, धुले सडकहरूको स्तरोन्नति भई सर्बयाम सडकहरूको सुविधा उपलब्ध भएको हुने, पालिकामा १०० किमि सर्बयाम सडक, ५० कालोपत्रे सडक, २५ किमि ग्राभेल सडक र ६८० किमि धुले सडक निर्माण भएको हुने, आधा घण्टाको फेरोमा सडक पहुँच भएको हुने, आधा घण्टाको फेरोमा सर्बयाम सडक निर्माण भई बस्तीहरूमा आवागमनको सुविधा प्राप्त भएको हुने, १० वटा सडक पुल निर्माण भएको हुने, घोडेटो बाटोहरू र पदमार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति भएको हुने ।

## ७.२ भवन, आवास तथा बस्ती विकास क्षेत्र

### ७.२.१ पृष्ठभूमि

आवास मानिसको आधारभुत आवश्यकतामध्ये एक हो । बास बस्नको लागि सुरक्षित तथा सुविधायुक्त भवन आवश्यक पर्दछ । साथै एकै स्थानमा व्यवस्थित बस्ती भएमा सुरक्षा का साथै सेवा प्रवाह गर्न पनि सहज हुन्छ । संविधानले प्रत्येक नागरिकलाई आवासको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड वमोजिम भवन निर्माण र अन्य सरकारी भवन तथा संरचनाको निर्माण र मर्मत संभार, संचालन र व्यवस्थापन, नियमन र मूल्यांकनको जिम्मेवारी स्थानीय सरकारलाई सुम्पेको छ।

### ७.२.२ हालको स्थिति

बेलकोटगढी नगरपालिकामा सरकारी कार्यालय भवन १७ वटा छन्,१३ वटै वडामा सामुदायिक भवन छन, प्रहरी चौकी २ वटा कृषि केन्द्र १ वटा,स्वास्थ्य संस्था भवनहरू ९ वटा छन्, एउटा अस्पताल निर्माणाधीन छ । नगरपालिकाको कार्यालय एवं प्रशासकीय भवन निर्माण प्रक्रियामा छ, ४ वटा वडा कार्यालय भवनहरू निर्माणाधीन छन्, नगरपालिकाको प्रशासकीय भवन निर्माणको प्रक्रियामा छ । पालिकामा स्कुल भवनहरू ५५ वटा छन् । यस पालिकामा भवनआचार संहिता लागू गरिएको छ र पालिकामा हालसम्म ८५२२ वटा घरहरू मापदण्ड अनुरुप बनेका छन् । २०७२ को भूकम्पमा ९९७४ घरहरू क्षतीग्रस्त भएकोमा ९२०२ घरहरू पुनर्निर्माण सम्पन्न भएका छन् र बाँकी घरहरू निर्माणाधीन रहेका।

### ७.२.३ प्रमुख समस्याहरू

पुनर्निर्माणको कार्य सम्पन्न भैनसक्नु, स्थानिय भवन संहिता तर्जुमा भए पनि पूर्ण रूपमा लागू हुन नसक्नु, मौलिक निर्माण शैलीका भवनहरू विस्थापित हुँदै जानु, बस्ती विकास योजना नहुनु, घना बस्ती तथा वजार उन्मुख क्षेत्रमा ढल निकास नहुनु आदि प्रमुख समस्या हुन् ।

### ७.२.४ अवसर र चुनौती

**अवसर**

आवास (भवन) संघ, प्रदेश, स्थानिय सरकारहरूको प्राथमिकताको विषय हुनु, भुकम्पमा क्षतीग्रस्त भवन तथा संरचनाहरू राष्ट्रिय पुनर्निर्माण प्राधिकरण द्वारा पुनर्निर्माण भइ रहनु, स्थानीय साधनको उपलब्धता, आम मानिसहरूको भवन निर्माणको मापदण्ड सम्बन्धी धारणा सकारात्मक हुँदै जानु, पालिकाको प्राथमिकतामा एकीकृत बस्ति विकास हुनु आदि अवसरहरू हुन् ।

**चुनौती**

क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्नु, आइसोलेसन सेन्टर निर्माण गर्नु, भवन संहिताको कार्यान्वयन गर्नु, मौलिक संस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्नु, स्थानीयस्तरमा दक्ष जनसक्ति तयार गर्नु, पुनर्निर्माणमा

संलग्न सस्थाहरू वीच समन्वय कायम गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ७.२.४ लक्ष्य

सुरक्षित आवास तथा बस्ती विकास र विस्तार भएको हुने ।

### ७.२.५ उद्देश्य

सुरक्षित तथा व्यवस्थित आवास तथा बस्ती विकास गर्ने ।

### ७.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुरक्षित तथा सुविधायुक्त भवन, आवास र बस्तीहरूको निर्माण गर्ने। | १. स्थानीय भवन संहिता पूर्ण रूपमा लागू गरिनेछ।<br>२. बस्ती विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>३. स्थानीय विकासमा परम्परागत शैली संस्कृति झल्किने डिजाइनहरू गरी पालिकामा प्रयोगमा ल्याइनेछ ।<br>४. स्थानीय डकर्मी र सिकर्मीहरूलाई सुरक्षित घर निर्माणको तालिम दिइनेछ।<br>५. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन गरी अभिलेख राखिनेछ ।<br>६. बजार, घना बस्तीहरू तथा पानी जम्ने स्थानमा ढल निर्माण गरिनेछ ।<br>७. एकीकृत बस्ती विकास गर्न बस्तिहरूमा एकीकृत सेवा संचालन गरिनेछ । |
| २. सामाजिक पूर्वाधारहरूको व्यवस्थित विकास र पुनर्निर्माण गर्ने । | १. भूकम्पवाट क्षतिग्रस्त सामाजिक संरचनाहरूको पुनर्निर्माण र पुनर्स्थापना कार्य सम्पन्न गरिनेछ।<br>२. सामुदायिक भवनहरू बनाएर बस्तीहरूमा एकीकृत सेवा प्रवाह गरिनेछ।<br>३. सार्बजनिक भवन निर्माण गर्दा जेष्ठ नागरिक, महिला बालबालिका तथा अपाङ्ग मैत्री हुने गरी निर्माण गरिनेछ । |

### ७.२.७ प्रमुख कार्यक्रम

**नगरपालिका आफैले गर्ने**

१. भवनको नमूना डिजाइन निर्माण ।

२. स्थानीय डकर्मी र सिकर्मी तालिम ।

३. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन ।

४. ढल निकासको व्यवस्था ।

५. सामुदायिक भवन ।

६. फोहरमैला व्यवस्थापन ।

७. सभागृह निर्माण ।

९. अपाङ्ग मैत्री संरचना निर्माण ।

**प्रदेश सरकारको समन्वयमा गर्ने**

१. सार्बजनिक भवनहरूको लगत राखी अभिलेखीकरण ।

२. सामुदायीक भवन निर्माण ।

३. आइसोलेसन सेन्टर निर्माण ।

**संघीय सरकारको समन्वयमा गर्ने**

१. पुनर्निर्माण ।

२. स्थानीय प्राविधिकलाई प्रविधि सम्बन्धी तालिम ।

### ७.२.८ अपेक्षित उपलब्धि

भूकम्पबाट क्षतिग्रस्त निजी, सार्बजनिक, सरकारी भवन तथा पूर्वाधारका संरचनाहरू पूर्ण रुपले निर्माण सम्पन्न भएको हुने, एकीकृत बस्तीहरूमा न्यूनतम पूर्वाधार निर्माण भई सेवा संचालन भएको हुने, भवन आचार संहिता पूर्ण रूपमा कार्यान्वयन भएको हुने, विपन्न वर्ग आवास योजना कार्यान्वयनमा आएको हुने, सार्बजनिक, सरकारी भवनहरू बाल, महिला तथा अपाङ्गमैत्री निर्माण भएको हुने ।

## ७.३ सिँचाइ तथा नदी नियन्त्रण

### ७.३.१ पृष्ठभूमि

कृषि उत्पादन वृद्धि गरी आम जनजीवनको जीवनस्तरमा सुधार ल्याई समृद्धि ल्याउन कृषि योग्य जमिनमा सिँचाइ सुविधा हुनु निकै आवश्यक हुन्छ ।साना सिँचाइहरूको निर्माण र व्यवस्थापन तथा नदीजन्य प्रकोप नियन्त्रणको साथै पालिकाको प्राकृतिक स्रोत व्यवस्थापन स्थानीय सरकारको कार्य क्षेत्रभित्र पर्दछ ।

### ७.३.२ हालको स्थिति

यस नगरपालिकामा सिँचाइ योग्य भूमि ६३१४.८५ हे. छ । पालिकामा निकै उर्बरायुक्त फाँटहरूमध्ये बेलको, कुमारी, मदानपुर, जिलिङबेसी, महादेवबेसी, कोल्फुटार मुख्य फाँटहरू हुन। सिँचाइको लागी सतह सिँचाइ प्रणाली, लिफ्ट सिँचाइ प्रणाली, स्प्रिङ्कल प्रणालीको प्रयोग गरेका छन् । तादी खोला र कोल्फु खोलाबाट सबैभन्दा बढी सिँचाइ योजनाहरू संचालित छन् । यस्ता विभिन्न योजनाबाट पालिकामा झण्डै ७५० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगको छ। प्रदेश अन्तर्गत ९ वटा सिँचाइ योजना निर्माणाधीन छन् । विभिन्न प्रणालीबाट झण्डै १०० वटा सिँचाइ प्रणालीहरू संचालित छन् र १८००हेक्टर जमिन सिञ्चित छ।

**नदीजन्य प्रकोपको स्थिति**

प्रायःजसो सबै खोलाहरू किनारतर्फको जमिन कटान गर्ने र त्यसबाट पहिरो आइ अधिक क्षति पुर्याइरहेको छ। यसका साथै पहिरो को कारणमा पालिकामा निर्माण हुने पूर्वाधारका योजनाहरू निर्माण गर्दा प्रयोग हुने ठुल्ठुला मेसिनहरूले पनि पहिरो निम्त्याइराखेको देखिन्छ।

### ७.३.३ प्रमुख समस्या

सिँचाइ योग्य जमिनमा सिँचाइ सुविधा नहुनु, नदीजन्य प्रकोप बढ्दै जानु, सिँचाइ योजनामा नवीनतम तथा वैकल्पिक प्रविधिको प्रयोग हुन नसक्नु आदी प्रमुख समस्या हुन् ।

### ७.३.४ अवसर तथा चुनौती

**अवसर**

नगरपालिकाको प्राकृतिक स्रोत स्थानीय सरकारको अधिकारमा रहनु, पालिकामा पानीको प्रयाप्त स्रोत हुनु, कम पानी भए पनि पुग्ने माटोको प्रकृति हुनु, यातायातको विस्तार हुनु, कृषिमा तथा सिँचाइ प्रणालीमा नया नयाँ प्रबिधिको विकास हुनुका साथै कृषि र सिँचाइ राज्यको प्राथमिकतामा पर्नु आदि अवसरहरू हुन् ।

**चुनौती**

सिँचाइ योग्य झण्डै ४५०० हे थप जमिनमा सीचाइ सुविधा विस्तार गर्नु, संचालित सिँचाइ प्रणालीहरूको संरक्षण र मर्मत गरी संचालन गर्नु, नदि जन्य प्रकोपको नियन्त्रण गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ७.३.५ लक्ष्य

सिँचाइ योग्य भूमिमा सिँचाइ सुविधाको विस्तारका साथै नदीजन्य प्रकोप न्यूनीकरण भएको हुने ।

### ७.३.६ उद्देश्य

सिँचाइ योग्य जमिनमा सिँचाइ सुविधा पुर्याउनु र नदीजन्य प्रकोपलाई व्यवस्थापन गरी प्रकोप न्यूनीकरण गर्नु ।

### ७.३.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिँचाइ प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने । | १. सतह सिँचाइ संरचनाहरूको क्रमशः विकास र विस्तार गरी सिँचाइ सुविधा बढाउँदै जाने लगिनेछ ।<br>२. संभाब्य भएको स्थानहरूमा प्लाष्टिक पोखरी, थोपा सिँचाइ, स्प्रिङ्कल आदी सिँचाइ प्रणालीको विकास गरिनेछ ।<br>३. सिँचाइ आयोजना निर्माण मा स्थानिय साधन स्रोत साधन र सिपको अधिकतम प्रतोग गर्ने गरिनेछ।<br>४. लिफ्ट सिँचाइको सम्भाव्यता अध्ययन गरी सम्भव भएमा लिफ्ट सिँचाइ प्रणालीको विकास र विस्तार गर्नुका साथै सम्भव भएमा बहु उद्धेशीय योजना निर्माण गर्ने ।<br>५. सिँचाइ प्रणाली निर्माण, संचालन, तथा मर्मतमा उपभोक्ता समितिलाई प्रोत्साहित गर्न तालिम आदि दिई जिम्मेवार बनाउने<br>६. भूकम्प आदिबाट क्षतिग्रस्त भई संचालनमा नरहेका सिँचाइ योजनाहरूलाई मर्मत गरी पुनः संचालनमा ल्याइनेछ। |
| २ कटान र पहिरो नियन्त्रण गरी धन जनको क्षति न्यूनिकरण गर्ने। | १. जोखिमयुक्त स्थानहरूको नक्साङ्कन गरिनेछ ।<br>२. जोखिमबाट प्रभावित क्षेत्र लाई प्राथमिकता दिई व्यवस्थापन गरिनेछ ।<br>३. नदी कटान र पहिरो नियन्त्रणको बिस्तृत अध्ययन गरी उक्तकार्यकोलागि पालिका जल उपयोग गुरु योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>४. पहिरो तथा नदी नियन्त्रण कार्यमा बायो इन्जिनियरिङ प्रबिधिको प्रयोग गर्नुका साथै उक्त कार्यमा सरोकार समुहलाई सहभागी गराइनेछ ।<br>५. प्रभावित क्षेत्रमा बायोइन्जिनियरिङ गर्दा सम्भव भएसम्म उपभोक्ताहरूको काममा आउने प्रजातिको बिरुवा वृक्षरोपण गरिनेछ । |

### ७.३.८ प्रमुख कार्यक्रम

**नगरपालिका आफैले गर्ने**

- योजनाको अध्ययन ।
- सतह सिँचाइ निर्माण ।
- नया प्रबिधिमा आधारित (लिफ्ट सिँचाइ) सिँचाइ ।

- पालिकाको जल उपयोग गुरुयोजना ।
- क्षमता विकास ।
- साना साना नदि नियन्त्रण ।
- बायोइन्जिनियरिङ ।

**प्रदेश सरकारको समन्वयमा गर्ने**

- प्रदेश स्तरीय सिँचाइ प्रणालीको निर्माण ।
- पहिरो नियन्त्रण ।
- मझौला खाले नदी नियन्त्रण ।
- लिफ्ट सिँचाइ प्रणालीको विकास ।

**संघीय सरकारको समन्वयमा गर्ने**

- जल उपयोग गुरुयोजना तयार ।
- जल उपयोग बहुउद्देश्यीय योजना तयार ।
- नदी नियन्त्रण ।
- पहिरो नियन्त्रण तथा व्यवस्थापन ।
- पुनर्निर्माण ।

### ७.३.९ अपेक्षित उपलब्धि

४५०० हे.थप जमिनमा सिँचाइ सुविधा पुगेको हुने, नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली निर्माण भएको हुने, क्षतिग्रस्त सिँचाइ योजनाहरूको पुनर्स्थापना भएको हुने, जल उपयोग गुरुयोजना तयार भई कार्यान्वयन भएको हुने, लिफ्ट सिँचाइ योजना कार्यान्वयन भएको हुने,नदीजन्य प्रकोप नक्साङ्कन भएको हुने ।

## ७.४ विद्युत् तथा वैकल्पिक ऊर्जा

### ७.४.१ पृष्ठभूमि

जनजीवनलाई सरल र सहज बनाउनुका साथै आर्थिक तथा सामाजिक विकासमा सुधार ल्याउन विद्युत्\ ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ। संविधानले जलविद्युत् र बैकल्पिक ऊर्जा स्थानीय सरकारको अधिकार सूचीमा राखेको छ ।

### ७.४.२ हालको स्थिति

यस नगरपालिकाको १३ वटै वडाहरू राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन् । बत्तीको लागि बिजुली प्रयोग गर्ने घरधुरी ९००० घरधुरीहरू छन् । मट्टितेल प्रयोग गर्ने घरधुरी ६०, बायो ग्यास प्रयोग गर्ने ७ वटा घरधुरीहरू, सोलार प्रयोग गर्ने ९ घरधुरी र अन्य साधन प्रयोग गर्ने घरधुरी २० वटा छन् । यस नगरपालिकामा ७४२३ घरधुरीले इन्धनको लागी दाउराको प्रयोग गर्दछन्, १५७० घरधुरीहरूले एलपी ग्यास, ७१ घरले बायोग्यास, २९ घरधुरीले मट्टितेल, १ घरमा बिजुली र बाँकी घरधुरीले अन्य स्रोतप्रयोग गर्दछन् ।

### ७.४.३ प्रमुख समस्या

विद्युत् आपूर्तिमा नियमितताको अभाव, आर्थिक कृयाकलापमा विद्युतलाई जोडन नसक्नु, विद्युत् लाइनमा जडान सामग्रीहरू कमजोर हुनु प्रमुख समस्या हुन ।

### ७.४.४ अवसर र चुनौती

**अवसर**

विद्युत् वितरण लाइनमा क्रमशः सुधार हुँदै जानु, विद्युत्. आपूर्तिमा. सुधार हुँदै जानु, सडक यातायातको विस्तारले थप विद्युत् योजनाहरू बन्ने सम्भावना बढदै जानु, विद्युतको प्रयोग बत्ती बाहेक अन्य काममा प्रयोग गर्ने बानीको विकास हुँदै जानु, सोलार, गोबरग्यास आदी बैकल्पिक ऊर्जाको विकासले दाउराको निर्भरतामा कमी आउनु, टोल बस्तीतिर कुटिर उद्योगहरू बढ्नेक्रममा विद्युत् खपत बढ्नु अवसर हुन् ।

**चुनौती**

वैकल्पिक ऊर्जाको विकास गर्नु, विद्युतलाई अन्य आर्थिक क्रियाकलापमा प्रयोग गर्ने बानी बसाउनु, पालिकाभित्र विद्युतको लागी नया आयोजनाको सम्भाब्यताको खोजी गर्नु आदि चुनौती हुन् ।

### ७.४.५ लक्ष्य

विद्युत् तथा ऊर्जाको पहुँच सुनिश्चित हुने।

### ७.४.६ उद्देश्य

भरपर्दो विद्युत् तथा ऊर्जाको विकास र विस्तार गर्नु ।

### ७.४.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भरपर्दो र बिश्वसनीय विद्युत् सेवाको विस्तार गर्ने । | १. पालिका भित्र जलविद्युत् उत्पादन गर्न नया योजनाहरूको पहिचान गरी अध्ययन गरिनेछ ।<br>२. केन्द्रीय प्रसारण लाइनमा प्रयोग भएका सामग्रीहरूको गुणस्तरमा सुधार गरी भरपर्दो बनाइनेछ ।<br>३. सबै घरधुरीमा केन्द्रीय प्रशारण लाइनबाट विद्युत् लाइन जडान गरिनेछ ।<br>४. विद्युतको काम गर्ने प्राविधिकहरू स्थानीय स्तरमानै तयार गरिनेछ,। |
| २. बैकल्पिक ऊर्जाको विकास र विस्तार गर्ने | १. वैकल्पिक ऊर्जाको विकास र विस्तार गरिनछ ।<br>२. वैकल्पिक ऊर्जामा अनुदान तथा मेचिङ फण्डको व्यवस्था गरिनेछ ।<br>३. विद्युत् ऊर्जालाई आर्थिक क्रियाकलाप (उद्योग) सँग आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।<br>४. गोबरग्यास उत्पादनलाई प्राथमिकता दिन सहयोग र अनुदान दिने नीति अवलम्बन गरिनेछ । |

### ७.४.८ प्रमुख कार्यक्रम

**नगरपालिका आफैले गर्ने**

- विद्युत् योजनाको पहिचान ।
- लगानी प्रबर्धन ।
- बैकल्पिक ऊर्जा ।
- गोबरग्यासमा अनुदान ।
- सुरक्षित विद्युत् प्रयोग गर्न चेतना अभिवृद्धि ।

**प्रदेश सरकारको समन्वयमा गर्ने**

- मझौला जल विद्युत् निर्माण ।
- विद्युत् प्रसारण लाइन।

**संघीय सरकारसँग समन्वय गरी गर्ने**

- लगानी प्रबर्धन ।
- विद्युत् आयोजना निर्माण ।
- निजी क्षेत्रसँगको सहकार्य ।

### ७.४.९ अपेक्षित उपलब्धि

सबै घरधुरीमा राष्ट्रिय प्रसारण लाइन जडान भएको हुने, नयाँ जलविद्युत् आयोजनाहरूको पहिचान भई सम्भाव्यता अध्ययन भएको हुने, पालिकाको २५% घरधुरीमा बायोग्यास उत्पादन गरी प्रयोग गरेको हुने ।

## ७.५ सूचना तथा सञ्चार क्षेत्र

### ७.५.१ पृष्ठभूमि

मानवको चेतना सृजनशीलताको एक महत्वपूर्ण पाटोको रूपमा सूचना तथा सञ्चारलाई लिने गरिन्छ । सूचना बिना आजको कुनै क्षेत्रको विकासको किल्पना सम्म गर्न सकिदैन । सूचना तथा सञ्चार आर्थिक विकासको संबाहकको रूपमा हुन्छ । सूचनाको अभाव बिना कुनै पनि कार्य सम्पन्न हुन कठिन हुन्छ । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । स्थानीय सरकार संचालन ऐनले सूचना प्रबिधिको प्रयोग, विद्युतीय शासन, एफ एम संचालन, स्थानीय पत्रपत्रिका आदि जस्ता बिषयहरू स्थानीय सरकारको कार्य जिम्मेवारीभित्र तोकेको छ ।

### ७.५.२ हालको स्थिति

यस नगरपालिकाको ९१.२५% घरधुरीले मोबायल प्रयोग गर्दछन् । ५७% घरमा टेलिभिजन प्रयोग हुन्छ, ४.०% घरधुरीमा कम्प्युटर प्रयोग हुन्छ । यस्तै ५.६% घरधुरीमा इन्टरनेटको पहुच छ । हालसम्म लैण्डलाइन टेलिफोन सेवा सबै स्थानमा पुगेको छैन । इन्टरनेट सेवा भए पनि नेटवर्क साह्रै कमजोर भएकोले भरपर्दो छैन। पालिकामा कुनै स्थानीय पत्रिका प्रकाशन हुँदैन ।

### ७.५.३ प्रमुख समस्या

लैण्डलाइन टेलिफोन सेवा नहुनु, इन्टरनेट सेवा भरपर्दो नहुनु, स्थानीय पत्रपत्रिका प्रकाशित नहुनु, पालिकाको कार्य सम्पादन विद्युत् प्रणालीमा आबद्ध हुनु नसक्नु आदि प्रमुख समस्या हुन् ।

### ७.५.४ अवसर र चुनौती

**अवसर**

सडक सुविधा भएकोले वायरलेस नेटवर्क र अप्टिकल फाइबरको विस्तार गर्ने नीति हुनु, आम मानिसहरूको सूचना प्रणालीप्रति बढ्दो आकर्षण विद्यालयहरूमा नवीन सूचना प्रविधिसहित कम्प्युटर शिक्षाको विस्तार हुनु, टेलिफोन मोबाइल टावर निर्माण हुनु, मोबाइल फोनको ब्यापक उपयोग हुनु, पालिकाको आफ्नै वेबसाइट हुनु, पालिकामा बिभीन्न वेप्सहरूको प्रयोग बढ्दै जानु आदि अवसर हुन् ।

**चुनौती**

सबै नागरिकसम्म सूचनाको पहुँच पुर्याउनु, सामाजिक सञ्जालको दुरुपयोग रोक्नु, अन्तरसरकार समन्वय प्रभावकारी बनाउनु, पालिकामा लैण्डलाइन टेलिफोन सेवाको विस्तार गर्नु, इन्टरनेट र वाइफाइको पहुँच बढाउनु, पालिकाको सूचना विद्युत् प्रणालीमा आबद्ध गर्नु आदि चुनौती हुन् ।

### ७.५.५ लक्ष्य

भरपर्दो सञ्चार सुविधाको विस्तार भएको हुने ।

### ७.५.६ उद्देश्य

गुणस्तरीय सूचना तथा सञ्चार सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।

### ७.५.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सूचना तथा सञ्चारको पहुँच विस्तार गर्ने । | १. टेलिफोन टावर निर्माण र विस्तार गर्न पहल गरिनेछ ।<br>२. स्थानीयस्तरमा एफएम सेवा स्टेसन संचालन गर्न सहजीकरण गरिनेछ ।<br>३. स्थानीय पत्रिका प्रकाशन गर्न आवश्यक सहयोग गरिनेछ ।<br>४. विद्यालय, स्वास्थ्य संस्था, वित्तीय संस्था र गापाको वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवा विस्तार गरिनेछ।<br>५. मोबाइल प्रदायक संस्थाहरूसँग समन्वय गरिनेछ ।<br>६. वाइफाइ सेवा विस्तार गरी फ्री वाइफाइ जोन विकास गरिनेछ ।<br>७. वडा कार्यालयमा विद्युत् सूचना पूर्वाधारको विकास गरिनेछ।<br>८. विद्यालय केन्द्रित इ लाइब्रेरीको विकास र विस्तार गरिनेछ।<br>९. विद्‌यालयमा कम्प्युटर शिक्षा विस्तार गर्दै जानेछ। |

### ७.५.८ प्रमुख कार्यक्रम

**स्थानीय तह आफैले गर्ने**

- एफ एम रेडियो प्रसारणमा सहयोग र सहजीकरण ।
- स्थानीय पत्रिका प्रकाशन मा सहयोग ।
- विद्युत् सूचना पूर्वाधार निर्माण ।
- इ लाइब्रेरी स्थापना ।
- वाइफाइ टावर निर्माण ।

**प्रदेश सरकारसँग समन्वय गरी सम्पादन गर्ने**

- थप टेलिफोन टावर निर्माण ।
- विद्युत् सूचना पूर्वाधार निर्माण ।
- संघ प्रदेश र स्थानीय तहमा विद्युतीय सूचना प्रणालीको आबद्धता ।

**संघीय सरकारसँग समन्वय गरी सम्पादन गर्ने**

- सूचना हाइ वे ।
- टेलिफोन टावर निर्माण ।
- लैण्डलाइन टेलिफोन विस्तार ।

### ७.५.९ अपेक्षित उपलब्धि

सबै परिवारमा सूचनाको प्रवाह पुगेको हुने, विद्यालयहरूमा इ-लाइब्रेरी स्थापना भएको हुने, ९५% भू क्षेत्र टेलिफोन टावरको दायरामा आएको हुने, टेलिफोन प्रयोग गर्ने परिवार शंख्या ७५% पुगेको हुने, इन्टरनेट प्रयोग गर्ने परिवार शंख्या २५% पुगेको हुने, लैण्डलाइन टेलिफोनको पालिकाको सबै स्थानमा पहुँच हुने, एफएम स्थापना भएको हुने ।

योजना बैंकमा राखी संचालनमा ल्याउने गरी पूर्वाधार क्षेत्र अन्तर्गत प्राथमिकताका आयोजनाहरू निम्नानुसार छन् :

| **क्र.सं** | **क्षेत्र** | **प्राथमिकताका आयोजनाहरू** |
|---|---|---|
| १ | सडक | ससाना पुलहरू तथा कल्भर्टहरू निर्माण<br>ससाना झो पु हरू, सडकपुलहरू निर्माण<br>सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तर उन्नति |
| २ | भवन | आइसोलेसन सेन्टर निर्माण<br>ढल निकासको व्यवस्था |
| ३ | सिँचाइ | सतह सिँचाइ निर्माण, बैकल्पिक सिँचाइको व्यवस्था<br>लिफ्ट सिँचाइ प्रणालीको विकास<br>जल उपयोग बहुउद्देश्यीय योजना |

# परिच्छेद - ८
# वन वातावरण तथा विपद् व्यवस्थापन

## ८.१ वन, वातावरण जैविक विविधता तथा फोहरमैला व्यवस्थापन

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधानमा वन, वातावरण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐनमा पनि वातावरण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा समावेश गर्नुपर्ने उल्लेख गरिएको छ। दिगो विकासका लक्ष्य प्राप्तिको लागि वन, वातावरण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन अन्तरसम्बन्धित महत्वपूर्ण विषयका रूपमा रहेको छ।

### ८.१.२ वर्तमान स्थिति

यस नगरपालिकामा समशीतोष्ण र लेकाली हावापानीमा पाइने प्रायः सबैजसो वनस्पति पाइन्छ जसमा मुख्य साल, खोटेसल्ला, पातले सल्ला, चिलाउने, उत्तिस, बकाइनो बाज, गुराँस, धुपी, खर्सु, जस्ता प्रजाति पाइन्छन् तेस्तै जडीबुटीको हकमा चिराइतो, जटामसी, लोक्ता, सतुवा, कुरिलो, अमला, मुसली, खोटेसल्लाको खोटो, चुत्रो, ओखर, पाखनवेद, रिठ्ठा, टिमुर, लौठसल्ला आदि जस्ता महत्वपूर्ण वनस्पति पाइन्छन्। यस नगरपालिकामा ४८ वटा सामुदायिक वनको ३४२३ हेक्टरमा र ४.५ हेक्टरमा निजी वनको क्षेत्रफल रहेको छ ।

### ८.१.३ प्रमुख समस्या

खाना पकाउने इन्धनको दाउराको अत्यधिक प्रयोग गरिनु, सार्वजनिक जग्गामा वन तथा वृक्षरोपणको लागि न्यूनतम कार्यक्रम लागू हुनु, विविध कारणले वन क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण हुँदै जानु, महत्वपूर्ण वनस्पतिको महत्वपूर्ण प्रजाति पहिचान नहुनु आदिले गर्दा जडीबुटी लगायत अन्य गैरकाष्ठ वन पैदावारहरूको स्रोत घट्ने क्रममा रहनु यस क्षेत्रका समस्या हुन् ।

### ८.१.४ अवसर र चुनौती

**अवसर**

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको विषय संविधानद्वारा नै स्थानीय तहको अधिकार क्षेत्रभित्र समेत समावेश गरिनु, यी विषय सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी विषय नगरपालिकाकको अधिकार क्षेत्रभित्र रहनु, यी विषयलाई राज्यले उच्च प्राथमिकतामा दिनु, जडीबुटी संकलन, निकासी र बजारीकरणबाट आयआर्जन हुनु, केन्द्र तथा प्रदेशसँग समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिनु, विपद् व्यवस्थापन समिति गठन हुनु सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा

उपयोग सम्बन्धी आफ्नो कार्यक्रमको वार्षिक योजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावार बिक्रीबाट प्राप्त आयको दश प्रतिशत नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था हुनु, स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रबर्द्धन गर्नु, सरसफाई र फोहरमैला व्यवस्थापन गर्नु आदि अवसर रहेका छन् ।

**चुनौती**

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन राष्ट्रिय, प्रादेशिक नीति, कानून, रणनीति, तथा मापदण्डको स्थानीयकरण गर्नु, सामुदायिक वनको कार्ययोजना स्थानीय योजना प्रक्रियामा समावेश गरिनु, इन्धनका रूपमा प्रयोग हुने दाउराको अत्यधिक खपतलाई अन्य ऊर्जाको विकल्प दिएर जंगल जोगाउनु, वृक्षरोपणको क्षेत्र बढाएर वन र हरियाली प्रवर्द्धन गर्नु, वन, वातावरण सम्बन्धी क्षेत्रको संगठन संरचना स्थानीय तहमा परिचालन गर्नु, जैविक विविधताको पहिचान र संरक्षण गर्नु, अन्तर तह समन्वय गर्नु, आदि चुनौती देखिएका छन्।

### ८.१.५ लक्ष्य

जैविक विविधता, वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षण र प्रबर्द्धन भएको हुने ।

### ८.१.६ उद्देश्य

वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षण र प्रबर्द्धन गर्नु ।

### ८.१.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामुदायिक वन, धार्मिक वन र निजी वनको समुचित रूपमा संरक्षण, सम्बर्द्धन, सदुपयोग तथा व्यवस्थापन गर्ने। | • वनले ढाकेको क्षेत्र, वनमा लगाइएका रुख तथा जडीबुटीको लगत संकलन सहित कार्ययोजना तयार गर्नमा सहजीकरण गरिनेछ ।<br>• सामुदायिक वनको कार्ययोजना बमोजिम कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।<br>• वन उपभोक्ता समूहको क्षमता विकास को कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• स्थानीय वन उपभोक्ताहरूको काठ, दाउरा, स्याउला र घाँसपात जस्ता वन पैदावारको मागको सतत् रूपमा आपूर्तिको व्यवस्था मिलाइनेछ ।<br>• वन पैदावारमा आधारित विभिन्न आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरी स्थानीयस्तरमा रोजगारी प्रबर्द्धन गरिनेछ ।<br>• वन व्यवस्थापन तथा सदुपयोगमा जनसहभागिता र सरोकारवालाको समानुपातिक पहुँच सुनिश्चित गरी वनस्रोत माथि स्थानीय बासिन्दाको अपनत्वको भावना विकास गरिनेछ । |

| | |
|---|---|
| | • जैविक विविधता संरक्षणका साथै पर्यापर्यटनलाई टेवा पुर्याउन सहजीकरण गरिनेछ ।<br>• निजी वन विकास र संरक्षणलाई प्रोत्साहित गरिनेछ र वन कार्यालयसँग समन्वय गरी त्यसको व्यवस्थापन तथा बजारीकरणमा सहजीकरण गरिनेछ ।<br>• वनजंगललाई आगलागीबाट जोगाउन जनचेतनाका साथै अग्नि नियन्त्रणका उपाय अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।<br>• वन क्षेत्रका सरोकारवालाहरू, स्थानीय निकाय, गैरसरकारी संघ संस्थासँग समन्वय गरिनेछ । |
| २. जलाधार क्षेत्र संरक्षण गरी भूक्षय नियन्त्रण गर्ने । | • खोलाहरूको संरक्षण गर्नुपर्ने क्षेत्रको पहिचान, सर्वेक्षण गरी योजना प्रक्रियामा समावेश गरी संरक्षण कार्य गरिनेछ ।<br>• खोल्सा, खोल्सीहरूमा चेक ड्याम बनाई नियन्त्रको कार्य गरिनेछ ।<br>• खोला र जलाधार क्षेत्रको संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पहिरो जाने संभाव्य क्षेत्रको पहिचान गरी पहिरो रोकथामका लागि जैविक प्रविधि अवलम्बन गर्न कृषक उपयोगी डालेघाँस, घाँस आदि वृक्षरोपण गरिनेछ ।<br>• सडक किनारामा फलफूल तथा सौन्दर्य वृद्धि गर्ने जातका बोट, बिरुवाको वृक्षरोपण र संरक्षण कार्य गरिनेछ । |
| ३. वातावरण संरक्षण र नियमन फोहरमैलाको व्यवस्थापन गर्ने । | • वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ ।<br>• वातावरण र विकास बीच सन्तुलन कायम गरिनेछ ।<br>• वातावरण संवेदनशील विशेष गरेर भौतिक पूर्वाधारका योजना र प्राकृतिक स्रोतको प्रयोग गर्दा प्रारम्भिक परीक्षण (IEE) तथा मुल्यांकन अध्ययन (EIA) गरेर मात्र कार्यक्रम स्वीकृत गर्ने प्रणाली अवलम्बन गरिनेछ ।<br>• स्थानीयस्तरमा हरित क्षेत्रको विकास, संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>• वातावरणीय जोखिम न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• घर, आगन र बजार क्षेत्र सरसफाई तथा फोहरमैला व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | • उत्पादन हुने फोहरलाई कुहिने, पुनः प्रयोग हुने र फालिने गरी वर्गीकरण गरिनेछ ।<br>• बजार क्षेत्रको फोहरलाई व्यवस्थित गर्न व्यवस्थापन समिति गठन गरी व्यवस्थापनका लागि जिम्मेवारी दिइनेछ ।<br>• कुहिने फोहरलाई कम्पोष्टको रूपमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>• पुनः प्रयोग गरिने फोहरलाई बिक्री वितरणको संस्थागत रूपमा संकलन गरी निकासी गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ र यसरी निकासी भएको फोहरको आयलाई निर्देशिका तयार गरी सम्बन्धित समिति र गाउँपालिकामा रहने गरी व्यवस्था गरिनेछ।<br>• बजार क्षेत्रमा व्यवस्थित नाली र ढलको व्यवस्था गरिनेछ । |

### ८.१.८ प्रमुख कार्यक्रम

- सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति,
- वन, पैदावार व्यवस्थापन,
- जैविक विविधता संरक्षण,
- अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य,
- भू तथा जलाधार संरक्षण,
- फोहरमैला व्यवस्थापन,
- क्षमता विकास ।

### ८.१.९ अपेक्षित उपलब्धि

योजना अवधिको अन्त्यसम्ममा वन नर्सरीको स्थापना भएको हुने, वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड भएको हुने, प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि लागू भएको हुने, विद्यालय तहमा वातावरण संरक्षण सम्बन्धी अभिमुखीकरण र वातावरणीय सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको हुने ।

## ८.२ जलवायु परिवर्तन र विपद् व्यवस्थापन

### ८.२.१ पृष्ठभूमि

नेपालको संविधानले जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी आ-आफ्नो तहमा यी विषय सम्बन्धी नीति, कानून, रणनीति र मापदण्ड तर्जुमा गरी लागू गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा जलवायु परिवर्तन, अनुकुलन, विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयलाई समावेश गरी कार्यान्वयन गरिनुपर्ने व्यवस्था गरिएको छ।

### ८.२.२ वर्तमान स्थिति

यस नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई कोभिड-१९, तथा अन्य स-साना आउने विपद् कार्यको व्यवस्थापन गर्ने गरिएको छ वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेको पनि छ।

### ८.२.३ प्रमुख समस्या

जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड तर्जुमा हुन नसक्नु, स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्य योजना लागू हुन नसक्नु, वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य हेर्ने सम्पर्क व्यक्ति न तोकिनु, व्यवस्थित कार्ययोजनान बनाई कार्यक्रम सञ्चालन हुन नसक्नु, खहरे खोला भएको कारणले भूक्षयको जोखिम रहनु, वन जंगलको क्षेत्रफल राष्ट्रिय मापदण्डभन्दा कम हुनु, स्थानीय वातावरण समितिको क्षमता कमजोर रहनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ८.२.४ अवसर र चुनौती

**अवसर**

केन्द्रीय जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, रणनीति तर्जुमा भई विपद् व्यवस्थापन प्राधिकरण गठन भई कार्यान्वयनमा रहेको, स्थानीय विपद् पूर्व तयारी कार्ययोजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने तथा विपद् व्यवस्थापनमा स्थानीय समुदाय संघ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्न सक्ने गरी कानुनी व्यवस्था समेत रहेको, अन्तर्राष्ट्रिय र राष्ट्रिय प्राथमिकतामा परेको क्षेत्र भएकोले स्रोत साधन परिचालन हुन सक्ने उच्च सम्भावना रहनु आदि यस क्षेत्रका अवसर रहेका छन् ।

**चुनौती**

स्थानीय अनुकूलन कार्ययोजना लागू हुन नसक्नु, संघ र प्रदेशबाट यस सम्बन्धी क्षमता विकास तथा स्रोतसाधनको व्यवस्था हुन नसक्नु आदि यस क्षेत्रका चुनौती देखिएका छन् ।

### ८.२.५ लक्ष्य

वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन हुने।

### ८.२.६ उद्देश्य

स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना र विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

### ८.२.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्ने। | • स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनालाई स्थानीयकरण गरी कार्यान्वयनमा ल्याइनेछ,<br>• उक्त कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्न संस्थागत संयन्त्र स्थापना र बजेट व्यवस्था गरिनेछ,<br>• सुख्खाको कारणले मूलहरू सुक्दै गएकाले पानी रिचार्ज हुने गरी उपयुक्त क्षेत्रमा पोखरी निर्माण गरिने छन्,<br>• खेती प्रणाली, जैविक विविधतामा समेत परेको असर न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ,<br>• न्यून पानी उपयोग हुने आधुनिक प्रविधिको प्रयोग गरिनेछ,<br>• पानीको बहुउपयोग गरिनेछ,<br>• वृक्षरोपण वा संरक्षण गरी वन क्षेत्रको विस्तार गरिनेछ,<br>• खुला स्थानमा पार्क, उद्यान निर्माण गरी हरियाली कायम गरिनेछ,<br>• हरित ग्यास उत्सर्जन गर्ने कुनै पनि कार्यलाई निरुत्साहित गरिनेछ,<br>• प्लाष्टिकको प्रयोगलाई रोकिनेछ । |
| २. विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापन गर्ने । | • विपद् जोखिम क्षेत्रको नक्सांकन गरिनेछ,<br>• विपद् व्यवस्थापन कोषको स्थापना र कार्यविधि बनाई सञ्चालन गरिनेछ,<br>• विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन कार्य सञ्चालन गरिनेछ,<br>• समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम पहिचान गरी सञ्चालन गरिने छन्,<br>• विपद् व्यवस्थापनमा संघ, प्रदेश तथा सरोकार निकाय बीच समन्वय कायम गरी कार्यक्रम सञ्चालन गरिनेछ,<br>• सम्पादन गरिएका कार्यक्रमको अभिलेखीकरण गरिनेछ । |

### ८.२.८ प्रमुख कार्यक्रम

१. नर्सरी स्थापना ।

२. वृक्षरोपण क्षेत्रको पहिचान ।

३. निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन ।

४. पानी भरण पोखरीहरूको निर्माण ।

५. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।

७. जलवायु परिवर्तन अनुकुलन योजना निर्माण ।

८. सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान ।

### ८.२.९ अपेक्षित उपलब्धि

जलवायु अनुकूलन योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति क्रियाशील भएको हुने, विपद् व्यवस्थापन कोष स्थापना भई सञ्चालनमा आएको हुने, विपद् आपतकालीन भण्डारण व्यवस्था भएको हुने, विपद् नक्साङ्कन भएको हुने, सबै वडामा समुदायमा आधारित विपद् व्यवस्थापन समिति गठन भएको हुने, विपद्जन्य क्षति कम भएको हुने।

# परिच्छेद - ९

# सुशासन तथा संस्थागत विकास

## ९.१ सुशासन तथा संस्थागत विकास

### ९.१.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ । स्थानीय तह जनताको निकटतम् रहेर प्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने निकाय भएकोले स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ । सोही मर्मलाई आत्मसात् गर्दै स्थानीय सरकारले संस्थागत संरचना र मानव संसाधनको विकास गरी सुशासनमैत्री वातावरण निर्माण गर्न नगरपालिकाको काम कारवाहिलाई पारदर्शी, जवाफदेही सदाचारयुक्त, न्यायिक र सूचना प्रविधिमैत्री बनाई जनसहभागित र जनविश्वास अभिवृद्धि गर्न जरुरी देखिन्छ ।

### ९.१.२ विद्यमान अवस्था

यस नगरपालिकाले हालसम्म ४३ वटा ऐन नियम, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरेको छ । यसैगरी योजना तर्जुमा सम्बद्ध समितिहरू, अनुगमन समिति र राजश्व परामर्श समिति कृयाशिल रहेका छन् । नागरिक सन्तुष्टि सहितको गुणस्तरीय सेवा प्रवाह गर्ने औजारहरू सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, आम्दानी खर्च, बैठक/सभाका निर्णयहरू सार्वजनिक गर्ने अभ्यास गरेको छ । नगर कार्यपालिकाको कार्यालय र वडाकार्यालयहरूमा जम्मा ५५ जनाको दरबन्दी रहेको छ । स्थानीय सन्चित कोष बाट सुत्रमा आधारित वित्तिय कारोवार सञ्चालन, सामाजिक सुरक्षा तथा वस्तुगत विवरणमा विद्युतीय प्रणालीको प्रयोग भएको छ भने स्थानीय भौतिक पूर्वाधारका कार्यक्रमहरू ठेक्कापट्टा र उपभोक्ता समितिमार्फत कार्यान्वयनमा ल्याएका छन् ।

### ९.१.३ प्रमुख समस्या

आफ्नो अधिकार क्षेत्रभित्रका सबै कानुन, कार्यविधि तथा मापदण्डहरू बनिनसक्नु, विद्यमान ऐन कानुन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति मार्गदर्शनको पालना नहुनु, आवश्यक नगर सभाका समितिहरू गठन हुन नसक्नु, सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायहरूको अवलम्बन गर्न नसक्नु, बढ्दो जनआकांक्षा अनुरूप सेवा प्रवाह हुन नसक्नु, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जस्ता पारदर्शिताका औजारहरूको यथेष्ट प्रयोग नहुनु, संगठनात्मक संरचनाको विश्लेषण नहुनु, कर्मचारी कार्य सम्पादन मूल्यांकन पद्धतिको विकास हुन नसक्नु, सूचना प्रविधि पूर्वाधारको अभाव हुँदा सरल रूपमा सूचना प्रवाहको कठिनाइ हुनु, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास कार्यक्रमहरूको कमी, आन्तरिक स्रोतको कमी हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### ९.१.४ अवसर र चुनौती

**अवसर**

आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन लगायत ४३ वटा आवश्यक आधारभूत ऐन कानूनहरूको निर्माण, विभिन्न नीतिगत समितिहरू र बिषयगत समति/साखा र स्रोत केन्द्रहरूको स्थापना र कार्यान्वयन, न्यायिक समिति लगायत विभिन्न विषयगत समितिहरूको स्थापना र कार्यान्वयन, विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु, पारदर्शिता तथा उत्तरदायित्व बहन गर्न सहयोर्गी औजारहरू सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइको वडा स्तर सम्म अभ्यासमा आउनु, नगरपालिका अन्तर्गत शाखा-उप शाखाहरूकामा कम्प्युटर, इन्टरनेट जस्ता न्यूनतम भौतिक स्रोत साधनको उपलब्धता हुनु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

**चुनौती**

स्थानीय सरकार संचालन सम्बन्धमा सरोकारवालाको समान बुझाई कायम गर्नु, आवश्यक ऐन नियम, कार्यविधि तथा मापदण्डहरू निमार्ण र अधिकारको अभ्यास गर्नु, सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायहरूको अवलम्बन गर्नु, कर्मचारी र जनप्रतिनिधी बीच अन्तरसम्बन्ध कायम गर्नु, समानुपातिक सहभागिता र वितरण प्रणालिको कार्यान्वयन गर्नु, , समायोजित कर्मचारीहरूलाई स्थानीय सेवा अनुसार संचालन गरी व्यवस्थित गर्नु, संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु प्रमुख चुनौती हुन् ।

### ९.१.५ लक्ष्य

नागरिक सन्तुष्टि सहितको गुणस्तरीय सेवा प्रवाह भएको हुने ।

### ९.१.६ उद्देश्य

विधि र प्रक्रियामा आधारित शासकीय प्रणालीमा सुधार, संस्थागत सुदृढीकरणका माध्यमबाट गुणस्तरीय सेवा प्रवाहमा नागरिकको सन्तुष्टि वृद्धि गर्नु ।

### ९.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने । | • मौजुदा कानूनलाई समयानुकूल परिमार्जन गरी आवश्यकताको आधारमा थप ऐन, नियम निर्देशिका, कार्यविधि/मापदण्ड बनाई लागू गरिनेछ ।<br>• पालिकाका सबै समितिहरूलाई कृयाशील गराई आवधिक प्रतिवेदन सभामा प्रस्तुत गरिने प्रणाली स्थापित गरिनेछ ।<br>• सदाचार प्रवर्द्धन गर्दै भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ ।<br>• सदाचार र नैतिकता प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन् । |

| | |
|---|---|
| | • सार्वजनिक पदाधिकारीका लागि आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । |
| २. सर्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता कायम गरी समन्यायिक वितरण प्रणालीको विकास गर्ने | • सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता कायम गर्न र सेवा प्रावहलाई गुणस्तरीय वनाउन (सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन) जस्ता सुशासनक औजारहरूको अधिकतम् प्रयोग गरिनेछ ।<br>• नगरपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइनेछ ।<br>• आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।<br>• सार्वजनिक सेवामा सबै नागरीकको समान पहुँच र अवसरको लागि समतामूलक नीति अपनाइनेछ।<br>• आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।<br>• टोल विकास संस्थाहरूको प्रत्यक्ष सहभागितामार्फत आम नागरिकको सहभागितालाई अभिवृद्धि गरिनेछ । |
| ३. कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने । | • नगरपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन (O & M Survey) गरी संगठन संरचन, दरबन्दी र कर्मचारीको कार्य विवरण तयार गरिनेछ ।<br>• निर्धारित दरबन्दी अनुसार आवश्यक कर्मचारीहरूको पद पूर्ति गरिनेछ ।<br>• सार्वजनिक प्रशासनलाई छिटो, छरितो चुस्त बनाउन कर्मचारी कार्य सम्पादन मूल्यांकन पद्धतिको विकास गरी पुरस्कार तथा दण्डलाई उनीहरूको कार्यप्रगतिसँग आवद्ध गरिनेछ ।<br>• प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुखसँग कार्य सम्पादन करार गरी नतिजाको अनुगमन गर्ने पद्धति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• कर्मचारीलाई कार्यसम्पादन गर्न उपर्युक्त भौतिक पूर्वाधार तथा उपकरणहरूको व्यवस्था गरिनेछ । |
| ४. सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने । | • वडा गाउँ टोल स्तरसम्म अनलाइन सेवा प्रणालीलाई विस्तार गरिनेछ ।<br>• मोबाइल एप्सको प्रयोगबाट नगरपालिकाका गतिविधको वारेमा सवै नागरिकलाई सुसूचित गराइनेछ ।<br>• सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| | • नगरपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।<br>• सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।<br>• सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ ।<br>• विद्यमान वेवसाइटलाई अध्यावधिक गरी नगरपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।<br>• नगरपालिकाको आर्थिक कारोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ । |
| ५. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने । | • जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका क्षेत्रहरू पहिचान गरिनेछ ।<br>• जनप्रतिनिधि र कर्मचारीको समग्र क्षेत्रमा क्षमता विकास गरिनेछ ।<br>• न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ ।<br>• नगरसभाका समितिहरूलाई क्रियाशील गराइनेछ । |

### ९.१.८ प्रमुख कार्यक्रम

**नगरपालिका आफैले सम्पादन गर्ने**

- कानून निर्माण/पुनरावलोकन ।
- सस्थागत स्व-मूल्यांकन ।
- घुम्ती सेवा ।
- सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।
- पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।
- संगठन तथा व्यवस्थापन अध्ययन ।
- सूचना सञ्जालीकरण।
- क्षमता विकास ।
- प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।
- संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।
- नमुना ऐन, नियम, कार्यविधि र मापदण्डहरू ।

### ९.१.९ अपेक्षित उपलब्धि

थप १५ वटा स्थानीय कानून, मापदण्ड तथा कार्यविधिहरू निर्माण भएको हुने, विभिन्न नीतिगत तथा विषयगत समतिहरू प्रभावकारी रूपमा क्रियाशील भएको हुने, सस्थागत स्वमूल्यांकन पद्धतिलाई निरन्तरता दिँदै ९० प्रतिशत भन्दा बढी अंकभार हासिल भएको हुने, सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहीता र गुणस्तरीयता भएको हुने, लक्षित वर्ग तथा समुदायको सशक्तिकरण र मूलप्रवाहीकरणमा विशेष सहयोग पुगेको हुने, १०० प्रतिशत कर्मचारीहरूको पद पूर्ति भएको हुने, नगरपालिकाका सवै वडा कार्यालयहरूले आफ्नै भवनबाट सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाह भएको हुने ।

## ९.२ योजना तथा तथ्याङ्क

### ९.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। योजना तर्जुमामा यथार्थ वस्तुगत अवस्थाबारे जानकारी दिन तथ्याङ्कको अवश्यकता पदर्छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी पार्शवचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गर्नुपर्ने उल्लेख गरेको छ। यस्ता तथ्याङ्क र सूचनाहरूले योजना प्रक्रियालाई वस्तुगत बनाउनका साथै स्थानीय तहको निर्णय प्रक्रियालाई समेत तथ्य तथ्याङ्क र सूचनामा आधारित (evidence-based decision making) बनाउन सहयोग पुर्याउँदछ ।

### ९.२.२ वर्तमान अवस्था

यस नगरपलिकाले राष्ट्रिय जनगणना २०६८ को जनसांख्यिक विवरण, स्वास्थ्य सूचना प्रणाली र शिक्षा सूचना प्रणालीमा आधारित विवरण तथा स्थानीय स्तरमा संकलन गरेका तथ्याङ्क र सूचना प्रयोगमा ल्याएको छ। वार्षिक योजना तथा बजेट तर्जुमा लगायतका कार्यहरूमा यिनै तथ्याङ् प्रयोग गर्रिदै आइएको छ। २०७७ सालमा घरधुरी तथा संस्थागत सर्वेक्षणको माध्यमबाट पहिलोपटक वस्तुगत विवरण तयार गरिएको छ।

### ९.२.३ मुख्य समस्या

स्थानीय अभिलेख सम्बन्धी बस्तुगत विवरण नहुनु, स्थानीय तहमा रहेको सार्वजनिक सम्पत्तिको अभिलेख नरहनु, विभिन्न निकायहरूको तथ्याङ्कमा एकरूपता नहुनु, तथ्याङ्क एकीकृत गरी व्यवस्थित राख्ने संस्थागत व्यवस्था नहुनु, सहभागितामूलक योजना प्रणाली प्रभावकारी रूपमा स्थापित हुन नसक्नु, आयोजनाको प्राथमिकीकरण गरी कार्यक्रम विनियोजन नहुनु, आयोजना सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने अभ्यासको कमी, अवण्डा दामासाही र टुक्रे तथा वितरणकारी योजनाको बाहुल्यता आदि यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन्। साथै नियमित रूपमा तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशनको व्यवस्था हुन नसकेको ।

### ९.२.४ अवसर र चुनौती

**अवसर**

तथ्याङ्कको व्यवस्था तथा योजना प्रणाली सम्बन्धी अधिकार हुनु, निर्वाचित पदाधिकारीको नेतृत्वमा स्थानीय तहको सञ्चालन हुनु, घरधुरी सर्वेक्षण तथा संस्थागत सर्वेक्षणबाट तयार गरिएको वस्तुगत विवरणले योजना तर्जुमा तथा अन्य विकास आयोजनाहरूबाट प्राप्त आधारभूत तथ्याङ्क उपलब्ध हुनु, निकट भविष्यमा हुने राष्ट्रिय जनगणनाले थप उच्च स्तरीय तथ्याङ्क प्राप्त हुनु, विकास आयोजना सम्बन्धमा सामाजिक चेतना वृद्धि हुँदै जानु आदि यस क्षेत्रका प्रमुख अवसर हुन्।

**चुनौती**

तथ्याङ्कको महत्वबारे जानकार बनाउँदै योजना तर्जुमा र निर्णय प्रक्रियामा तथ्य-तथ्याङ्कको प्रयोग गर्ने परिपाटीको विकास गर्नु, बस्ती स्तरबाट सहभागितामूलक योजना तर्जुमा प्रणाली संस्थागत गर्नु, सबै विकास साझेदारका आयोजना कार्यक्रमहरूलाई वार्षिक विकास कार्यक्रममा समावेश गरी समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्नु, ठोस र परिवर्तनकारी आयोजनाको विकास गरी प्राथिमकताका साथ कार्यान्वयन गर्नु, विकास प्रक्रिया र अवसरमा सबैको समावेशी पहुँच कायम गर्नु, योजनाको अभिलेख अध्यावधिक गर्नु, निश्चित समयमा पूर्वनिर्धारित गुणस्तरमा आयोजना सम्पन्न गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

## ९.२.५ उद्देश्य

- आधारभूत तथ्याङ्क उपलब्धता र विश्वसनीय बनाउनु ।
- सहभागितामूलक योजना प्रणाली संस्थागत गर्नु ।

## ९.२.६ रणनीति र कार्यनीति

| क्र.सं | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | तथ्याङ्क एवं अभिलेख प्रणालीको स्थापना गर्ने । | १. नगरपालिकाको आधारभूत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरी वार्षिक रूपमा अध्यावधिक गरिनेछ ।<br>२. स्रोत नक्सा तयार गरी प्रकाशन गरिनेछ ।<br>३. तथ्याङ्क तथा अभिलेख शाखाको स्थापना गरी नगरपालिकास्तरको सूचना तथा तथ्याङ्क उपलब्ध हुने व्यवस्था गरिनेछ ।<br>४. नगरपालिकाको तथ्याङ्कलाई सूचना प्रणालीमा आबद्ध गरी सर्वसुलभ गराइनेछ ।<br>५. सूचना तथा तथ्याङ्क सम्बन्धी क्षमता विकास गरिनेछ।<br>६. वस्तुगत विवरण, स्रोत नक्सा तथा अन्य विवरण नगरपालिकाको वेबसाइटमा रहने व्यवस्था गर्नका साथै वेबसाइटलाई इन्टरएक्टिभ बनाइनेछ। |
| २ | सहभागितामूलक योजना तर्जुमा प्रणालीको स्थापना गर्ने । | १. बस्ती स्तरबाट नै चरणबद्ध सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरिनेछ।<br>२. यस कार्यलई प्रभावकारी बनाउन समयमा नै बजेट पूर्वानुमान र मार्गदर्शन सम्बन्धित निकायमा पठाइनेछ ।<br>३. विकास प्रक्रियामा कोही नछुटुन् भन्ने अवधारणा अनुसार बस्ती तहदेखि नै सबै सरोकारवालाको अर्थपूर्ण सहभागिता बढाइनेछ । |

| | | |
|---|---|---|
| | | ४. बजेट पूर्वानुमान समिति,योजना तर्जुमा समिति र विषयक्षेत्रगत समितिहरूको क्रियाशीलता अभिवृद्धि गरिनेछ । <br>५. वार्षिक योजना तथा कार्यक्रम सभामा विस्तृत छलफल हुने व्यवस्था मिलाइनेछ । <br>६. आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा वार्षिक योजना बीच अन्तर सम्बन्ध कायम गरिनेछ । |
| ३. | आयोजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई व्यवस्थित र संस्थागत गर्ने । | १. परियोजना बैङ्कको स्थापना गरिनुका साथै प्राथमिकता प्राप्त योजनाहरूलाई यसमा समावेश गरिनेछ । <br>२. योजना तर्जुमा गर्दा आयोजना प्राथमिकीकरणका आधारमा छनौट गरी वार्षिक कार्यक्रममा समावेश गरिनेछ । <br>३. रु. १० लाखभन्दा माथिका आयोजना सम्भाव्यता अध्ययनका आधारमा मात्र समावेश गरिनेछ । <br>४. सार्वजनिक परीक्षण र सामाजिक परीक्षण जस्ता नागिरक उत्तरदायी प्रणालीको अनिवार्य प्रयोग गराइनेछ । <br>५. लाभग्राहीहरूलाई प्रारम्भदेखि नै संलग्न गराई सम्पन्न आयोजनाको मर्मतसम्भार तथा दिगोपनाका लागि जिम्मेवारी र क्षमतावान बनाइनेछ । |
| ४. | स्थानीय विकास-साझेदार र अन्तर निकाय समन्वय प्रभावकारी बनाउने। | १. स्थानीय स्तरका आयोजना दोहोरो नपर्ने गरी अन्तर तह समन्वय गरिनेछ । <br>२. अन्तर तह र अन्तर सरकार साझेदारीमूलक आयेजनाहरूलाई प्राथमिकता दिइनेछ। <br>३. योजना तर्जुमा प्रक्रियामा नगरपालिकाका क्षेत्रमा काम गर्ने विभिन्न निकाय र स्थानीय विकास साझेदारहरूलाई समेत संलग्न गराई त्यस्ता आयोजना वार्षिक योजनामा समावेश गरिनेछ। <br>४. सामुदायिक वनको कार्ययोजना पनि पालिकाको योजनामा समावेश गर्न सरोकारवालासँग अन्तरकृया गरिनेछ । |
| ५ | नतिजामूलक अनुगमन प्रणालीको स्थापना गर्ने । | १. वार्षिक अनुगमन तालिका तर्जुमा गरी तदअनुसार अनुगमन गरिनेछ। <br>२. अनुगमन सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन हुने व्यवस्था मिलाइनेछ। <br>३. आयोजनाको नियमित अनुगमन गर्ने जिम्मेवारीको निर्धारण गरिनेछ । <br>४. अनुगमन समितिको क्षमता विकास गरिनेछ। <br>५. अनुगमन समितिको प्रतिवेदनहरू कार्यपालिकाको नियमित |

| | | |
|---|---|---|
| | | बैठकमा प्रस्तुत र छलफल हुने व्यवस्था गरिनेछ।<br>६. समीक्षा कार्यक्रमलाई नियमित गरी नतिजासँग आबद्ध गर्दै विकास समस्या समाधान समेतका रूपमा स्थापित गरिनेछ।<br>७. विकास आयोजनाको प्रगतिप्रतिवेदन नियमित रूपमा सम्बन्धित निकायहरूमा पठाइनेछ । |

## ९.२.७ प्रमुख कार्यक्रम

१. वस्तुगत विवरण निर्माण, अद्यावधिक र प्रकाशन ।

२. स्रोत नक्साको निर्माण र प्रकाशन ।

३. सहभागितामूलक योजना तर्जुमा ।

४. दिगो विकासको स्थानीयकरण ।

५. पूर्व सम्भाव्यता, सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन निर्माण ।

६. मासिक चौमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन ।

७. यातायात गुरुयोजना, खानेपानी तथा सरसफाई गुरुयोजना लगायतका क्षेत्रगत गुरुयोजनाको निर्माण र कार्यान्वयन ।

८. योजना प्रणाली सम्बन्धी क्षमता विकास ।

९. मध्यमकालीन खर्च संरचनाको निर्माण।

## ९.२.८ अपेक्षित उपलब्धि

आधारभूत तथ्याङ्क नियमित रूपमा उपलब्ध भएको हुने, वस्तुगत विवरण तयार भई अध्याविधक भएको हुने, सहभागितामूलक योजना तर्जुमा प्रणाली कार्यान्वयनमा आएको हुने, नगरपालिकाको प्रथम आवधिक विकास योजना कार्यान्वयनमा आएको हुने, सबै विकास साझेदारहरूको कार्यक्रम नगरपालिकाको वार्षिक योजनामा समावेश भई सार्वजनिक भएको हुने, मध्यमकालीन खर्च संरचना निर्माण भएको हुने, वार्षिक अनुगमन कार्यतालिका तयार गरी कार्यान्वयनमा आएको हुने, विकास समीक्षा प्रणाली संस्थागत हुने, अन्तर तह प्रतिवेदन प्रणाली नियमित र विद्युतीय प्रणालीमा आबद्ध भएको हुने।

## ९.३ आन्तरिक राजस्व परिचालन

### ९.३ १. पृष्ठभूमि

बेलकोटगढी नगरपालिकाको दिगो आर्थिक बृद्धि हासिल गर्नका लागि बान्छित् आर्थिक आधार निर्माण गर्नु पर्ने हुन्छ । यसका निमित नगरपालिकाको कार्यक्षेत्रभित्र कृषि तथा गैर कृषि गरी सवै खाले उद्यम व्यवसायलाई प्रवद्र्धन गरिनु पर्दछ । रोजगारी सिर्जना एवं उद्यमशीलता विकासका माध्यमबाट नगरँवासीको आर्थिकस्तरमा उल्लेख्य वृद्धि गर्नु पर्ने हुन्छ । दिगो आर्थिक विकास गर्न बेलकोटगढी नगरपालिकाकाको पहिलो आवधिक योजनाले अपेक्षा गरे बमोजिमको आर्थिक तथा सामाजिक विकासका लागि प्रयाप्त वित्तीय स्रोतहरूको आवश्यकता पर्नेछ । नगरपालिकाको वार्षिक बजेटमा आन्तरिक राजस्वको अनुपात एकदमै कम रहेको विद्यमान स्थितिमा संघीय तथा प्रदेश सरकारको अनुदानमा निर्भर रहनु पर्ने बाध्यता रहेको छ ।

आर्थिक *वर्ष २०७७/७८ मा नगरपालिकाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघ र प्रदेशवाट रू. ६३ करोड ६८लाख प्राप्त गरेको*मा *आन्तरिक राजस्ववाट रू. २ करोड ६ लाख मात्र प्राप्त गरेको थियो । बेलकोटगढी नगरपालिकामा आन्तरिक राजस्व परिचालनको सन्दभमा सामना गर्नु परेको समस्या तथा चुनौतीहरूको बाबजुद विद्यमान सम्भावना तथा अवसरहरूको उपयोग गर्दै आन्तरिक राजस्व परिचालनलाई बृद्धि गर्नु पर्ने आवश्यकता छ ।*

### ९.३.२ आन्तरिक राजस्वको स्रोतगत स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा नगरपालिकाले लगाउन सक्ने प्रत्यक्ष करहरू जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरू रहेका छन् । यसैगरी गैरकर अन्तर्गत नगरपालिकाबाट विभिन्न सेवाहरू उपयोग गरे वापतको सेवाशुल्क जस्तैः स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरूबाट असूल गरिने सेवा शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र नगरपालिकाले आफ्नो क्षेत्रभि स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री, सामुदायिक वनको आय आदि रहेका छन् ।प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुरको दर प्रदेशले तोक्ने र स्थानीय तहले संकलन गर्ने प्रावधान रहेको छ । हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्ला स्थित मालपोत कार्यालयले प्रदेश कानून बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर असुल गरी त्यसको ६० प्रतिशत सम्वन्धित नगरपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाइनेछ ।

### ९.३.३ आन्तरिक राजस्व बृद्धिका क्षेत्रहरू

बेलकोटगढी नगरपालिकाको आन्तरिक राजस्व संकलनको न्यून अनुपातलाई आगामी वर्षहरूमा क्रमिक रुपमा बृद्धि गर्दै लैजान सम्भाव्य कर तथा गैर कर राजस्वको अध्ययन तथा विश्लेषण गरी विषयगत आधारमा सुधारका क्षेत्रहरू पहिल्याएर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । नगरपालिकाको राजस्व आम्दानीलाई बढाउन कर तथा गैर करका दरहरू बढाउदा वा नया दरहरू कायम गर्दा करदाताहरूको तिर्न सक्ने क्षमताका साथै करदाताको कर तिर्ने तत्परतालाई समेत ध्यान दिइनु पर्नेछ ।

यस परिप्रेक्ष्यमा बेलकोटगढी नगरपालिकाको राजस्व सूधार कार्ययोजना, २०७७ ले प्रस्ताव गरे बमोजिम स्थानीय स्तरमा लगाइने कर तथा गैर कर राजस्व प्रणालीलाई प्रगतिशील एवं समन्यायिक स्वरुप दिई करदाता एवं सेवाग्राही मैत्री तुल्याइनु पर्ने हुन्छ । यसैगरी बेलकोटगढी नगरपालिकाको व्यवसायिक कर सुधार योजना, २०७७ र उद्यम व्यवसायको प्रवद्र्धन, दर्ता, नियमन तथा सुविधा सहुलियतसम्बन्धी जानकारी पुस्तिका (सन्दर्भ सामग्री), २०७७ लाई समेत दृष्टिगत गरेर आन्तरिक राजस्व परिचालनका लागि पहल गर्नु पर्दछ । नगरपालिकाको आन्तरिक राजस्वको अनुपात बृद्धिका लागि स्रोतगत आधारमा निम्न बमोजिमका क्षेत्रहरू छन्ः

**(क) सम्पत्ति कर**

- यस नगरपालिकामा २०७७ को घरधूरी सर्वेक्षण अनुसार ९०९६ घर परिवार रहेका देखिन्छन् ।
- भूकम्पपछि पुनर्निर्माण भएका तथा वार्षिक वृद्धिलाई मध्यनजर गर्दा घरहरूको संरचना तथा संख्यामा वृद्धि हुने कारण सम्पत्तिको मूल्याङ्कन र राजस्वमा वृद्धि हुने अनुमान गरिएको।

**(ख) भूमिकर (मालपोत)**

जग्गालाई उत्पादकत्वका आधारमा वर्गीकरण गरी (पूर्ण सिञ्चित र बजार क्षेत्रका जग्गा सहित/ अर्धसिंचित र असिंञ्चित) जग्गाको स्वामित्व न्यूनदेखि बढी कम्तीमा ५ ७ तहमा वर्गीकरण गर्ने ।

**(ग) घरजग्गा बहाल कर**

यस नगरपालिकामा नौसय भन्दा बढी संख्यामा उद्योग, व्यापार, व्यवसायहरू सञ्चालनमा रहेको र ती व्यवसायहरू मध्ये २५% बाट बहाल कर प्राप्त हुन सक्ने.

**(घ) व्यवसाय कर**

नगरपालिका क्षेत्रभित्र नौ सयभन्दा बढी संख्यामा उद्योग र व्यापार व्यवसाय रहेकाले यी व्यवसायहरूको पूँजीगत लगानीका आधारमा कर निर्धारण गरी स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा थप राजस्व प्राप्त गर्ने सम्भावना रहेको ।

**(ङ) जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर**

सामुदायिक वन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ । साथै बजारीकरणको विस्तार सँगै कवाडी सामान वृद्धि हुने सम्भावना रहेको छ ।

**(च) विज्ञापन कर**

नगरपालिका हुँदै लोकमार्ग गएको तथा यहाँका बजार केन्द्रहरूमा विभिन्न व्यवसायिक निकायहरूको विज्ञापन राख्ने गरेको र भविष्यमा यसको बढोत्तरी हुने सम्भावना रहेको छ ।

**(छ) साना सवारी साधन कर**

आगामी समयमा लोकमार्ग तथा पक्की सडक वृद्धि भएसँगै सानासवारी साधन करको सम्भावना बढ्दै जानेछ ।

**(ज) प्राकृतिक एवं खानीजन्य वस्तु बिक्रीबाट प्राप्त राजश्व**

यस नगरपालिका हुँदै लोकमार्गको साथै अन्य नगरपालिकास्तर सडक निर्माण कार्य भइरहेकोले नयाँ बजार केन्द्रहरू विकास हुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने देखिन्छ । यसबाट नगरपालिकाको राजस्व प्राप्तिमा वृद्धि हुँदै जाने।

**(झ) वाल विटौरी शुल्क**

लोकमार्गको अधिन, ऐलानी, सार्वजनिक, वनको स्वामित्वमा रहेको र संरचना निर्माण गरी बसेका परिवारलाई दायरामा ल्याउन सकिने।

**(ञ) निर्माण नक्सा पास दस्तुर**

बजारीकरण हुँदै गएको हुनाले आगामी दिनमा पक्की घरहरू निर्माण हुँदै जाने भएकोले नियमित आय हुने।

**(ट) व्यवसाय दर्ता/नवीकरण शुल्क**

नगरपालिकामा नौसय भन्दा बढी व्यवसाय भएकाले दर्ता/नवीकरण शुल्क शिर्षक वापत थप रकम प्राप्त हुने।

**(ठ) सेवा शुल्क दस्तुर सिफारिस र प्रमाणित शुल्क**

नगरपालिका तथा वडाहरूबाट वार्षिक रुपमा सिफारिस दस्तुर दर वापत् नियमित राजस्व प्राप्त हुने ।

**(ड) सेवा शुल्क**

पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय सडक पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्कवाट थप आय प्राप्त हुने ।

**(ढ) घरजग्गा रजिष्ट्रेशन दस्तुर**

नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गाको स्वामित्व हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने प्रावधानले नगरपालिकाका लागि विश्वसनिय आय स्रोत कायम हुन सक्नेछ ।

**(ण) सामुदायिक वनबाट आय**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १० % सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। नगरपालिका क्षेत्रभित्र ४८ वटा सामुदायिक वन रहेकाले वनवाट उल्लेख्य राजस्व प्राप्त हुन संभावना रहेको छ ।

## ९.३.४ प्रस्तावित रणनीति

बेलकोटगढी नगरपालिकको राजस्व सुधार कार्ययोजना, २०७७ मा उल्लेख भए बमोजिम नगरपालिकाको आन्तरिक राजस्व आयलाई बढाउन निम्न बमोजिमका रणनीतिहरू प्रस्ताव गरिएका छन् । ती रणनीतिहरूलाई कार्यान्यनका लागि उक्त योजना द्वारा विभिन्न कार्यनीतिहरू प्रस्ताव गरिएका छन्:

नगरपालिकामा तयार गरिएका राजस्वसँग सम्बन्धित ऐन तथा नियमहरूलाई अझ बढी व्यवहारिक बनाउन सुधार गरिनेछ । साथै ऐन, नियममा अपर्याप्त भएका देहाय बमोजिमका पक्षहरूलाई समेटिनेछः

- नगरपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरूलाई कार्यान्वयन गर्न राजस्व शाखाको गठन तथा सुदृढीकरण गरी क्षमतावान बनाइनेछ ।
- राजस्वलाई वृद्धि गर्न करका दायरालाई फराकिलो गर्दै लगिनेछ ।
- कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउँदै लगानी गरिनेछ ।
- कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरूको सहभागिता जुटाइनेछ । यसैगरी कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिने ।
- राजस्व परिचालनलाई समावेशी एवं प्रगतिशील बनाइनेछ ।
- कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरूमा नागरिकहरूको पहुँच पुऱ्याइनेछ ।
- राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ ।

### ९.३.५ आवधिक योजनामा आन्तरिक राजस्व प्रक्षेपण

बेलकोटगढी नगरपालिकको राजस्व प्रसिलाई क्रमिक रूपमा बढाउन राजस्व सूधार कार्ययोजना, २०७७ ले प्रस्ताव गरे बमोजिम देहायअनुसार राजस्व प्रक्षेपण गरिएको छ ।२०७७/७८ को यथार्थ राजस्व संकलन रु.२.०६ करोड मात्र भए तापनि नगर सभाले अनुमोदन गरेको आर्थिक वर्ष २०७८/७९ को राजस्व अनुमानमा उल्लेख्य वृद्धि गरी रु. ७.९५ करोड कायम गरिएकोले आवधिक योजनाको बांकी अवधिका लागि सोहीलाई आधार मानी प्रक्षेपण गरिएको छ । निम्न तालिका अनुसार नगरपालिकाले आवधिक योजनाको अवधिमा जम्मा रू. ४५.८८ करोड राजस्व प्राप्त गर्ने प्रक्षेपण रहेको छ ।

**तालिका ९.३.१ आन्तरिक राजस्वको प्रक्षेपण आ व. २०७७/७८ को मूल्यमा (रू. लाखमा)**

| क्र. सं. | शीर्षक | राजश्व अनुमान तथा प्रक्षेपण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | योजना अविधिको जम्मा |
| १.१ | सम्पत्ति कर | ० | ० | ६ | ७ | ८ | ९ | ३० |
| १.२ | भूमिकर मालपोत | २२ | ३० | ३३ | ३६ | ४० | ४४ | १८३ |
| | मालपोत रजिष्ट्रेशन | ० | ५० | ५० | ५० | ५० | ५० | २५० |
| १.४ | घर जग्गा बहाल कर | ० | ० | ६ | ७ | ८ | ९ | ३० |
| | ब्यवसाय कर | ० | ५० | ५३ | ५५ | ५८ | ६१ | २७७ |
| | गिट्टी बालुवाको विक्री तथा निकासी कर | ० | ६२५ | ६५६ | ६८९ | ७२४ | ७६० | ३४५४ |
| १.५ | अन्य कर | १ | ० | ३ | ४ | ५ | ६ | १८ |
| | **जम्मा कर राजस्व** | २३ | ७५५ | ८०७ | ८४८ | ८९३ | ९३९ | ४२४२ |
| २.१ | विभिन्न सेवा शुल्क | ० | ० | ६ | ७ | ८ | ९ | ३० |
| २.२ | नक्सा पास दस्तुर | ११ | ० | १३ | १५ | १७ | १८ | ६३ |
| २.३ | सिफारिश तथा दस्तुर | ६९ | ३० | ३३ | ३६ | ४० | ४४ | १८३ |
| २.४ | रजिष्ट्रेरशन तथा अन्य दस्तुर | ० | १० | ११ | १२ | १३ | १५ | ६१ |
| २.५ | अन्य गैरकर राजस्व | १०३ | १० | १२ | १४ | १६ | १८ | ७० |
| | **जम्मा गैरकर राजस्व** | १८३ | ४० | ६४ | ७२ | ८१ | ८९ | ३४६ |
| | **कुल जम्मा राजस्व** | २०६ | ७९५ | ८७१ | ९२० | ९७४ | १०२८ | ४५८८ |

**द्रष्टव्यः आ.व २०७८/७९ को आन्तरिक राजस्व अनुमानको विवरण,** RIAP र SuTRA Data **मानी प्रक्षेपण गरिएको ।**

## ९.४ अनुगमन तथा मूल्याङ्कन

### ९.४.१ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि रहन्छ। आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समूचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै प्राविधिक तथा व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, सम्पादित काम तोकिएको लागत र गुणस्तरमा भए नभएको सुनिश्चित गर्नुपर्ने हुन्छ। नगरपालिकाले आफ्नो स्विकृत कार्यक्रम अनुसारका आयोजना अलावा आफ्रनो भूगोलभित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गरी तत् तत् निकायमा जानकारी पठाउने गर्दछ।

### ९.४.२ वर्तमान अवस्था

नगरपालिकामा अनुगमन समितिको गठन भएको, अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा लिने गरिएको, जनप्रतिनिधिहरूबाट समयबद्ध रूपमा नभई कहिलेकाहीं कुनै कुनै योजनामात्र अनुगमन हुने गरेको, चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा हुने गरेको छ । अनुगमनलाई पर्याप्त बजेट विनियोजन भएको देखिंदैन। स्थानीय योजना तथा कार्यक्रमहरूको नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापन गरी विकास योजनाको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक छ ।

### ९.४.३ प्रमुख समस्या

अनुगमन समिति गठन भए तापनि नियमित अनुगमन हुन नसक्नु, ससाना टुक्रे आयोजनाको बर्चश्व र अत्यधिक छरिएर रहेका आयोजनाले गर्दा सबै आयोजना अनुगमन गर्न सम्भव नभएको, अनुगमनका नतिजा सूचकहरू निर्धारण हुन नसक्नु, अनुगमनको प्रतिवेदन प्रणाली नियमित र व्यवस्थित नहुनु, कमजोर अनुगमन प्रतिवेदन, कार्यपालिकाको वैठकमा छलफलको नियमित प्रक्रिया नहुनु, समयबद्ध समीक्षा नहुनु, प्राविधिक मूल्याङ्कनलाई अन्तिम भुक्तानीको आधारको रूपमा मात्र लिइनु, योजना मूल्यांकन नहुनु, जनप्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

### ९.४.४ अवसर र चुनौती

**अवसर**

नगरपालिकास्तरमा उपाध्यक्ष र वडा तहमा वडा अध्यक्षको संयोजकत्वमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था रहनु, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था रहनु, स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनु, अनुगमन

तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण विकास साझेदारको प्राथमिकतामा समेत रहनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

### चुनौती

अनुगमन मूल्याङ्कन सम्बन्धी संस्थागत विकास गर्नु, कार्यक्रमअनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना गर्नु, आयोजना कार्यक्रमको अनुगमनलाई नियमित गराउनु, अनुगमन र मूल्याङ्कनलाई योजना चक्रको हिस्साको रूपमा व्यवस्थित गर्नु, आयोजनाको स्वतन्त्र तेस्रो पक्ष मूल्याङ्कन गर्नु आदि यसक्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन्।

### ९.४.५ लक्ष्य

नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित हुने ।

### ९.४.६ उद्देश्य

१. नतिजामुखी अनुगमन प्रणाली स्थापित गर्नु ।
२. योजनाको मूल्याङ्कन पद्धतिलाई स्थापित गर्नु।

### ९.४.७ रणनीति र कार्यनीति

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | आवधिक योजनाको कार्यान्वयनको निरन्तर अनुगमन गर्ने । | १. आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ।<br>२. आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ।<br>३. आवधिक विकास योजनाको तेस्रो वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्तिपछि गरिनेछ। |
| २. | अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने । | १. अनुगमन सिमितिको क्षामता विकास गर्दै संस्थागत र क्रियाशील गराइनेछ।<br>२. वार्षिक अनुगमन तालिका तर्जुमा गरी तदअनुसार अनुगमन गरिने छ। तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ।<br>३. विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ।<br>४. आयोजनाको नियमित अनुगमनको जिम्मेवारी तोकिनेछ । |

| | | |
|---|---|---|
| | | ५. अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई कार्यपालिकाको नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ।<br>६. अनुगमन समितिको प्रतिवेदनहरू कार्यपालिकाको नियमित बैठकमा प्रस्तुत र छलफल हुने व्यवस्था गरिनेछ।<br>७. अनुगमन र मूल्याङ्कन प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ । |
| ३. | आवधिक तथा वार्षिक योजना र कार्यक्रम आयोजनाको समीक्षा र प्रतिवेदन प्रणाली प्रभावकारी बनाउने। | १. चौमासिक तथा वार्षिक समीक्षा र स्थानीय समस्या समाधान सिमितको बैठक राखी वार्षिक विकास योजना तथा कार्यक्रमको नियमित प्रगति समीक्षा गरिनेछ ।<br>२. समीक्षा बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्रतिवेदनमा छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ।<br>३. चौमासिक र वार्षिक समीक्षामा नियमित रूपमान गरपालिकामा सबै सरोकारवालाहरूको संलग्नतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ।<br>४. योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ। यसका लागि संघ र प्रदेशसँग समन्वय गरी कम्प्युटरमा आधारित एकीकृत सूचना प्रणालीका फर्मेटहरू विकास गरी आबद्ध गरिनेछ ।<br>५. विकास आयोजनाको प्रगति नियमित रूपमा सम्बन्धित निकायहरूमा पठाइनेछ । |

### ९.४.८ प्रमुख कार्यक्रम

१. अनुगमन समितिको संस्थागत विकास र क्षमता अभिवृद्धि ।
२. अनुगमन प्रणाली, कार्ययोजना र आयोजनागत सूचकहरूको निर्माण ।
३. वार्षिक अनुगमन कार्ययोजना (सूचक सहित) तयार गर्ने ।
४. समीक्षा तथा स्थानीय समस्या समाधान समिति ।
५. छानिएका आयोजनाको तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कन ।
६. अनुगमन तथा मूल्याङ्कन (monitoring and evaluation guidelines) निर्देशिका निर्माण ।
७. आवधिक विकास योजनाको मध्यावधि समीक्षा ।

### ९.४.९ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

**(क) आवधिक विकास योजना**

आवधिक योजनाको असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्य अध्यक्षको मार्गनिदर्शनमा रही नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति परिचालन गरिनेछ।

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुनेछ-

| प्रतिफल-४ | नगरपालिकाले स्वीकृत गरेका कानून तथा नीति, निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ४३ | ४३ | ५० | ५२ | ६० | ६५ |
| प्रतिफल-५ | संस्थागत क्रियाशील नीतिगत समिति तथा संयन्त्र | संख्या | १२ | १२ | १३ | १५ | १८ | २२ |
| प्रतिफल-६ | नगरपालिकामा क्रियाशील गैसस, अगैसस, विकास साझेदार | संख्या | १० | १५ | २५ | ३५ | ४० | ४५ |
| प्रतिफल-७ | क्षमता विकास कार्यक्रमबाट विपन्न र पिछडिएको वर्ग लक्षित वर्ग लाभान्वित | संख्या | ६० | १०० | १५० | २५० | ३५० | ४०० |
| प्रतिफल-८ | जनप्रतिनिधि र कर्मचारीलाई तालिम | संख्या | ० | ५५ | ७५ | ८५ | ९० | १२० |

# खण्ड - दुई

# पुनरुत्थान ढाँचा

# परिच्छेद - ११
# पुनरुत्थान योजना

## ११.१ आर्थिक पुनरुत्थान योजना

### ११.१.१ पृष्ठभूमि

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको असरबाट नेपाल पनि अछुतो रहेन। कोभिड-१९ को कारण सबै क्षेत्रमा बहुआयामिक असर पर्न गएको छ। यसमध्ये सबैभन्दा बढी उद्योग, व्यापार व्यवसाय, पर्यटन, यातायात, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण व्यवस्थापन लगायत सेवा सुविधा पहुँच र हस्तान्तरणमा प्रत्यक्ष असर पर्न गएको छ। यसका साथै देश भरिमा करिब ११ हजार जनाले ज्यान गुमाएका छन् भने सम्पूर्ण नागरिकले मनोवैज्ञानिक, आर्थिक, सामाजिक र सांस्कृतिक पीडा महसुस गर्नु परिरहेको छ। कोभिड-१९ को कारण नेपालबाट वैदेशिक रोजगारीमा गएका लाखौं नेपाली देश फर्किने र धेरैको रोजगारी गुम्ने अनुमान गरिएको छ। देशको कुल गार्हस्थ उत्पादनमा आएको गिरावट, आन्तरिक एवम् वैदेशिक रोजगारीमा आएको न्यूनता, राजश्व संकलनमा कमी, विप्रेषण घटेका कारण उपभोग खर्चमा घटना गई दैनिक जीवन यापनमा आइपर्ने समस्या जस्ता प्रत्यक्ष असर र गरिवी बढ्ने तथा दिगो विकास लक्ष्य प्राप्तिमा हुने ढिलाई जस्ता अप्रत्यक्ष असर देखिएका छन्। बेलकोटगढी नगरपालिकामा पनि कोभिडको असरबाट अछुतो रहन सकेन।

### ११.१.२ वस्तुगत अवस्था

कोभिड नियन्त्रण गर्न गरिएको बन्दाबन्दीको कारण यस नगरपालिकामा पनि आवागमन पूर्ण बन्द भएकाले कृषि उत्पादन बेचबिखन र खाद्यान्न लगायत अति आवश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान व्यहोर्नु पर्यो। त्यस्तै निर्माणाधीन भौतिक तथा सामाजिक पूर्वाधारहरू समयमा सम्पन्न हुन नसकेकाले एकातर्फ आन्तरिक स्रोतको रकम खर्च हुन सकेन भने बाह्य कार्यक्रमहरूको बजेट समेत फ्रिज गर्नुपर्यो। जसले रोजगारीमा पनि प्रत्यक्ष असर पार्यो विशेष गरी बिपन्न बर्ग बढी प्रभावित भयो। अपेक्षित आन्तरिक राजस्व समेत असूल हुन सकेन। विद्यालयहरूको पठनपाठन लामो समय बन्द रहन गएकाले विद्यार्थीहरूको शिक्षाप्राप्तिका हवसरका साथै मनोविज्ञानमा समेत असर पर्न गयो। भरपर्दो इन्टरनेट सेवा नभएको कारण समग्र शिक्षामा असर पर्नुका साथै विपन्न बर्गका बालबालिकाहरूको सुविधामा पहुँच नभएका कारण अझ बढि शिक्षा प्राप्तिबाट वञ्चित हुनुपर्यो।

स्वास्थ्य सेवा प्रणाली कोभिड-१९ बाट धेरै नै प्रभावित हुन पुग्यो, जनसंख्याको अनुपातमा स्वास्थ्यकर्मीहरूको कमीको सामना गर्दै आएकोमा कोभिड १९ को महामारी विरुद्ध लड्न स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको ठूलो संख्यामा आवश्यकता महसुस भयो। नगरपालिकामा प्रयोगशाला, उपकरण र एम्बुलेन्स समेतको अभाव भएका कारण नागरिकहरूले स्वास्थ्य उपचारका लागि जिल्लाको सदरमुकामसम्म धाउनुपर्ने बाध्यता रह्यो। नियमित र अनिवार्य लगाउनुपर्ने खोप कार्यक्रम समयमा

सञ्चालन हुन सकेन। गाउँघर क्लिनिक जस्ता कार्यक्रमहरू सुचारु हुन सकेनन्। हाल सम्म यहाँको स्वास्थ्य केन्द्रमा कोभिडको छुट्टै शय्या व्यवस्था हुन सकेको छैन। कोभिड १९को कारण ५ जनाको ज्यान समेत गुमाउनु पर्यो । कोभिड संक्रमण नियन्त्रण गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रयोग गरिएको थियो।

कोभिड व्यवस्थापनमा खर्च गर्नुपरेको कारण तत्काल स्रोत अभाव हुन गएको, वैदेशिक रोजगारीबाट फर्किनेको संख्यामा वृद्धि भई आन्तरिक बेरोजगारी वृद्धि भएको, कृषि उपजले बजार नपाएका कारण कृषक हरूमा कृषि प्रतिको उत्साह कम भएको तर कोभिडको कारण वैदेशिक रोजगारीबाट फर्की आएका व्यक्तिहरू समूह बनाई व्यावसायिक कृषी पेशामा संलग्न भएको पाइएको छ।

### ११.१.३ प्रमुख समस्या

आर्थिक क्षतिको तथ्यांक उपलब्ध नहुनु, प्रभावकारी पुनारोत्थान कार्यक्रम सञ्चालन गर्न आन्तरिक स्रोतको अभाव हुनु, पुनरुत्थान कार्यक्रमको लागि जिम्मेवार शाखा वा इकाई नहुनु, कार्यक्रम सञ्चालन गर्ने क्षमता कम हुनु, स्वास्थ्य क्षेत्रमा कोभिड १९ ले पारेको प्रतिकुल असरको सर्वेक्षण नहुनु, आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी अनुसार पदपूर्ति हुन नसकी पर्याप्त मात्रामा स्वास्थ्य संस्थामा जनशक्तिको कमी हुनु, ल्याबको व्यवस्था नहुनु, बढ्दो कार्य बोझ अनुसारको स्वास्थ्य संरचना नहुनु, कोभिड १९ को व्यवस्थापनका लागि आवश्यक तालिमहरू सञ्चालन नहुनु, १५ शैय्या अस्पताल स्वास्थ्य केन्द्र एवं चौकीको निर्माण कार्य प्रभावित हुनु प्रमुख समस्या देखिएका छन्।

### ११.१.४ अवसर र चुनौती

**अवसर**

स्वास्थ्य क्षेत्रको, उपकरण, प्रयोगशाला र स्वास्थ्य सामग्री खरिद गर्न थप बजेट वृद्धि हुनु,हालको स्वास्थ्य केन्द्र १५ शय्याको अस्पतालमा स्तरोन्नति हुनु, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी सुदृढ गर्ने योजना बन्नु, कोभिडको खोप कार्यक्रम स्थानीय वडा र स्वास्थ संस्था मार्फत नै उपलब्ध हुन सक्नु, स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नु, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, नगरपालिका लगायत सबै विद्यालय, स्वास्थ संस्थामा इन्टरनेट सुविधा उपल्बध गराउने नेपाल सरकारको नीति हुनु, हात धुने, मास्क लगाउने बानीको विकासको कारणले अन्य सरुवा रोगको संक्रमण कम हुनु, आर्थिक पुनरुत्थान सरकार तथा विकास साझेदारको प्राथमिकतामा पर्नु, पूर्णिमा कार्यक्रममार्फत सहयोग प्राप्त हुनु, निजी क्षेत्र आर्थिक पुनरुत्थानमा सहकार्य गर्न तयार हुनु, वैदेशिक रोजगारीबाट सीप लिएर फर्किएका युवाहरू व्यवस्थित आर्थिक क्रियाकलापमा संलग्न हुन उत्साहित हुनु आदि यस क्षेत्रका अवसरको रूपमा रहेका छन् ।

**चुनौती**

नगरपालिकाको सीमित स्रोत र क्षमताको बाबजुद प्रभावकारी आर्थिक पुनरुत्थान कार्यक्रम सञ्चालन गर्नु, नगरपालिकामा विभिन्न क्षेत्रमा महामारीका कारण भएको आर्थिक क्षतिको तथ्यांक व्यवस्थित गर्नु र

सम्भावित क्षति आकलन गर्नु, बेरोजगार र अन्य आर्थिक क्षति व्यहोरेकालाई उत्थानको कार्यक्रममा समेटी आर्थिक पुनरुत्थान गर्नु, कोभिड १९ ले असर पारेका कार्यक्रम र निर्माण कार्यहरूलाई पुनः सञ्चालनमा ल्याउनु र क्षतिको सर्वेक्षण गर्नु, पालिका अन्तर्गत मापदण्ड अनुसार सबै नागरिकलाई सम्पूर्ण कोभिड विरुद्धको खोप उपलब्ध गर्नु, विभिन्न स्रोतहरूबाट प्राप्त विभिन्न सहयोगको सहि उपयोग गर्नु, भविष्यमा हुन सक्ने कोभिडको नया भेरियन्ट लाई नियन्त्रण गर्नु, पर्याप्त स्वास्थ्य जनशक्ति आपूर्ति गर्नु, भौतिक पूर्वाधार, उपकरण तथा ल्याब सुविधा उपलब्ध गर्नु, सबै संस्थामा इन्टरनेट जडान गर्नु आदिलाई मुख्य चुनौतीको रूपमा लिन सकिन्छ ।

### ११.१.५ लक्ष्य

आर्थिक पुनरुत्थान सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना कार्यान्वयनमा आई नागरिक लाभान्वित भएको हुने।

### ११.१.६ उद्देश्य

आर्थिक पुनरुत्थान योजना बनाई कार्यान्वयन गर्नु।

### ११.१.७ रणनीति /कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संघ, प्रदेश सरकार र गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गरी आर्थिक पुनरुत्थान योजना तर्जुमा र कार्यान्वयन गर्ने। | १. संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी महामारीबाट परेको आर्थिक असरको तथ्यांक संकन र अद्यावधिक गरी क्षति असरको समीक्षा गरिनेछ ।<br>२. महामारीबाट प्रभावित क्षेत्र, संस्था र व्यक्ति पुनरुत्थान गर्न कार्ययोजना बनाई कार्यान्वयनका लागि आबश्यक जिम्मेवारी तोकिनेछ ।<br>३. महामारीबाट पीडित बालबालिका, महिला, ज्येष्ठ नागरिक र पिछडिएका समुदायको उत्थानमा बिशेष ध्यान दिइनेछ ।<br>४. स्थानीय स्तरमा पुनरुत्थान कार्यक्रम सञ्चालन गर्न पुनरुत्थान कोष स्थापना र सञ्चालन गरिनेछ ।<br>५. वित्तीय र सहकारी संस्थाबाट कोभिड प्रभावित व्यक्ति, संस्थालाई नेपाल सरकारको नीति बमोजिम सस्तो दरमा ऋणको सुविधा उपलब्ध गराउन सहजीकरण गरिने छ ।<br>६. यस्तो व्यावसायिक कार्यका लागि रकम अपुग भएमा पुनरुत्थान कोषबाट वित्तीय संस्थालाई अनुदान |

| | |
|---|---|
| | दिइनेछ ।<br>७. महामारीको समयमा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजहरूको नियमित बजार पहुँचका लागि प्रदेश सरकार, अन्य स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी आपूर्ति शृंखलामा सहजीकरण गरिनेछ ।<br>८. वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गुमाएकाहरूलाई सीप र उद्यमशीलता विकास गर्न अभिप्रेरित गरी आर्थिक पुनरुत्थान कोषबाट आवश्यक शुरुवाती पुँजी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>९. स्थानीय पूर्वाधार विकास लगायत अन्य काममा सकेसम्म ठूला मेशिनको प्रयोगलाई दरुत्साहित गरी श्रममा आधारित प्रविधिको प्रयोग गर्ने नीति लिई स्थानीयस्तरमा अधिकतम रोजगारी सिर्जना गरिनेछ ।<br>१०. महामारीका कारण रोकिएका विकास निर्माणका कार्यहरू यथाशीघ्र सञ्चालन गरी सम्पन्न गर्न सहजीकरण गरिनेछ ।<br>११. पुनरुत्थान ढाँचा तयार गरी लागू गरिनेछ ।<br>१२. सञ्चालित कार्यक्रमको नियमित समीक्षाका समयमा नै कमी कमजोरी हटाउनुका साथै नियमन समेत गरिनेछ । |
| २. संघ, प्रदेश र स्थानीय सरोकारवालाहरूसँगको समन्वयमा कोभिडको संक्रमण व्यवस्थापन गर्ने | १. कोभिड संक्रमणलाई कम गर्न सरोकारवालाहरूसँगको सहकार्यमा जनचेतनाका साथै **WASH** जस्ता कार्यक्रमहरू व्यापकरूपमा सञ्चालन गरिनेछ ।<br>२. क्वारेन्टाइन तथा आइसोलेसन बनाउनमा सक्रिय संस्थाहरूसँग समन्वय गरिनेछ ।<br>३. कोभिड संक्रमितको उपचारका लागि अस्पतालमा सुविधायुक्त आवश्यक छुट्टै शैय्याको व्यवस्था गरिनेछ ।<br>४. रिफरल व्यवस्था अन्तर्गत एम्बुलेन्सको व्यवस्था गरिनेछ ।<br>५. पालिकालाई कोभिड विरुद्ध पूर्ण खोप पालिका बनाइनेछ ।<br>६. संक्रमणका बेलामा अति आवश्यक सामग्रीको सूची तयार गरी पालिकामा आपूर्तिको व्यवस्था |

| | |
|---|---|
| | मिलाइनेछ। |
| ३. महामारी व्यवस्थापन गर्न सक्ने क्षमता विकास गर्ने | १. पालिका अन्तर्गतका वर्तमान स्वास्थ्य संस्थाको दरबन्दीको समीक्षा गर्न र भावी संगठन संरचनाका लागि द्रुत संगठन व्यवस्थापन अध्ययन गरिनेछ ।<br>२. अध्ययनबाट प्राप्त सुझाव अनुसार नयाँ संगठन संरचना तयार गरिनेछ र आवस्यक पदपूर्ति गरिनेछ ।<br>३. साबिकमा भएका र नयाँ भर्ना भएका जनशक्तिलाई आवश्यकतानुसार तालिमको व्यवस्था गरिनेछ ।<br>४. संघ र प्रदेश सरकारसँग समन्वय गरी आवस्यक उपकरण, औषधी, प्रयोगशाला र तालिम प्राप्त जनशक्ति आपूर्तिको व्यवस्था गरिनेछ ।<br>५. गाउँपालिका लगायतका सबै विद्यालय, स्वास्थ्य संस्थामा भरपर्दो इन्टरनेट सुविधा विस्तार गर्न सहजीकरण गरिनेछ।<br>६. आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी लागू गरिनेछ । |

### ११.१.८ प्रमुख कार्यक्रमहरू

**नगरपालिकाले आफै गर्ने कार्यहरू**

- महामारीबाट भएको आर्थिक क्षति मूल्यांकन,
- आर्थिक पुनरुत्थान कार्ययोजना निर्माण,
- आर्थिक पुनरुत्थान कोष सञ्चालन,
- बेरोजगार जनशक्ति व्यवस्थापन,
- भौतिक पूर्वाधार निर्माण र उपकरण व्यवस्थापन,
- पुनरुत्थान ढाँचा निर्माण,
- अन्तरतह र निकाय समन्वय,
- आपूर्ति व्यवस्थापन ।

**प्रदेशसँगको सहकार्यमा गर्ने कार्यहरू**

- क्वारेन्टाइन र आइसोलेसन केन्द्र व्यवस्थापन,
- औषधी, उपकरण आपूर्ति, प्रयोगशाला स्थापना र व्यवस्थापन,
- क्षमता विकास, थप स्रोत परिचालन ।

**संघीय सरकारसँगको सहकार्य र समन्वय गर्ने कार्यहरू**

- भौतिक पूर्वाधार, औषधी, उपकरण आपूर्ति, प्रयोगशाला स्थापना र व्यवस्थापन,

- क्षमता विकास, थप जनशक्ति र स्रोत परिचालन ।

### ११.१.९ अपेक्षित उपलब्धि

महामारीबाट भएको आर्थिक क्षति मूल्यांकन भएको हुने, आर्थिक पुनरुत्थान कार्य योजना तयार भएको हुने, नगरपालिकामा आर्थिक पुनरुत्थान कोष सञ्चालन भई महामारी प्रभावितहरूलाई वित्तीय सहुलियत उपलब्ध भएको हुने, महामारीका कारण पीडित समुदायको जीवनयापन सहज भएको हुने, १५ शय्याको अस्पताल तयार भई सुचारु भएको हुने, थप स्वास्थ्यकर्मीबाट पदपूर्ति भई सेवा सुचारु हुने ।

## ११.२ विषयगत पुनरुत्थान योजना

### ११.२.१ आर्थिक क्षेत्र पुनरुत्थान योजना

### ११.२.१.१ पृष्ठभूमि

विश्वभरि नै महामारीको रूपमा फैलिएको कोभिड-१९को कारण नेपालमा पनि २०७६ सालको चैत्र देखि दुइ पटक गरिएको वन्दावन्दीबाट यातायात, उद्योग, व्यापार व्यवसाय, पर्यटन, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण व्यवस्थापन लगायतका सवै क्षेत्र प्रभावित हुन पुगेका छन् । हाल सम्म कोभिड-१९को कारण मुलुकभर करिव ११ हजार भन्दा वढीले ज्यान गुमाएका छन् । कोभिड-१९को कारण वैदेशिक रोजगारी गुमाएर स्वदेश फर्केका र फर्कने क्रममा रहेका युवाहरूको लागि स्वदेशमा रोजगारको लागि वातावरण सृजना हुन सकेको छैन । एशियाली विकास वैंकले गरेको प्रक्षेपण अनुसार सन २०२१ मा नेपालको अर्थतन्त्रको वृद्धिदर २.३ प्रतिशत रहने र २०२२ मा ४.१ प्रतिशतमा रहने अनुमान गरेको छ ।

केही समयदेखि नेपाल सरकारले कोभिड-१९ को खोप विस्तार गरेको छ र संक्रमण दर नियन्त्रमा रही कम हुँदै गएको देखिन्छ । लाखौंको संख्यामा यस रोगबाट निको भएकाले क्रमशः स्वास्थ्य लाभ प्राप्त गर्दै गरेको अवस्था रहेको छ । मुलुकको अर्थतन्त्र पनि विस्तारै सुधारोन्मुख हुँदै जाने संकेत पनि देखिन थालेको छ ।अतः कोभिड-१९को संक्रमण दर न्यून हुदै गएमा माथि गरिएको अर्थतन्त्रको आंकलनमा वृद्धि हुने देखिन्छ ।

कोभिड-१९को प्रभावबाट देशको कुल गार्हस्थ उत्पादनमा आएको गिरावटसँगै बेलकोटगढी नगरपालिकामा पनि कृषि, उद्योग, व्यापार, पर्यटन, शैक्षिक लगायतका क्षेत्र प्रभावित हुन पुगेका छन् । हाल जन जीवन सामान्य अवस्थातिर उन्मुख भैरहेको छ ।यसै सन्दर्भमा वेलकोटगढी नगरपालिकाले यहाँको आर्थिक तथा सामाजिक विकासका गतिविधिलाई पुन लयमा ल्याउन तथा सम्भाब्य महामारीको जोखिम न्यूनीकरण गर्नका लागि यस आर्थिक पुनर्उत्थान योजना तयार गरेको छ ।

### ११.२.१.२ वस्तुगत अवस्था

कोभिड नियन्त्रण गर्नका लागि गरिएको बन्दाबन्दीको कारण यस पालिकामा पनि यस अवधिमा आवागमन प्रभावित हुन पुगेका थिए भने कृषि उत्पादन बेच बिखन र खाद्यान्न लगायत अति आवश्यक बस्तु तथा सेवाको आपूर्तिमा व्यवधान पुगेको थियो । त्यस्तै निर्माणाधीन भौतिक तथा सामाजिक पूर्वाधारहरू समयमा सम्पन्न हुन नसकेकाले एकातर्फ आन्तरिक स्रोतको रकम खर्च हुन सकेन भने बाह्य कार्यक्रमहरूको बजेट समेत फ्रिज हुने अवस्था सृजना भयो । यसबाट रोजगारीमा पनि प्रत्यक्ष असर पुग्न गई बिपन्न बर्ग बढी प्रभावित भयो।अपेक्षित आन्तरिक राजस्व समेत असूल हुन सकेन। विद्यालयहरूको पठनपाठन लामो समय बन्द रहन गएकाले विद्यार्थीहरूको शिक्षा प्राप्तिका अवसरका साथै मनोविज्ञानमा समेत नकारात्मक असर पर्न गयो। भरपर्दो इन्टरनेट सेवा नभएको कारण समग्र शिक्षामा असर पर्नुका साथै बिपन्न बर्गका बालबालिकाहरूको सुविधामा पहुँच नभएका कारण अझ बढि शिक्षा प्राप्तिबाट बन्चित हुनुपर्ने अवस्था सृजना भयो ।

स्वास्थ्य सेवा प्रणाली कोभिड-१९ बाट धेरै नै प्रभावित हुन पुग्यो । जनसंख्याको अनुपातमा स्वास्थ्यकर्मीहरूको कमिको सामना गर्दै आएकोमा कोभिड-१९ को महामारी विरुद्ध लड्न स्वास्थ्यकर्मी र

स्वास्थ्य संस्थाहरूको ठुलो संख्यामा आवश्यकता महशूस भयो। अस्पतालमा प्रयोगशाला, उपकरण र एम्बुलेन्स समेतको अभाव भएका कारण नागरिकहरूले स्वास्थ्य उपचारका लागि जिल्लाको सदरमुकाम सम्म धाउनु पर्ने बाध्यता रह्यो। नियमित र अनिवार्य लगाउनुपर्ने खोप कार्यक्रम समयमा संचालन हुन सकेन। नगरपालिकामा क्लिनिक लगायतका स्वास्थ सेवाका कार्यक्रमहरू सुचारु हुन सकेनन्। हालसम्म यहाँको स्वास्थ्य केन्द्रमा कोभिडको छुट्टै शय्या व्यवस्था हुन सकेको छैन।कोभिड-१९को कारण २ जनाको ज्यान समेत गुमाउनु पर्‍यो । कोभिड संक्रमण नियन्त्रण गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रयोग गरिएको थियो।

कोभिड व्यवस्थापनमा खर्च गर्नु परेको कारण तत्काल स्रोत अभाव हुन गएको,। वैदेशिक रोजगारीबाट फर्किनेको संख्यामा वृद्धि भई आन्तरिक बेरोजगारी वृद्धि भएको, कृषि उपजले बजार नपाएका कारण कृषक हरूमा कृषि प्रतिको उत्साह कम भएको तर कोभिडको कारण वैदेशिक रोजगारीबाट फर्की आएका व्यक्तिहरू समूह बनाई व्यवसायिक कृषि पेशामा संलग्न भएको पाइएको छ। ।

बन्दाबन्दीको कारण यस अवधिमा अपेक्षित रूपमा पूँजीगत खर्च समेत हुन सकेका कारण पूर्वाधार विकासको गति समेत मन्द गतिमा बढेका देखिन्छ । आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा पूँजीगत खर्च अपेक्षा अनुरुप नहुनुका मुख्य कारणहरूमा बन्दी अवधिमा यातायात ठप्प भई निर्माण सामग्री आपूर्ति गर्न सहज नहुनु, स्थानीय तहका अनुगमनमा खटिई जाने कर्मचारीहरू समेत एकान्तवास (होम आइसोलेशन) मा बस्नु परेको अवस्था सृजना हुनु, कामदारहरू कार्यस्थल छोडेर गएकाले निर्माण व्यवसायीलाई निर्माणको काम सञ्चालन गर्न कठिन हुनु लगायत रहेका थिए ।

### ११.२.१.३ प्रमुख समस्या

वन्दावन्दी तथा कोभिड-१९ को कारण आर्थिक क्षतिको यथार्थ तथ्यांकमा आधारित प्रभावकारी पुनर्उत्थान कार्यक्रम संचालन गर्न आन्तरिक स्रोतको अभाव हुनु, पुनरुत्थान कार्यक्रमको लागि जिम्मेवार शाखा वा इकाई नहुनु, कार्यक्रम संचालन गर्ने क्षमता कम हुनु, स्वास्थ्य क्षेत्रमा कोभिड-१९ ले पारेको प्रतिकुल असरको सर्वेक्षण नहुनु, आवश्यक स्वास्थ्यकर्मिको दरबन्दी अनुसार पदपूर्ति हुन् नसकी पर्याप्त मात्रामा स्वास्थ्य संस्थामा जनशक्तिको कमी हुनु, ल्याबको व्यवस्था नहुनु, बढदो कार्यबोझ अनुसारको स्वास्थ्य संरचना नहुनु, कोभिड-१९ को व्यवस्थापनका लागि आवश्यक तालिमहरू संचालन नहुनु,१५ शैय्या अस्पताल स्वास्थ्य केन्द्र एवं संस्था निर्माण कार्य प्रभावित हुनु, कार्यक्रमका प्रमुख समस्या देखिएका छन् ।

### ११.२.१.४ अवसर र चुनौती

**अवसर**

स्वास्थ्य क्षेत्रको, उपकरण, प्रयोगशाला र स्वास्थ्य सामग्री खरिद गर्न थप बजेट वृद्धि हुनु, हालको स्वास्थ्य केन्द्र १५ शय्याको अस्पतालमा स्तरोन्नति हुनु, स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्था सुदृढ गर्ने योजना बन्नु, कोभिडको खोप कार्यक्रम स्थानीय वडा र स्वास्थ संस्था मार्फत नै उपलब्ध हुन सक्नु, स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नु, स्वास्थ्य सम्बन्धि जनचेतना अभिवृद्धि गर्न, नगरपालिका लगयत सबै विद्यालय, स्वास्थ संस्थामा इन्टरनेट सुविधा उपलब्ध गराउने नेपाल सरकारको नीति हुनु, सुहारा, केयर नेपाल, वन हर्ड नेपाल जस्ता गैर सरकारी संस्थाहरू सक्रिय हुनु, हात धुने, मास्क लगाउने बानीको विकासको कारणले अन्य सरुवा रोगको संक्रमण कम हुनु, आर्थिक पुनारोत्थान सरकार तथा विकास साझेदारको प्राथमिकतामा पर्नु, पूर्णिमा कार्यक्रम मार्फत सहयोग प्राप्त हुनु, निजी क्षेत्र आर्थिक पुनरुत्थानमा सहकार्य गर्न तयार हुनु,

वैदेशिक रोजगारीबाट सीप लिएर फर्किएका युबाहरू व्यवस्थित आर्थिक क्रियाकलापमा संलग्न हुन उत्साहित हुनु आदि यस क्षेत्रका अवसरको रूपमा रहेका छन् ।

**चुनौती**

नगरपालिकाको सीमित स्रोत र क्षमताको बाबजुद प्रभावकारी आर्थिक पुनरूत्थान कार्यक्रम संचालन गर्नु, नगरपालिकामा बिभिन्न क्षेत्रमा महामारीका कारण भएको आर्थिक क्षतिको तथ्यांक व्यवस्थित गर्नु र सम्भावित क्षति आकलन गर्नु, बेरोजगार र अन्य आर्थिक क्षति बेहोरेकालाई उत्थानको कार्यक्रममा समेटी आर्थिक पुनरुत्थान गर्नु, कोभिड-१९ ले असर पारेका कार्यक्रम र निर्माण कार्यहरूलाई पुन संचालनमा ल्याउनु र क्षतिको सर्वेक्षण गर्नु, पालिका अन्तर्गत मापदण्ड अनुसार सबै नागरिकलाई सम्पूर्ण कोभिड विरुद्धको खोप ऊपलब्ध हुनु, विभिन्न स्रोतहरूबाट प्राप्त विभिन्न सहयोगको सही उपयोग गर्नु, भविष्यमा हुनसक्ने कोभिडको नयाँ भेरियन्टलाई नियन्त्रण गर्नु, पर्याप्त स्वास्थ्य जनशक्ति आपूर्ति, भौतिक पूर्वाधार, उपकरण तथा ल्याब सुविधा उपलब्ध हुनु, सबै संस्थामा इन्टरनेट जडान हुनु आदिलाई मुख्य चुनौतीको रूपमा लिन सकिन्छ ।

### ११.२.१.५ लक्ष्य

आर्थिक पुनरुत्थान सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना कार्यान्वयनमा आई नागरिक लाभान्वित भएका हुने।

### ११.२.१.६ उद्देश्य

आर्थिक पुरुत्थान मार्फत आर्थिक विकासको गतिलाई पुनः ल्याउने ।

### ११.२.१.७ रणनीति

१. संघ, प्रदेश सरकार र गैर सरकारी संस्थासँग समन्वय र सहकार्य परिचालन गरी कोभिड-१९ बाट प्रभावित उद्योग, पर्यटन, व्यापार व्यवसाय, कृषि तथा पशुपालन क्षेत्रलाई पुनः ल्याउनका लागि आवस्यक सहजीकरण, सहुलियत तथा सहयोग गर्नु ।
२. आधुनिक प्रविधि र नयाँ विकास पद्धतिको अवलम्बन गर्दै कोभिड-१९को असरलाई आर्थिक र सामाजिक रूपान्तरणको अवसरमा परिणत गर्नु ।
३. प्रभावकारी रूपमा महामारी व्यवस्थापन गर्न सक्ने क्षमता विकास गर्नु ।

### ११.२.१.८ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.संघ, प्रदेश सरकार र गैर सरकारी संस्थासँग समन्वय र सहकार्य परिचालन गरी कोभिड-१९ बाट प्रभावित उद्योग, पर्यटन, व्यापार व्यवसाय, कृषि तथा पशुपालनक्षेत्रलाई पुनः लयमा ल्याउनका लागि आवस्यक सहजीकरण, सहुलियत तथा सहयोग गर्नु । | |
| १. संघ, प्रदेश सकार र निजीक्षेत्र, सहकारी र विकास साझेदार सँग सहकार्य गरी कोभिड-१९को | १.१ कोभिड-१९ को कारण कमजोर वा संकटको अवस्थामा पुगेका उद्योग, व्यवसायको सूचीकरण तथा असरको मापन गरिनेछ । |

| | |
|---|---|
| कारण कमजोर वा संकटको अवस्थामा पुगेका उद्योग, व्यवसायलाई आवश्यक सहयोग गर्ने । | १.२ उल्लिखित लगतको आधारमा आर्थिक पुनरुत्थान कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>१.३ योजना अनुसार वित्तीय र सहकारी संस्थाबाट कोभिड प्रभावित व्यक्ति तथा संस्थालाई सरकारको नीति बमोजिम सस्तो दरमा स्थानीय स्तरमा पुनरुत्थान कार्यक्रम संचालन गर्न पुनरुत्थान कोष मार्फत सरलीकृत ऋण सुविधा उपलब्ध गराउन सहजीकरण गरिनेछ।<br>१.४ महामारीका कारण रोकिएका विकास निर्माणका कार्यहरू यथाशीघ्र संचालन गरी सम्पन्न गर्न सहजिकरण गरिनेछ।<br>१.५ महामारीबाट पीडित बालबालिका, महिला, जेष्ठ नागरिक र पिछडिएका समुदायको उत्थानमा बिशेष ध्यान दिइनेछ।<br>१.६ वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गुमाएकाहरूलाई सीप र उद्यमशीलता विकास गर्न अभिप्रेरित गरी आर्थिक पुनरुत्थान कोषबाट आवश्यक शुरुवाती पुँजी उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>१.७. महामारीको समयमा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजहरूको नियमित बजार पहुँचका लागि प्रदेश सरकार, अन्य स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी आपूर्ति शृंखलामा सहजीकरण गरिनेछ।<br>१.८. स्थानीय पूर्वाधार विकास लगायत अन्य काममा सकेसम्म ठूला मेशिनको प्रयोगलाई दरुत्साहित गरी श्रममा आधारित प्रविधिको प्रयोग गर्ने नीति लिई स्थानीयस्तरमा अधिकतम रोजगारी सिर्जना गरिनेछ।<br>१.९ पुनरुत्थान ढाँचा तयार गरी लागू गरिनेछ।<br>१.१०संचालित कार्यक्रमको नियमित समीक्षाका समयमा नै कमी कमजोरी हटाउनुका साथै नियमन समेत गरिनेछ । |
| २. आधुनिक प्रविधि र नयाँ विकास पद्धतिको अवलम्बन गर्दै कोभिड-१९को असरलाई आर्थिक र सामाजिक रूपान्तरणको अवसरमा परिणत गर्नु । | |
| २.१. आर्थिक तथा सामाजिक क्षेत्रमा सूचना प्रविधिको उपयोग विस्तार गर्ने । | २.१.१ बैंक तथा वित्तीय संस्थाहरूको सहकार्यमा वित्तीय कारोवारलाई विद्युतीय माध्यमबाट गरिनेछ ।<br>२.१.२ शैक्षिक क्षेत्रमा सूचना प्रविधिको उपयोगमा वृद्धि गरिनेछ ।<br>२.१.३ पालिकाबाट प्रवाह हुने सेवाहरूमा समेत क्रमशः सूचना प्रविधिको उपयोग वृद्धि गरिनेछ ।<br>२.१.४ पालिका कार्यालय लगायत सबै विद्यालय, स्वास्थ संस्थामा भरपर्दो इन्टरनेट सुविधा विस्तार गर्न सहजिकरण गरिनेछ । |

| | |
|---|---|
| | २.१.५ आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी लागू गरिनेछ । |
| ३. प्रभावकारी रूपमा महामारी व्यवस्थापन गर्न सक्ने क्षमता विकास गर्ने | |
| ३. संघ, प्रदेश र स्थानीय सरोकारवालाहरूसँगको समन्वयमा कोभिडको संक्रमण व्यवस्थापन गर्ने | ३.१. कोभिड-१९ को खोप कार्यक्रम सम्पन्न गरिनेछ ।<br>३.२. कोभिड संक्रमण कम गर्न सरोकारवालाहरूसंगको सहकार्यमा जनचेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा संचालन गरिनेछ ।<br>३.३. क्वारेन्टाइन तथा आइसोलेसनलाई ब्यवस्थित गरिनेछ ।<br>३.४. कोभिड संक्रमितको उपचारका लागि अस्पतालमा सुविधायुक्त आवश्यक छुट्टै शय्याको व्यवस्था गरिनेछ ।<br>३.५. रिफरल व्यवस्था अन्तर्गत एम्बुलेन्सको व्यवस्था गरिनेछ ।<br>३.६. संक्रमणका बेलामा अति आवस्यक सामग्रीको सूची तयार गरी पालिकामा आपुर्तिको व्यवस्था मिलाइनेछ ।<br>३.७. संघ र प्रदेश सरकारसँग समन्वय गरी आवस्यक उपकरण, औषधी, प्रयोगशाला र तालिम प्राप्त जनशक्ति आपूर्तिको व्यवस्था गरिनेछ । |

### ११.२.१.९. प्रमुख कार्यक्रमहरू

**नगरपालिका आफैले गर्ने कार्यक्रमहरू**

(क) महामारीबाट भएको आर्थिक क्षति मूल्याङ्कन कार्यक्रम
(ख) आर्थिक पुनरुत्थान कार्ययोजना निर्माण
(ग) आर्थिक पुनरुत्थान कोष संचालन
(घ) भौतिक पूर्वाधार निर्माण र उपकरण व्यवस्थापन
(ङ) कोभिड-१९ को भ्याक्सिन व्यवस्थापन

**प्रदेशसँगको सहकार्यमा गरिने**

(क) क्वारेन्टाइन र आइसोलेशन केन्द्र व्यवस्थापन
(ख) औषधी, उपकरण आपूर्ति, प्रयोगशाला स्थापना र व्यवस्थापन
(ग) क्षमता विकास
(घ) थप स्रोत परिचालन

**संघ र प्रदेश सरकारसँगको सहकार्य र समन्वय**

(क) भौतिक पूर्वाधार, औषधी, उपकरण आपूर्ति, प्रयोगशाला स्थापना र
(ख) क्षमता विकास
(ग) थप जनशक्ति र स्रोत परिचालन
(घ) कोभिड-१९ को भ्याक्सिन व्यवस्थापन

### ११.२.१.१० अपेक्षित उपलब्धि

कोभिड-१९ को महामारीबाट भएको आर्थिक क्षतिको मूल्याङ्कन भएको हुनेछ। आर्थिक पुरुत्थान कार्य योजनाका आधारमा नगरपालिकामा आर्थिक महामारीबाट प्रभावितहरूलाई वित्तीय सहुलियत उपलब्ध भएको हुनेछ । नगरपालिकामा रोजगारीका अवसर सृजना भएको हुनेछ । ५०० शय्याको अस्पताल तयार भई सुचारु भएको हुनेछ। नगरपालिका कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिका प्रयोगमा वृद्धि भएको हुनेछ ।

## ११.२.२ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग पुनर्स्थापना योजना

### ११.२.२.१ पृष्ठभूमि

सन् २०२० को जनवरीबाट नेपालमा देखिएको कोभिड १९ को असर क्रमश बढदो छ । देशको सम्पूर्ण विकासका पक्षमा यसको प्रभाव परेको देखिन्छ । आर्थिक रूपमा देश धरासायी हुँदैछ भने सामाजिक रूपमा समेत यसको नकारात्मक प्रभाव रहेको छ । Nepal Human Development Report 2020, Beyond Graduation: Productive Transformation and Prosperity, Published by Government of Nepal, National Planning Commission, Singha Durbar Kathmandu, Nepal का अनुसार, नेपालको कम विकसित मुलुकवाट ग्राजुएट हुने लक्ष्यलाई समेत प्रभाव पर्न सक्ने देखिन्छ । यसैगरी कोभिडका कारण उत्पन्न महामारीले गर्दा भएको बन्दको कारण झण्डै ४ घरपरिवारमा १ घरपरिवारसँग अपर्याप्त खाद्य सामग्री रहेको थियो (Social-Cultural Impacts of COVID -19 in Nepal by Gokarna Prasad Gyanwali, PhD) । यसैगरी ९ % घरपरिवार कम पोषणयुक्त खाद्य पदार्थ उपभोग गर्न वाध्य भएको देखिन्छ । कोभिडका कारण महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, आदिवासी जनजाति, वञ्चितीकरणमा परेको समुदाय आर्थिक, सामाजिक एवं स्वास्थ्यको दृष्टिले बढी जोखिममा परेको देखिन्छ । यस अबस्थामा विभेद, हिंसा, अवहेलना आदिको गुणात्मक असर यिनै उल्लेखित वर्ग वा समुदायले बढी भोगेको देखिन्छ । कोभिड १९ को जोखिम न्यूनीकरण र यसको महिला तथा उल्लेखित वर्ग वा समुदायमा असर कम गर्नका लागि स्थानीय सरकार र विभिन्न संघ संस्था मिलेर विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने र उक्त योजनाको प्रन्येक चरणमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्नु अनिवार्य देखिन्छ । विभिन्न सामाजिक सञ्जालको प्रयोगवाट कोभिड सम्वन्धी सूचना एवं जानकारी प्रसार गर्नु, तथ्यांक संकलन गरि आवश्यक पूर्वाधार तथा प्राथमिकताका आधारमा राहत सामाग्री वितरण, अपाङ्गता भएका व्यक्ति, वञ्चितिकरणमा परेका व्यक्ति तथा ज्येष्ठ नागरिक, बालकबालिकाहरूको स्वस्थ र सुरक्षित रहने अधिकारको संरक्षण गर्नुपर्ने लगायतका महत्वपूर्ण क्रियाकलाप जरुरी देखिन्छ ।

### ११.२.२.२ वस्तुगत अवस्था

RAPID SURVEY OF THE EFFECTS OF COVID-19 ON WOMEN AND GIRLS WITH DISABILITIES; Nepali language अनुसार १६० जनामा लिइएको अन्तर्वार्तामा २५.५% ले आफ्नो नियमित औषधिमा पहुँच नभएको, ५६.१८% ले हिंसा झेल्नु परेको जसमध्ये २८.०३% मानसिक, ३.५७% ले भौतिक र१४.६१% ले एक्लोपना भएको दावि गरेका छन् । हिंसा पीडितमध्ये ४२.२२% ले छिमेकीबाट र २८.८९% ले आफ्नो घरपरिवारको सदस्यवाट हिंसा भएको बताएको पाइयो । कोभिडको संक्रमणकालमा हिंसाका घटनाहरू एकातिर बढेको पाइयो भने अर्कोतर्फ यस्ता घटना दर्ता गर्ने, सुनुवाई गर्ने नियमित प्रक्रियाको सुरुवात भएको पाइन्छ । पीडितलाई संरक्षण तथा सुरक्षा प्रदान गर्न संस्थागत

व्यवस्था पनि भएको पाइयो । डिजिटल घटना दर्ता प्रक्रिया, परामर्श सेवा तथा मुद्दाको प्रक्रिया अघि बढाउने जस्ता सकारात्मक कदमहरू देखिएका छन् । ज्येष्ठ नागरिकहरूको, अपाङ्गता भएका व्यक्ति, एकल महिलाको सुरक्षा भत्ता वितरणमा असर परेको पाइयो । बन्दका कारण महिला तथा लक्षित वर्गका व्यक्तिहरू स्वास्थ्य सेवा लिनवाट वञ्चित भई गर्भवती एवं सुत्केरी अवस्थामा भएकालाई बढी असर भएको पाइयो ।

### ११.२.२.३ प्रमुख समस्या

कोभिड १९ को नियन्त्रण, रोकथाम तथा निगरानीको लागि विशेष समिति गठन नहुनु, गठन भएका समितिमा महिला तथा वञ्चितीकरणमा परेका समुदाय वा वर्गको सहभागिता गराउन नसक्नु, कोभिड १९ले महिला, बालबालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिला तथा वञ्चितीकरणमा परेका समुदाय तथा वर्गमा पर्ने प्रतिकूल असरको सर्वेक्षण नहुनु, महिला, बालबालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिला तथा वञ्चितीकरणमा परेका समुदाय तथा वर्गमा दोहोरो आर्थिक भार पर्नु, महिलाको घरायसी कामको बोझमा गुणात्मक वृद्धि हुनु, घरेलु हिंसा बढ्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ११.२.२.४ अवसर र चुनौती

**क) अवसर**

कोभिडको खोप उपलब्ध हुनु, विदेशबाट कोभिड नियन्त्रण तथा व्यपस्थापनका लागि अनुदान प्राप्त हुनु, महिला, बालबालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिला तथा वञ्चितीकरणमा परेका समुदाय तथा वर्गका विरुद्ध हुने सवै प्रकारका विभेद तथा हिंसाको घटनाको तत्काल सुनुवाई हुनु, महिला हेल्पलाइनको व्यवस्था, अध्यायदेशद्धारा ६० वर्ष मुनिका एकल महिलालाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गराउनु आदिलाई अवसरका रूपमा लिन सकिन्छ ।

**ख) चुनौती**

कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण एवं निगरानिको लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रममा महिला तथा लक्षीत वर्गको सहभागिता गराउनु, मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा महिला तथा लक्षित वर्गको व्यक्तिहरूको समानुपातिक सहभागिता गराउनु, कोभिड १९ ले असर पारेका कार्यक्रमहरूलाई पुन संचालनमा ल्याउनु र क्षतिको सर्वेक्षण गर्नु, डिजिटल ई लर्निङ्ग सेन्टर गरिव तथा वञ्चितीकरण परेका बालबालिकाहरूको लागि निःशुल्क व्यवस्था गर्नु आदिलाई चुनौतीका रूपमा लिन सकिन्छ ।

### ११.२.२.५ लक्ष्य

कोभिडको संक्रमणबाट हुने प्रतिकुल असर न्यून हुने ।

### ११.२.२.६ उद्देश्य

लैङ्गिक तथा वञ्चितीकरणमा परेका वर्ग तथा समुदायमा कोभिडको संक्रमण व्यवस्थापन गर्दै त्यसबाट उत्पन्न विभेद, हिंसा, सामाजिक तथा आर्थिक क्षति न्यूनिकरण गर्नु, ।

### ११.२.२.७ रणनीति

पालिका, संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कोभिडबाट पुगेको क्षतिलाई पुनर्स्थापना गर्ने ।

### ११.२.२.८ कार्यनीति

| नीति | कार्यनीति |
|---|---|
| १. पालिका, संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कोभिडबाट पुगेको क्षतिलाई पुनर्स्थापना गर्ने | १) संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कोभिडबाट पुगेको क्षतिबारे अध्ययन गरिनेछ ।<br>२) कोभिड विरुद्धको खोप तथा अन्य विभिन्न कार्यक्रमलाई पुन संचालनमा ल्याइनेछ ।<br>३) लैङ्गिक तथा वञ्चितीकरणमा परेका वर्ग तथा समुदाय (महिला,बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति) लाई लक्षित गरी कार्यक्रमहरू संचालन गरिनेछ ।<br>४) कोभीड क्षतिपूर्ति कोषको स्थापना तथा परिचालन गरिनेछ ।<br>५) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वञ्चितीकरणमा परेका समुदायलाई कोभिडको संक्रमण भएमा उक्त कोषबाट विशेष सुविधा सहितको उपचारको व्यवस्था गराइनेछ ।<br>६) निरन्तर खोपको व्यवस्था गरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वञ्चितीकरणमा परेका समुदायलाई उच्च प्राथमिकताका साथ घरदैलो सेवा प्रवाह गर्ने वातावरण तयार गरिनेछ । |

### ११.२.२.९ प्रमुख कार्यक्रम

- ज्येष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि खोप
- ज्येष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि राहत तथा आवश्यक सहायक सहयोग तथा सामग्री वितरण
- सामाजिक सञ्जाल, टिभी, रेडियो तथा अन्य माध्यमवाट स्थानीय भाषमा कोभिड १९ को वारेमा रोकथाम नियन्त्रण तथा निगरानी सम्वन्धी जानकारीमूलक सम्पूर्ण सूचना प्रचार प्रसार (पम्प्लेट,

पोष्टर, जिंगल आदि) ।

- ज्येष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको कोभिड १९ को अवस्था तथा आवश्यकता समेटिएको खण्डीकृत तथ्यांक संकलन तथा अभिलेखीकरण
- आवश्यकता एवं खण्डीकृत तथ्यांकको आधारमा ज्येष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरू तथा जोखिममा परेका व्यक्तिहरूको लागि निःशुल्क पिसिआर परीक्षण
- अर्थिक उन्नतिको लागि विभिन्न आयमूलक व्यवसाय (प्याड निर्माण, स्यानिटाइजर, मास्क निर्माण, तरकारी तथा कृषीकोलागि, जमिन व्यवस्थापन) मा महिला तथा जोखिममा परेका व्यक्तिहरूका लागि तालिम
- महिला हिंसा तथा विभेद विरुद्ध सचेतना कार्यक्रम एवं विद्यमान नीति, ऐन कानुनमा भएका व्यवस्थाहरूको वारेमा अभिमुखीकरण कार्यक्रम
- हिंसा तथा विभेदका घटना तुरुन्त सुनुवाई तथा कारवाईको लागि हेल्प लाइन तथा परामर्श सेवा
- आइसोलेसन केन्द्र तथा क्वारेन्टाइन केन्द्रको व्यवस्था
- ध्यान, योगा, व्यायाम तथा प्राणायामको नियमित अभ्यास कार्यक्रम

### ११.२.२.१० अपेक्षित उपलब्धि

महिला तथा लक्षित वर्गको महामारीवाट भएको क्षतिको मूल्यांकन भएको हुनेछ, महिला तथा लक्षित वर्ग विरुद्धको विभेद तथा हिंसामा ३० प्रतिशतले कमी आएको हुनेछ, महिला तथा अपाङ्गतामैत्री क्वारेन्टाइन तथा आइसोलेसन केन्द्र गाउँपालिकामा स्थापित भएको हुनेछ, मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा महिला तथा वञ्चितीकरणमा परेका व्यक्तिहरूको ५० प्रतिशत प्रतिनिधित्व भएको हुनेछ, महिला तथा अपाङ्गता भएकाहरूलाई आवश्यक राहत, स्वास्थ्य तथा सहायक सहयोग सामग्री वितरण भएको हुनेछ ।

### ११.२.३ युवा तथा खेलकुद क्षेत्र पुनर्स्थापना योजना

### ११.२.३.१ पृष्ठभूमि

युवा शक्ति देशको भविष्य अनि विकासका सर्जक हुन् । खेलकुद र युवा एक अर्काका पर्यावाची हुन किनकि खेल युवाको शारीरिक र आर्थिक उन्नतिको लागि महत्वपुर्ण आयाम हो । शारीरिक सुगठन मानसिक विकासको प्रारव्ध हो ।कोभिड १९ को महामारीले सवै क्षेत्रमा जस्तै युवा क्षेत्रमा पनि प्रभाव पारेको छ । युवाका हरेक क्रियाकलापहरू जस्तै शिक्षा, रोजगारी, खेलकुद, मनोरञ्जन आदि सवै विगत २ वर्षदेखि ठप्प पारेको छ । उनीहरूको कार्यस्थल जोखिमयुक्त हुने भएकोले रोजगारीमा जोखिम बढेको देखिन्छ ।

खेलकुदको विकास गरी नगरपालिकामा युवाको सशक्त भविष्य निर्माणमा सयोग पुग्ने भएकाले युवाको मनोवल उच्च राख्न र राष्ट्रिय गौरव र गरिमाको संरक्षण गर्न खेलकुदलाई व्यावसायिक ढंगले विकास गर्दै लगेमा रोजगारको सृजना भई दिगो विकासका लक्ष्य हासिल गर्न सहज हुनसक्छ । खेलकुदको विकाससँग युवाको जीवन जोडिएको हुन्छ । कोभिड १९ का कारण खेलकुदका सवै आयामहरू बन्द भएको अवस्थाले गर्दा युवाको सर्वाङ्गीण विकासमा अवरोध उत्पन्न गरेको छ ।

### ११.२.३.२ विद्यमान अवस्था

कोभिड १९ का कारण युवाहरूले देशमा रोजगार गुमाएको गम्भीर अवस्था छ । देशमा रोजगारीको अभाव र व्यवसाय गर्ने वातावरणको कमीले गर्दा धेरै युवा शक्ति विदेश पलायन हुने गरेको नेपालको सन्दर्भमा विगत २ वर्षयता कोभिडको महामारीले युवाहरूले देशमा मात्र नभई विदेशमा समेत रोजगारी जोखिममा परेको छ । अधिकांश युवाको रोजगारी गुमेको तथा कैयौंको पारिश्रमिकमा कमि भएकोले गर्दा आर्थिक संकटको विषम परिस्थितिमा आज युवा वर्ग रहेका छन् ।

### ११.२.३.३ प्रमुख समस्या

युवा वर्गको स्वदेशको र विदेशको रोजगारी गुमेको, आर्थिक संकट पर्नु, युवा हतोत्साह र मानसिक तनावका कारण मनोसामाजिक स्वास्थ्य समस्यावाट ग्रसित हुनु, कोभीड.१९ सम्वन्धी सूचनाको पहुँचमा कमी, युवा वर्गमा कोभिड संक्रमणको त्रास बढनु, शिक्षा ग्रहणमा बाधा, इन्टरनेट सुविधामा सवै युवाहरूको पहुँचमा कमी, सरकारी सुविधा एवं सरल कर्जाको वारेमा युवाशक्तिलाई जानकारी नहुनु, खेलकुदको क्षेत्रमा कोभिड १९ को प्रभाव न्यूनीकरणका लागि सचेतना कार्यक्रमको कमी, कोभिड १९ का कारण खेलकुद प्रशिक्षणको कमी हुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ११.२.३.४ अवसर र चुनौती

**(क) अवसर**

विदेशमा भएका युवा स्वदेश फिर्ता भई रोजगार बढ्ने, स्थानीय तहमा स्वास्थ्य चौकीको व्यवस्थापन तथा निर्माण, युवा परिचालन नगरपालिकाको प्राथमिकतामा रहनु, युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु, खेलकुदस्थल निर्माण तथा व्यवस्थापन गर्न समयमै पाउनु, युवा स्वरोजगारको लागि सरल ऋण प्रवाहको सम्भावना, खेलकुदको प्रशिक्षण र स्व–अभ्यासको लागि सम्भावना आदि प्रमुख अवसरका रूपमा रहेका छन् ।

**(ख) चुनौती**

विदेशमा भएका युवा स्वदेश फिर्ता, रोजगार र स्वरोजगारीमा बृद्धि गर्नु, युवामा कोभिड १९ को प्रभावकारिताको वारेमा सचेतना, महिला तथा अपाङ्गता भएका युवामा उद्यमशीलता विकास गर्नु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, युवाहरूलाई खेलकुदप्रति प्रोत्साहित गराउनु, सरकारी व्यवस्थाहरू जस्तै सरल कर्जा, कोभिड १९ को खोप, उपचार खर्च, कोभीड १९ को बिमा जस्ता कुराहरूको सूचना प्रवाह गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ११.२.३.५ लक्ष्य

युवा शक्तिमा कोभिड १९ को प्रभाव न्यूनीकरण भएको हुने ।

### ११.२.३.६ उद्देश्य

युवा रोजगारीको अवसरमा अभिवृद्धि गर्दै खेलकुदमा युवाको संलग्नता बढाउनु ।

### ११.२.३.७ रणनीति

१. युवाहरूको स्वरोजगार तथा व्यवसायमा सहभागिता विकास गरी रोजगारी बढाउने
२. कोभिड १९ को प्रभाव न्यूनीकरण गर्दै खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने

### ११.२.३.८ कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवाहरूको स्वरोजगार तथा व्यवसायमा सहभागिता विकास गरी रोजगारी बढाउने | १. युवाहरूलाई अनलाइन व्यवसायिक तालिमको अवसर प्रदान गरिनेछ ।<br>२. युवाहरूलाई व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तिय सस्थाहरूसँग सहजीकरण गरिनेछ ।<br>३. युवाहरूलाई जीवनोपयोगी तथा प्राविधिक शिक्षा र सिपमूलक तालिम प्रदान गरिनेछ ।<br>४. निजी क्षेत्र, गैसस र विकास साझेदारहरूसँग समन्वय गरि युवा रोजगारीलाई प्रवर्द्धन गरिनेछ ।<br>५. युवालाई स्वरोजगारमूलक कार्यमा सहुलियत लगानी र व्याजमा अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ । |
| २. कोभिड १९ को प्रभाव न्यूनीकरण गर्दै खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने | १. कोभिडको, संक्रमण, नियन्त्रण तथा निगरानीको लागि तालिम आयोजना गरिनेछ ।<br>२. कोभीड संक्रमण व्यवस्थापनका लागि युवा परिचालन गरिनेछ ।<br>३. विद्यालय र नगरपालिकाको तहमा बहुउद्देश्यीय खेलकुदस्थल निर्माण गर्न पहल गरिनेछ ।<br>४. अन्तर विद्यालयस्तरीय, पालिका स्तरीय खेलकुदको लागि अनलाइन अभ्यास कार्यको आयोजना गरिनेछ ।<br>५. वडास्तरीय खेल मैदान र नगरपालिकाको उपयुक्त स्थामा कभर्डहलको व्यवस्था गरिनेछ । |

### ११.२.३.९ प्रमुख कार्यक्रम

- विद्यार्थीलाई टिभी, रेडियो र इन्टरनेटमा आधारित शिक्षा प्रदान
- कोभिड संक्रमण सम्बन्धी तालिम
- युवा तथा खेलकुद सम्बन्धी अनलाई कार्यक्रम संचालन
- युवालाई जीविकोपार्जन तथा प्राविधिक शिक्षा र सीपमूलक तालिम
- विकासको प्रक्रियामा युवा परिचालन
- खेलकुदको सम्भाव्य क्षेत्र पहिचान
- खेलकुद स्थल र कभर्डहलको निर्माण
- व्यावसायिक खेलकुद क्लब निर्माण

### ११.२.३.१० अपेक्षित उपलब्धि

युवाहरूको कोभिड सम्बन्धी जानकारी अभिवृद्धि भएको हुने, विकासका विभिन्न क्षेत्रमा युवाहरूको संलग्नता बढेको हुने, कोभिडको संक्रमणले गर्दा भएको बन्दको समयमा आवश्यक परेका वर्ग र समुदायमा राहत सामाग्री वितरणमा युवाहरू परिचालन भएको हुने, व्यावसायिक खेलकुद सम्बन्धी तालिम भएको हुने, नगरपालिका स्तरीय खेलकुद मैदान, कभर्डहल निमार्ण भएको हुने, युवा खेलकुद सम्बन्धी स्थानीय नीति निर्माण भएको हुनेछ ।

### ११.२.४ स्वास्थ्य क्षेत्रको पुनरुत्थान योजना

### ११.२.४.१ पृष्ठभूमि

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको असरबाट नेपाल पनि अछुतो रहेन। कोभिड-१९को कारण सबै क्षेत्रमा बहुआयामिक असर पर्न गएको छ। यसमध्ये सबैभन्दा बढी उद्योग, व्यापार व्यवसाय, पर्यटन, यातायात, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण व्यवस्थापन लगायत सेवा सुविधा पहुँच र हस्तान्तरणमा प्रत्यक्ष्य असर पर्न गएको छ। यसका साथै देशभरिमा करिव ११ हजार जनाले ज्यान गुमाएका छन् भने सम्पूर्ण नागरिकले मनोवैज्ञानिक, आर्थिक, सामाजिक र सांस्कृतिक पीडा महशुस गर्नु परिरहेको छ। कोभिड-१९ को कारण नेपालबाट वैदेशिक रोजगारीमा गएका लाखौं नेपाली देश फर्किने र धेरैको रोजगारी गुम्ने अनुमान गरिएको छ। देशको कुल गार्हस्थ उत्पादनमा आएको गिरावट, आन्तरिक एवम् वैदेशिक रोजगारीमा आएको न्यूनता, राजश्व संकलनमा कमी, विप्रेषण घटेका कारण उपभोग खर्चमा घटना गई दैनिक जीवन यापनमा आइपर्ने समस्या जस्ता प्रत्यक्ष असर र गरिवी बढ्ने तथा दिगो विकास लक्ष्य प्राप्तिमा हुने ढिलाइ जस्ता अप्रत्यक्ष असर देखिएका छन्। यस नगरपालिकामा पनि कोभिडको असरबाट अछुतो रहन सकेन।

### ११.२.४.२ वस्तुगत अवस्था

कोभिड नियन्त्रण गर्न गरिएको बन्दाबन्दीको कारण यस नगरपालिकामा पनि आवागमन पूर्ण बन्द भएकाले कृषि उत्पादन बेचबिखन र खाद्यान्न लगायत अति आवश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान व्यहोर्नु पऱ्यो । त्यस्तै निर्माणाधीन भौतिक तथा सामाजिक पूर्वाधारहरू समयमा सम्पन्न हुन नसकेकाले एकातर्फ आन्तरिक स्रोतको रकम खर्च हुन सकेन भने बाह्य कार्यक्रमहरूको बजेट समेत फ्रिज गर्नुपऱ्यो । जसले रोजगारीमा पनि प्रत्यक्ष असर पार्यो विशेष गरी विपन्न बर्ग बढी प्रभावित भयो। अपेक्षित आन्तरिक राजस्व समेत असुल हुन सकेन। विद्यालयहरूको पठनपाठन लामो समय बन्द रहन गएकाले विद्यार्थीहरूको शिक्षा प्राप्तिका हवसरका साथै मनोविज्ञानमा समेत असर पर्न गयो। । भरपर्दो इन्टरनेट सेवा नभएको कारण समग्र शिक्षामा असर पर्नुका साथै विपन्न वर्गका बालबालिकाहरूको सुविधामा पहुँच नभएका कारण अझ बढी शिक्षा प्राप्तिबाट वञ्चित हुनुपऱ्यो ।

स्वास्थ्य सेवा प्रणाली कोभिड-१९ बाट धेरै नै प्रभावित हुन पुग्यो, जनसंख्याको अनुपातमा स्वास्थ्यकर्मीहरूको कमीको सामना गर्दै आएकोमा कोभिड १९ को महामारी विरुद्ध लड्न स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको ठूलो संख्यामा आवश्यकता महशूस भयो। नगरपालिकामा प्रयोगशाला, उपकरण र एम्बुलेन्स समेतको अभाव भएका कारण नागरिकहरूले स्वास्थ्य उपचारका लागि जिल्लाको सदरमुकाम

सम्म धाउनुपर्ने बाध्यता रह्यो। नियमित र अनिवार्य लगाउनुपर्ने खोप कार्यक्रम समयमा संचालन हुन सकेन। गाउँघर क्लिनिक जस्ता कार्यक्रमहरू सुचारु हुन सकेनन्। हाल सम्म यहाँको स्वास्थ्य केन्द्रमा कोभिडको छुट्टै शय्या व्यवस्था हुन सकेको छैन।कोभिड १९को कारण २ जनाको ज्यान समेत गुमाउनु परयो ।। कोभिड संक्रमण नियन्त्रण गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रयोग गरिएको थियो।

कोभिड व्यवस्थापनमा खर्च गर्नु परेको कारण तत्काल स्रोत अभाव हुन गएको । वैदेशिक रोजगारीबाट फर्किनेको संख्यामा वृद्धि भई आन्तरिक बेरोजगारी वृद्धि भएको, कृषि उपजले बजार नपाएका कारण कृषकहरूमा कृषिप्रतिको उत्साह कम भएको तर कोभिडको कारण वैदेशिक रोजगारीबाट फर्की आएका व्यक्तिहरू समूह बनाई व्यवसायिक कृषि पेशामा संलग्न भएको पाइएको छ। ।

### ११.२.४.३ प्रमुख समस्या

क्षतिको तथ्यांक उपलब्ध नहुनु, प्रभावकारी पुनारोत्थान कार्यक्रम संचालन गर्न आन्तरिक स्रोतको अभाव हुनु, पुनरुत्थान कार्यक्रमको लागि जिम्मेवार शाखा वा इकाई नहुनु, कार्यक्रम संचालन गर्ने क्षमता कम हुनु, स्वास्थ्य क्षेत्रमा कोभिड १९ ले पारेको प्रतिकूल असरको सर्वेक्षण नहुनु, आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी अनुसार पदपूर्ति हुन् नसकि पर्याप्त मात्रामा स्वास्थ्य संस्थामा जनशक्तिको कमी हुनु, ल्याबको व्यवस्था नहुनु, बढ्दो कार्यबोझ अनुसारको स्वास्थ्य संरचना नहुनु, कोभिड १९ को व्यवस्थापनका लागि आवश्यक तालिमहरू संचालन नहुनु, १५ शय्या अस्पताल स्वास्थ्य केन्द्रको निर्माण कार्य प्रभावित हुनु, कार्यक्रमका प्रमुख समस्या देखिएका छन् ।

### ११.२.४.४ अवसर र चुनौती

#### क) अवसर

स्वास्थ्य क्षेत्रको, उपकरण, प्रयोगशाला र स्वास्थ्य सामग्री खरिद गर्न थप बजेट वृद्धि हुनु, हालको स्वास्थ्य केन्द्र १५ शय्याको अस्पतालमा स्तरोन्नति हुनु, स्वास्थ्य केन्द्र सुदृढ गर्ने योजना बन्नु, कोभिडको खोप कार्यक्रम स्थानीय वडा र स्वास्थ संस्थामार्फत नै उपलब्ध हुन सक्नु, स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नु, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, नगरपालिका लगयत सबै विद्यालय, स्वास्थ संस्थामा इन्टरनेट सुविधा उपल्ब्ध गराउने नेपाल सरकारको नीति हुनु, सुहारा, केयर नेपाल, वन हर्ड नेपाल जस्ता गैर सरकारी संस्थाहरू सक्रिय हुनु, हात धुने, मास्क लगाउने बानीको विकासको कारणले अन्य सरुवा रोगको संक्रमण कम हुनु, आर्थिक पुनरुत्थान सरकार तथा विकास साझेदारको प्राथमिकतामा पर्नु, पूर्णिमा कार्यक्रममार्फत सहयोग प्राप्त हुनु, निजी क्षेत्र आर्थिक पुनरुत्थानमा सहकार्य गर्न तयार हुनु, वैदेशिक रोजगारीबाट सीप लिएर फर्किएका युबाहरू व्यवस्थित आर्थिक क्रियाकलापमा संलग्न हुन उत्साहित हुनु आदि यस क्षेत्रका अवसरको रूपमा रहेका छन् ।

#### ख) चुनौती

पालिकाको सीमित स्रोत र क्षमताको बाबजुद प्रभावकारी आर्थिक पुनरुत्थान कार्यक्रम संचालन गर्नु, पालिकामा विभिन्न क्षेत्रमा महामारीका कारण भएको आर्थिक क्षतिको तथ्यांक व्यवस्थित गर्नु र सम्भावित क्षति आकलन गर्नु, बेरोजगार र अन्य आर्थिक क्षति ब्यहोरेकालाई उत्थानको कार्यक्रममा समेटी आर्थिक पुनरुत्थान गर्नु, कोभिड १९ ले असर पारेका कार्यक्रम र निर्माण कार्यहरूलाई पुन संचालनमा ल्याउनु र क्षतिको सर्वेक्षण गर्नु, नगरपालिका अन्तर्गत मापदण्ड अनुसार सबै नागरिकलाई सम्पूर्ण कोभिड विरुद्धको

खोप ऊपलब्ध हुनु, विभिन्न स्रोतहरूबाट प्राप्त विभिन्न सहयोगको सही उपयोग गर्नु, भविष्यमा हुन सक्ने कोभिडको नयाँ भेरियन्टलाई नियन्त्रण गर्नु, पर्याप्त स्वास्थ्य जनशक्ति आपूर्ति, भौतिक पूर्वाधार, उपकरण तथा ल्याब सुविधा उपलब्ध हुनु, सबै संस्थामा इन्टरनेट जडान हुनु आदिलाई मुख्य चुनौतीको रूपमा लिन सकिन्छ ।

### ११.२.४.५ लक्ष्य

आर्थिक पुनरुत्थान सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना कार्यान्वयनमा आई नागरिक लाभान्वित भएका हुने।

### ११.२.४.६ उद्देश्य

पुनारोत्थान योजना बनाई कार्यान्वयन गर्नु।

### ११.२.४.७ रणनीति

१. संघ, प्रदेश सरकार र गैर सरकारी संस्थासँग समन्वय र सहकार्य गरी आर्थिक पुनारोत्थान योजना तर्जुमा र कार्यान्वयन गर्ने।
२. संघ, प्रदेश र स्थानीय सरोकारवालाहरूसँगको सहकार्यमा कोभिड संक्रमण व्यवस्थापन गर्ने
३. महामारी व्यवस्थापन गर्न सक्ने क्षमता विकास गर्ने ।

### ११.२.४.८ रणनीति र कार्यनीति

| **रणनीति** | कार्यनीति |
|---|---|
| १. संघ, प्रदेश सरकार र गैर सरकारी संस्थासँग समन्वय र सहकार्य गरी आर्थिक पुनरुत्थान योजना तर्जुमा र कार्यान्वयन गर्ने। | १. संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी महामारीबाट परेको असरको तथ्यांक संकन र अध्यावधिक गरी क्षति असरको समीक्षा गरिनेछ।<br>२. महामारीबाट प्रभावित क्षेत्र, संस्था र व्यक्ति पुनरुत्थान गर्न कार्ययोजना बनाई कार्यान्वयनका लागि आवश्यक जिम्मेवारी तोकिनेछ।<br>३. महामारीबाट पीडित बालबालिका, महिला, जेष्ठ नागरिक र पिछडिएका समुदायको उत्थानमा बिशेष ध्यान दिइनेछ।<br>४. स्थानीयस्तरमा पुनरुत्थान कार्यक्रम संचालन गर्न पुनरुत्थान कोष स्थापना र संचालन गरिनेछ।<br>५. वित्तीय र सहकारी संस्थाबाट कोभिड प्रभावित व्यक्ति, संस्थालाई नेपाल सरकारको नीति बमोजिम सस्तो दरमा ऋणको सुविधा उपलब्ध गराउन सहजीकरण गरिनेछ।<br>६. यस्तो व्यवसायिक कार्यका लागि रकम अपुग भएमा पुनरुत्थान कोषबाट वित्तीय संस्थालाई अनुदान दिइनेछ। |

| | |
|---|---|
| | ७. महामारीको समयमा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजहरूको नियमित बजार पहुँचका लागि प्रदेश सरकार, अन्य स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी आपूर्ति शृंखलामा सहजीकरण गरिनेछ।<br>८. वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गुमाएकाहरूलाई सीप र उद्यमशीलता विकास गर्न अभिप्रेरित गरी आर्थिक पुनरुत्थान कोषबाट आवश्यक शुरुवाती पुँजी उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>९. स्थानीय पूर्वाधार विकास लगायत अन्य काममा सके सम्म ठूला मेशिनको प्रयोगलाई दरुत्साहित गरी श्रममा आधारित प्रविधिको प्रयोग गर्ने नीति लिई स्थानीयस्तरमा अधिकतम रोजगारी सिर्जना गरिनेछ।<br>१०. महामारीका कारण रोकिएका विकास निर्माणका कार्यहरू यथाशीघ्र संचालन गरी सम्पन्न गर्न सहजीकरण गरिनेछ।<br>११. पुनरुत्थान ढाँचा तयार गरी लागू गरिनेछ।<br>१२. संचालित कार्यक्रमको नियमित समीक्षाका समयमा नै कमी कमजोरी हटाउनुका साथै नियमन समेत गरिनेछ । |

| | |
|---|---|
| २. संघ, प्रदेश र स्थानीय सरोकारवालाहरू संगको समन्वयमा कोभिडको संक्रमण व्यवस्थापन गर्ने | १. कोभिड संक्रमणलाई कम गर्न सरोकारवालाहरूसँगको सहकार्यमा जनचेतनाका साथै WASh जस्ता कार्यक्रमहरू व्यापकरूपमा संचालन गरिनेछ ।<br>२. क्वारेन्टाइन तथा आइसोलेसन बनाउनमा सकृय संस्थाहरूसँग समन्वय गरिनेछ<br>३. कोभिड संक्रमितको उपचारका लागि अस्पतालमा सुविधायुक्त आवश्यक छुट्टै शय्याको व्यवस्था गरिनेछ ।<br>४. रिफरल व्यवस्था अन्तर्गत एम्बुलेन्सको व्यवस्था गरिनेछ ।<br>५. नगरपालिकालाई कोभिड विरुद्ध पुर्ण खोप पालिका बनाइनेछ ।<br>६. संक्रमणका बेलामा अति आवस्यक सामग्रीको सूची तयार गरी नगरपालिकामा आपूर्तिको व्यवस्था मिलाइनेछ । |
| ३. महामारी व्यवस्थापन गर्न सक्ने क्षमता विकास गर्ने | १. नगरपालिका अन्तर्गतका वर्तमान स्वास्थ्य संस्थाको दरबन्दीको समीक्षा गर्न र भावी संगठन संरचनाका लागि द्रुत संगठन व्यवस्थापन अध्ययन गरिनेछ ।<br>२. अध्ययनबाट प्राप्त सुझाव अनुसार नयाँ संगठन संरचना तयार गरिने छ र आवस्यक पदपूर्ति गरिनेछ ।<br>३. साबिकमा भएका र नयाँ भर्ना भएका जनशक्तिलाई आवश्यकतानुसार तालिमको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ४. संघ र प्रदेश सरकारसँग समन्वय गरी आवस्यक उपकरण, औषधी, प्रयोगशाला र तालिम प्राप्त जनशक्ति आपूर्तिको व्यवस्था गरिनेछ ।<br>५. नगरपालिका लगायतका सबै विद्यालय, स्वास्थ संस्थामा भरपर्दो इन्टरनेट सुविधा विस्तार गर्न सहजीकरण गरिनेछ।<br>६. आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी लागू गरिनेछ । |

### ११.२.४.९ प्रमुख कार्यक्रमहरू

**स्थानीय तहले गरिने**

१. महामारीबाट भएको आर्थिक क्षति मूल्यांकन कार्यक्रम
२. आर्थिक पुनरुत्थान कार्ययोजना निर्माण
३. आर्थिक पुनारोत्थान कोष संचालन
४. बेरोजगार जनशक्ति व्यवस्थापन
५. भौतिक पूर्वाधार निर्माण र उपकरण व्यवस्थापन
६. पुनरुत्थान ढाँचा निर्माण
७. अन्तरतह र निकाय समन्वय
८. आपूर्ति व्यवस्थापन

**प्रदेशसँगको सहकार्यमा गरिने**

१. क्वारेन्टाइन र आइसोलेशन केन्द्र व्यवस्थापन
२. औषधी, उपकरण आपुर्ति, प्रयोगशाला स्थापना र व्यवस्थापन
३. क्षमता विकास
४. थप स्रोत परिचालन

**संघीय सरकारसँगको सहकार्य र समन्वय**

१. भौतिक पूर्वाधार, औषधी, उपकरण आपूर्ति, प्रयोगशाला स्थापना र व्यवस्थापन
२. क्षमता विकास
३. थप जनशक्ति र स्रोत परिचालन

### ११.२.४.१० अपेक्षित उपलब्धि

महामारीबाट भएको क्षति मूल्यांकन भएको हुने, पुनरुत्थान कार्य योजना तयार भएको हुने, नगरपालिकामा पुनरुत्थान कोष संचालन भई महामारी प्रभावितहरूलाई वित्तीय सहुलियत उपलब्ध भएको हुने, महामारीका कारण पीडित समुदायको जीवनयापन सहज भएको हुने। १५ शय्याको अस्पताल तयार भई सुचारु भएको हनेछ। थप स्वास्थ्यकर्मीबाट पदपूर्ति भई सेवा सुचारु हुनेछ।

# खण्ड - तीन

# मध्यमकालीन खर्च संरचना

# परिच्छेद- १२
# मध्यमकालीन खर्च संरचना

## १२.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ। मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गरिन्छ । तीन वर्षमा प्राप्त हुने प्रतिफलको अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिन्छ । यस नगरपालिकामा वहुबर्षिय योजनाको रूपमा कुनै पनि योजना संचालनमा नआएकोले आयोजनागत रूपमा त्रि-वर्षीय बजेट प्रक्षेपण गरिएको छैन। वार्षिक कार्यक्रममा उल्लेख गरिएका सवै आयोजना पहिलो प्राथमिकताकै भएकोले कार्यक्रमको प्राथमिकता यहाँ उल्लेख गरिएको छैन।

## १२.२ अवधारणा तथा उद्देश्य

यो सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो।यसले स्रोत साधनको यथार्थमूलक आंकलन गर्ने र त्यसको आदर्शतम उपयोगका लागि प्राथमिकता निर्धारण गरी मध्यमकालीन (त्रिवर्षीय) प्रक्षेपण गर्दछ।यस अन्तर्गत समष्टिगत बजेट तथा नतिजा खाका तयार गरिन्छ। यो चक्रिय हिसावले प्रत्येक वर्ष तयार गरिन्छ।यसमा पहिलो वर्षको वास्तविक खर्च र स्रोतको अनुमान गरिएको छ भने आगामी दुई वर्षको लागि प्रक्षेपण गरिएको छ।चालु वर्षको कार्यान्वयन समीक्षाका आधारमा आगामी २ वर्षको परिमार्जन गर्दै एक वर्ष थप्दै लगिनेछ।यसका उद्देश्य निम्नानुसार छन् :

- क) आवधिक योजना र वार्षिक कार्यक्रमवीच अन्तरसम्बन्ध स्थापित गर्दै विनियोजन कुशलता कायम गर्नु।
- ख) योजनाको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त योजनामा स्रोत सुनिश्चित गर्नु।
- ग) स्थानीय तहलाई प्राप्त हुने आन्तरिक तथा बाह्य स्रोतको वस्तुनिष्ठ अनुमान गरी बजेट खाका तयार गर्नु ।
